# शैक्षिक सूचना २०८०




नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

योजना तथा अनुगमन महाशाखा

तथ्याङ्क, नीति तथा अनुसन्धान शाखा

सिंहदरबार, काठमाडौँ

# शैक्षिक सूचना,

## २०८०

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
योजना तथा अनुगमन महाशाखा
तथ्याङ्क, नीति तथा अनुसन्धान शाखा
सिंहदरबार, काठमाडौं

**शैक्षिक सूचना, २०८०**

| | | |
|---|---|---|
| प्रकाशक | : | श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>योजना तथा अनुगमन महाशाखा<br>तथ्याङ्क, नीति तथा अनुसन्धान शाखा<br>सिंहदरबार, काठमाडौं । |
| फोन नम्बर | : | ०१-४२११९८३ |
| मुद्रण गरिएको प्रति | : | |
| प्रतिलिपि अधिकार | : | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार, काठमाडौंमा सुरक्षित रहनेछ । |
| प्रकाशित मिति | : | २०८१ जेठ |

**श्री सुमना श्रेष्ठ**
मानवीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

**Mrs. Sumana Shrestha**
Hon'ble Minister
Ministry of Education, Science and Technology
Singhadurbar, Kathmandu, Nepal

पत्र संख्या/Let.No.:
चलानी नं./Ref. No.:

मिति: २०८१।०१।३१

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# शुभकामना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षासम्बन्धी संवैधानिक, नीतिगत, संरचनागत व्यवस्था तथा कार्यक्रमहरू र तथ्याङ्कहरू समेटिएको वार्षिक प्रकाशन 'शैक्षिक सूचना २०८०' प्रकाशन हुन लागेकोमा खुशी छु।

पारदर्शिता सुशासनको लागि मूलमन्त्र हो। आर्थिक मात्र हैन नीतिगत र संरचनागत पारदर्शिता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। मन्त्रालय तथा अन्तर्गतका विभिन्न निकाय र संस्थाको नीतिगत र संरचनागत विवरणसहित तिनका कार्यक्रम र तथ्याङ्कहरू सार्वजनिक हुनु सुखद पक्ष हो। हाम्रा हरेक नीति, कार्यक्रम र योजना तथ्याङ्का आधारमा बन्नुपर्छ। मन्त्रालयले हाल शैक्षिक क्षेत्रको नीति, योजना तथा कार्यक्रम बनाउँदा चाहिने तथ्याङ्को लागि शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा भर पर्ने गरेको छ। यसलाई पहुँचयोग्य, सरल र थप व्यवस्थित गर्नुपर्ने महसुस गरेकी छु। शिक्षक, अभिभावक, विद्यार्थी, अनुसन्धानकर्ता र सरोकारवाला सबैलाई चाहिने सूचना र तथ्याङ्क वेवसाइट र पोर्टलहरूमा सहजै राख्ने प्रक्रियामा हामी अगाडी बढिसकेका छौं।

यस प्रकाशनले शैक्षिक खोज तथा अनुसन्धान र शिक्षा क्षेत्रका सेवाग्राही एवम् जिज्ञासुहरूलाई महत्त्वपूर्ण सूचना तथा जानकारी उपलब्ध गराउनेछ भन्ने मेरो विश्वास छ। तपाईंहरूलाई यो प्रकाशन कति लाभदायी भयो, यसमा के सुधार गर्न सकिन्छ भनेर सुझाव पनि दिनुहोला। यो प्रकाशनको लागि कार्यरत योजना तथा अनुगमन महाशाखा अन्तर्गत तथ्याङ्क, नीति तथा अनुसन्धान शाखावाट सूचना सङ्कलन, सम्पादन र प्रकाशनमा संलग्न सबैलाई धन्यवाद व्यक्त गर्दै शिक्षा क्षेत्र र यस मन्त्रालयका गतिविधिमा सरोकार राख्ने सबैमा यस प्रकाशनले पारदर्शिता र सूचनामा सर्वसुलभ पहुँच पुन्याउन सफलता प्राप्त गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

(सुमना श्रेष्ठ)
मन्त्री

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-

चलानी नं.:-

सिंहदरबार,

काठमाडौँ, नेपाल ।

## विषय : शुभकामना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विगत वर्षहरूदेखि नै प्रत्येक वर्ष प्रकाशन गर्दै आएको शैक्षिक तथ्याङ्क, विवरण र नीतिगत तथा कार्यक्रमगत व्यवस्थाहरु समेटी शैक्षिक सूचना २०८० यस वर्ष पनि प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ।

यस प्रकाशनमा मन्त्रालय लगायत विभिन्न निकायहरुको उद्देश्य, सांगठनिक संरचना, कार्यक्रम तथा सान्दर्भिक तथ्याङ्कहरू लगायत शिक्षासम्बन्धी संवैधानिक, नीतिगत र संरचनागत व्यवस्था तथा कार्यक्रमहरू समावेश गरिएको छ।

संघ,प्रदेश र स्थानीयतहले शिक्षा क्षेत्रका विभिन्न योजना निर्माण, श्रोतहरुको पारदर्शी र न्यायोचित वितरण तथा लक्षित वर्गकालागि संचालन हुने विषेश कार्यक्रमहरुको प्रभावकारिता अभिबृद्दि गर्न विश्वासनीय र अध्यावधिक शैक्षिक तथ्याङ्क तथा सूचनाको अत्यन्त महत्वपर्ण भूमिका रहन्छ। शैक्षिक तथ्याङ्क तथा सूचनाको यस गहनतालाइ मध्यनजर गर्दै आगामि दिनमा सवै शैक्षिक संस्थाहरुले आफ्ना सूचना र गतिविधिहरुलाइ थप व्यवस्थित,पँहुचयोग्य र प्रविधिमैत्री वनाउन समेत जरुरी देखिन्छ।

शिक्षा मन्त्रालय अन्तरगत केन्द्रीय कार्यालयहरु लगायतका शिक्षासँग सम्वन्धित निकायहरुले आफ्नै शैक्षिक सूचना व्यवस्थापन प्रणालीबाट शैक्षिक तथ्याङ्क संकलन तथा प्रशोधन गरी प्रकाशन गर्दै आएका पनि छन्। सबै निकायका महत्वपूर्ण शैक्षिक गतिविधिहरु, सूचना र तथ्याङ्कहरुलाइ एकिकृतगरी शैक्षिक सूचना २०८० मा समावेश गरिएकाले सवै सरोकारवालाहरुलाइ शैक्षिक सूचना प्राप्तगर्न सहजहुने देखिन्छ।

मन्त्रालयवाट प्रकाशित यस पुस्तिकालाई अध्ययन गर्ने सबै पाठकहरूले आ–आफ्ना रचनात्मक, सिर्जनशील सुझाव एवं पृष्ठपोषण उपलब्ध गराउनु हुने छ भन्ने अपेक्षा लिएको छु। यसरी प्राप्त हुने सुझाव तथा पृष्ठपोषणले समग्र शिक्षा तथा विज्ञान प्रविधिको क्षेत्रमा सुधार गर्न र प्रकाशनमा रहेका कमी कमजोरीहरूलाई सुधार गर्दै आगामी दिनमा थप गुणस्तरीय र अझै उपयोगी बनाउन सकिन्छ भन्ने मलाई लागेको छ।

अन्तमा, पुस्तिका प्रकाशनको लागि आवश्यक सूचना तथा विवरण उपलब्ध गराउनु हुने सबै निकाय तथा पुस्तिका प्रकाशनमा महत्वपूर्ण योगदान पुर्याउने सम्पादन समितिका सदस्यहरू लगायत संलग्न सबैलाई हार्दिक धन्यवाद दिंदै यस पुस्तिकाको प्रभावकारी उपयोगको अपेक्षा सहित शुभकामना व्यक्त गर्दछु।

**मितिः २०८१ वैशाख**

**डा. दिपक काफ्ले**
**सचिव (शिक्षा)**

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## विषय : शुभकामना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विगत वर्षहरूदेखि नै प्रत्येक वर्ष प्रकाशन गर्दै आएको शैक्षिक सूचना २०७९ यस वर्ष पनि प्रकाशनहुन लागेकोमा मलाई खुशी लागेको छ ।

यस प्रकाशनमा मन्त्रालय सम्वद्ध एवम् अन्तर्गतका विभिन्न संस्थाको उद्देश्य, सांगठनिक संरचना, कार्यक्रम तथा सान्दर्भिक तथ्याङ्कहरू लगायत शिक्षासम्बन्धी संवैधानिक, नीतिगत र संरचनागत व्यवस्था तथा कार्यक्रमहरू उल्लेख गरिएको छ । नेपालको संविधानको मार्गदर्शन, परिवर्तित सङ्घीय संरचनाको आवश्यकता र नीतिगत प्राथमिकता अनुकूल विद्यालय शिक्षाको विकासलाई दिशानिर्देश गर्न नयाँ शिक्षा योजनाको औचित्यता तथा वर्तमान शैक्षिक नीति तथा कार्यक्रमले समेत समता, गुणस्तर, सक्षमता, सुशासन, व्यवस्थापन र उत्थानशीलता जस्ता आयामहरूमा जोड दिएको हुँदा यी र यस्तै विषयवस्तुलाइ यस पुस्तिकाले सारांशमा समेट्ने प्रयास गरेको छ । समग्र शिक्षा क्षेत्र र मन्त्रालयका गतिविधिमा सरोकार राख्ने सबैका लागि यो प्रकाशन उपयोगी हुने विश्वास मैले लिएको छु ।

शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) नीति तथा योजना निर्माणको आधारशीला हो । यसैमा आधारित भई यस मन्त्रालयले समग्र शैक्षिक क्षेत्रको योजना, नीति, कार्यक्रम बनाउँदै आएको छ । मन्त्रालयवाट प्रकाशित यस पुस्तिकालाई अध्ययन गर्ने सबै पाठकहरूले आ–आफ्ना रचनात्मक, सिर्जनशील सुझावहरू उपलब्ध गराउनुहुने छ भन्ने अपेक्षा लिएको छु । यसरी प्राप्त हुने सुझाव तथा पृष्ठपोषणले समग्र शिक्षा क्षेत्रमा क्रमिक सुधार गर्न र प्रकाशनमा रहेका कमी कमजोरीहरूलाई सुधार गर्दै आगामी दिनमा थप गुणस्तरीय र अझै उपयोगी बनाउन सकिन्छ भन्ने मलाई लागेको छ ।

अन्तमा,शैक्षिक सूचना २०८० प्रकाशनको लागि निकायगत शैक्षिक सूचना तथा विवरण उपलब्ध गराउनुहुने तथा पुस्तिका सम्पादन समितिमा रहि महत्वपूर्ण योगदान पुर्याउनुहुने सम्वन्धित सबैलाई हार्दिक धन्यवाद दिंदै यस पुस्तिकाको प्रभावकारी उपयोगको लागि शुभकामना व्यक्त गर्दछु ।

**मितिः २०८१ वैशाख**

**विश्वबाबु पुडासैनी**
**सचिव (विज्ञान प्रविधि)**

## सम्पादन समिति

| | |
|---|---|
| सयोजक | श्री इमनारायण श्रेष्ठ, सहसचिव, योजना तथा अनुगमन महाशाखा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| सदस्य | श्री प्रकाश सापकोटा, उपसचिव, कार्यक्रम तथा बजेट शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| सदस्य | श्री शङकर अधिकारी, उपसचिव, अनुगमन तथा मूल्याकन शाखा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| सदस्य | श्री इश्वर प्रसाद काफ्ले, उपसचिव, आर्थिक प्रशासन शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| सदस्य | श्री ढुण्डिराज लामिछाने, निर्देशक, राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली, काठ्मान्डौ |
| सदस्य | श्री रामचन्द्र शर्मा, निर्देशक, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, भक्तपुर |
| सदस्य | श्री कुमार वस्नेत, निर्देशक, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, भक्तपुर |
| सदस्य | श्री कुन्ति अधिकारी, निर्देशक, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर |
| सदस्य | श्री एकराज अधिकारी, निर्देशक, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद |
| सदस्य | श्री दिनेश बज्राचार्य, EMIS Specialist, विश्व विद्यालय अनुदान आयोग, भक्तपुर |
| सदस्य | श्री नारायण पोखरेल, GIS Expert, राष्ट्रिय परीक्षा वोर्ड, भक्तपुर |
| सदस्य | श्री वालकृष्ण सिंखडा, शाखा अधिकृत, चिकित्सा शिक्षा आयोग, भक्तपुर |
| सदस्य | श्री रामचन्द्र इटनी, शाखा अधिकृत, शिक्षक सेवा आयोग, भक्तपुर |
| सदस्य | श्री गणेश कुमार श्रेष्ठ, क. अ., राष्ट्रिय किताबखाना, ताहाचल |
| सदस्य | श्री दिपक भण्डारी, शाखा अधिकृत, तथ्याङ्क, नीति तथा अनुसन्धान शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| सदस्य सचिव | श्री गौरीशङ्कर पाण्डे, उपसचिव, तथ्याङ्क, नीति तथा अनुसन्धान शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |

# विषय सूची

सम्पादन समिति
प्रकाशकीय
**खण्ड - एक: शिक्षासम्बन्धी संवैधानिक, नीतिगत र संरचनागत व्यवस्थाहरू तथा कार्यक्रमहरू ....... १**
नेपालको संविधान: ....... २
स्थानीय सरकार सञ्चालन ऐन ....... २
राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ....... ५
अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७७ ....... ६
सम्माननीय राष्ट्रपतिले संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनमा आर्थिक वर्ष २०८०।८१ को नेपाल सरकारको नीति तथा कार्यक्रममा शिक्षा:(मिति २०८०।०२।०५ गते प्रस्तुत) ....... ८
संघीय संसदको संयुक्त बैठकमा प्रस्तुत आर्थिक वर्ष २०८०।८१ को वजेट वक्तव्यमा शिक्षा (मिति २०८०।०२।१५ गते) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ....... १०
आ.ब. २०८०/०८१ को शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रमा विनियोजित कार्यक्रम तथा बजेट सारांश ....... १३
पछिल्लो ६ वर्ष शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रमा विनियोजित बजेट ....... १३
सोह्रौं आवधिक योजना (२०८१-२०८६) मा रूपान्तरणाकारी रणनीति शिक्षा ....... १४
दिगो विकास लक्ष्य ४: नेपाल राष्ट्रिय ढाँचा (वि.सं.२०७८–२०८७) ....... २०
विद्यालय शिक्षा क्षेत्र योजना (वि.सं.२०७८–२०८७) ....... २१
राष्ट्रिय जनगणना २०७८ ....... २८
नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्य क्षेत्र ....... २९
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका केन्द्रीय र विभागीय निकायहरू ....... ३१
नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (NAST) ....... ३२
राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समितिको कार्यविवरण ....... ३४
वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समितिको
शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्य विवरण ....... ३४
पाठ्यक्रम विकास केन्द्रको कार्यविवरण ....... ३६
शिक्षक सेवा आयोग ....... ३७
शैक्षिक गुणस्तर परीक्षण केन्द्र ....... ३९
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ....... ४०
विश्वविद्यालय अनुदान आयोग ....... ४१
चिकित्सा शिक्षा आयोग ....... ४२
राष्ट्रिय किताबखाना (शिक्षक) ....... ४५
शिक्षा दिवसका आदर्श वाक्यहरु ....... ४७
नीति, निर्देशिका तथा कार्यविधिको विवरण ....... ४८
नीतिगत ब्यवस्था ....... ५२
**खण्ड - दुई: शिक्षासँग सम्बन्धी तथ्याङ्कहरू ....... ५५**
**खण्ड - तीन: अनुसूचीहरू ....... १०७**
**सन्दर्भ सूचीहरू तथा References ....... १६७**

# खण्ड - एक

## शिक्षासम्बन्धी संवैधानिक, नीतिगत र संरचनागत व्यवस्थाहरु तथा कार्यक्रमहरु

**नेपालको संविधानः**

(१) धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरी निम्न हकहरूको सुनिश्चितता गरेको छ ।

(क) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ ।

(ख) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ ।

(ग) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने छ ।

(घ) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।

(ङ) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ ।

(२) धारा ३८ को उपधारा ५ मा महिलाको हकअन्तर्गत महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने छ भनी उल्लेख गरी महिलाको शिक्षा पाउने हकको संरक्षण गरेको देखिन्छ ।

(३) धारा ३९ को उपधारा २ मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हकको व्यवस्था गरी राज्यप्रति उत्तरदायी र जिम्मेवार स्वस्थ नागरिक तयार पार्ने अभिप्राय राखेको देखिन्छ भने यसैको उपधारा ३ मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक सुनिश्चित गर्नुको साथै उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने व्यवस्था गर्दै यस विपरीतका कार्य कानुनबमोजिम दण्डनीय हुने र यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति उपलब्ध गराउने कुराको सुनिश्चितता गरेको पाइन्छ ।

(४) धारा ४० मा दलितको हकअन्तर्गत उपधारा २ मा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने छ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने छ भन्ने व्यवस्था गरी दलित समुदायको शिक्षा प्राप्तिको हकलाई विशेष संरक्षण गर्नुको साथै प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा समेत दलित समुदायको पहुँच सुनिश्चित गरी उक्त समुदायलाई रोजगार उन्मुख बनाई आत्मनिर्भरता र स्वावलम्वन अभिवृद्धि गर्दै लैजाने राज्यको चाहना प्रशंसनीय मान्नु पर्दछ ।

(५) धारा ४२ को उपधारा २ मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हकको व्यवस्था गरी नागरिक समानता कायम गर्नुको साथै

समतामूलक समाज निर्माण गर्ने संवैधानिक चाहनालाई मूर्त रुप दिने परिकल्पना गरेको देखिन्छ । यसै गरी उपधारा ५ मा नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्धन्दपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवम् उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुने छ भन्ने उल्लेख भएको छ ।

(६) धारा ४४ मा उपभोक्ताको हकअन्तर्गत उपधारा १ मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने छ भन्ने उल्लेख छ भने उपधारा २ मा गुणस्तरीय वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता गरेको हुँदा विद्यालयमा अध्ययनरत बालबालिकाहरू पनि गुणस्तरीय शिक्षाका हकदार देखिन्छन् । यसबाट के कुरा यकिन गर्न सकिन्छ भने हाम्रा विद्यालयहरूबाट प्रवाह हुने शैक्षिक सेवा तथा वस्तुहरूलाई समेत गुणस्तरको कसीमा मापन गर्दै बालबालिकाहरूको गुणस्तरीय शिक्षा आर्जन गर्न पाउने हकको सदैव सम्मान र संरक्षण गर्न समग्र शिक्षा प्रणाली प्रयासरत रहनु पर्ने देखिन्छ ।

(७) धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिहरूमा शिक्षासम्बन्धी निम्नानुसार चार वटा नीतिहरू उल्लेख भएका छन् ।

(क) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

(ख) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

(ग) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,

(घ) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सुचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने

(८) धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको छ ।

(९) अनुसूची ५ मा संङ्घको अधिकारको सूचीको व्यवस्था गरिएको छ ।

(१०) अनुसूची ६ मा प्रदेशको अधिकारको सूचीको व्यवस्था गरिएको छ ।

(११) अनुसूची ७ संङ्घ र प्रदेशको साझा अधिकारको सूचीको व्यवस्था गरिएको छ ।

(१२) अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको व्यवस्था गरिएको छ ।

(१३) अनुसूची ९ मा संङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको व्यवस्था गरिएको छ ।

## स्थानीय सरकार सञ्चालन ऐन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को ज मा आधारभूत र माध्यमिक शिक्षा शीर्षकअन्तर्गत स्थानीय तहको निम्नानुसार २३ बुँदामा शिक्षासम्बन्धी अधिकारलाई उल्लेख गरेको छ ।

(१) प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा बैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

(८) विद्यालयको नामाकरण,

(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

(१२) विद्यालयको नक्शाङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(१५) विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,

(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

(१७) टयूसन, कोचिङ्ग जस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण,

(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

(२) ऐनको दफा १२ को उपदफा २ को खण्ड ग मा शिक्षासम्बन्धी निम्न अधिकार वडा समितिको अधिकार क्षेत्रभित्र रहनुपर्ने गरी तोकिएको छः

(क) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,(ग.२)

(ख) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लब तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,(ग.घ)

(ग) अन्तर विद्यालय तथा क्लबमार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने गराउने, (ग.२०)

(घ) वडालाई बालमैत्री बनाउने (ग.२९) ।

(३) ऐनको दफा १२ को उपदफा २ को खण्ड ङ मा शिक्षासम्बन्धी निम्न अधिकार वडा समितिले प्रयोग गर्न पाउने गरी कार्यपालिकाले तोक्नुपर्ने भनी निर्देशित गरेको देखिन्छ ।

(क) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने, (ङ.२७)

(ख) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने, (ङ.२९)

(ग) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने । (ङ.३३)

## राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् भनी उल्लेख गरिएको पाइन्छ:

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रष्फुटन गरी व्यक्तित्व विकास गर्ने ।

२. सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिवद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने ।

३. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनशील, उद्यमशील सिपयुक्त नागरिक तयार गर्ने ।

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुर्याउने ।

५. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने ।

६. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरुपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने ।

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने ।

८. वैज्ञानिक अवधारणा तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने ।

९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने ।

१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरुको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने ।

११. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने ।

१२. सामाजिक न्यायमा आधारित संवृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

## अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७७

(१) यस ऐनको दफा ३ मा हरेक व्यक्तिको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न देहायबमोजिमको ब्यवस्था गरेको छः

(क) प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको अधिकार हुने छ । शिक्षा प्राप्त गर्न कसैलाई कुनै पनि आधारमा भेदभाव गरिने छैन ।

(ख) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार हुने छ ।

(ग) प्रत्येक नागरिकलाई यो ऐन वा प्रचलित कानुनबमोजिम साक्षर हुने, प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा तथा उच्च शिक्षा प्राप्त गर्ने अधिकार हुने छ ।

(घ) शिक्षा प्राप्त गर्ने प्रत्येक नागारिकलाई यो ऐन वा प्रचलित कानुनबमोजिम विद्यालय वा शिक्षण संस्थामा प्रवेश पाउने, अध्ययन गर्ने, अनुसन्धान गर्ने, परीक्षामा सहभागी हुने वा शैक्षिक प्रमाणपत्र प्राप्त गर्ने अधिकार हुने छ ।

(ङ) प्रत्येक निरक्षर नागरिकलाई तोकिएबमोजिम साक्षर हुने अधिकार हुने छ ।

(च) प्रत्येक नागरिकलाई प्रचलित कानुनबमोजिमको शर्त तथा मापदण्ड पूरा गरी आफ्नो योग्यता, क्षमता तथा रुचि अनुसार उच्च शिक्षा प्राप्त गर्ने अधिकार हुने छ ।

(छ) अपाङ्गता भएका नागरिकहरूलाई विशेष शिक्षाको माध्यमबाट समेत शिक्षा प्राप्त गर्ने अधिकार हुने छ ।

(ज) आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका र दलित नागरिकलाई निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने अधिकार हुने छ ।

(झ) जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीहरूलाई तोकिएबमोजिम विशेष अवसर पाउने अधिकार हुने छ ।

(ञ) प्रत्येक बालबालिकालाई प्रचलित कानुनमा व्यवस्था भएबमोजिमको योग्यता प्राप्त शिक्षकबाट गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार हुने छ ।

(२) ऐनको दफा ४ र ५ मा शिक्षा प्राप्ति सम्बन्धमा राज्यको दायित्व र नागरिकको कर्तव्यको विषयमा उल्लेख गरिएको छ । प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत् सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने तथा प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने व्यवस्था गरी नागरिकहरूको शिक्षाप्रति राज्यलाई उत्तरदायी बनाइएको छ भने यसका अतिरिक्त नागरिक कर्तव्यको सन्दर्भमा यस प्रकार व्यवस्था गरिएको छ । आधारभूत तहको शिक्षा हासिल गर्नु प्रत्येक नागरिकको कर्तव्य हुने छ भनी आफ्नो शिक्षा प्राप्तिको अधिकारको प्रयोगप्रति नागरिक आफैं पनि सचेत र सजग रहनु पर्ने उल्लेख छ भने अर्कोतर्फ आधारभूत शिक्षा प्राप्त गर्ने उमेर समुहका आफ्ना बालबालिकाहरूलाई नियमित रूपमा विद्यालय पठाउनु प्रत्येक अभिभावकको कर्तव्य हुने छ भनी अभिभावकलाई पनि आफ्ना बालबालिकाको पढाइप्रति जिम्मेवार बनाउन खोजिएको देखिन्छ ।

(३) ऐनको दफा ६ मा यो ऐन प्रारम्भ भएपछि प्रत्येक स्थानीय तहमार्फत राज्यले चार वर्षको उमेर पूरा भएपछि बालबालिकाहरूलाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा प्रदान गर्ने व्यवस्था गरेबाट आधारभूत तहको शिक्षाको गुणस्तर तथा आन्तरिक सक्षमता अभिवृद्धिमा सकारात्मक भूमिका निर्वाह गर्ने प्रारम्भिक बालविकास तथा शिक्षालाई पनि यस ऐनले बढावा दिएको देखिन्छ । यस ऐनले प्रत्येक बालबालिकालाई आफूले चाहेको वा पायक पर्ने विद्यालयमा भर्ना भई आधारभूत तह वा माध्यमिक तहसम्म पढ्न पाउने अधिकार स्थापित गर्नुको साथै विद्यालयमा भर्ना भई अध्ययन गरिरहेको बालबालिकाले आधारभूत तहको शिक्षा पूरा नगरी निजलाई पठनपाठनबाट बञ्चित गर्ने उद्देश्यले सम्बन्धित अभिभावकले विद्यालयबाट छुटाउन वा विद्यालय जानबाट रोक लगाउन नपाइने व्यवस्थासमेत गरी बालबालिकाको पढाइ निरन्तरताको

सुनिश्चितताको प्रयास गरेको छ भने अभिभावक पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाको हकमा पठनपाठनको जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ ।

(४) आधारभूत तहको शिक्षा प्राप्त गर्ने उमेरको कुनै बालबालिकाको लागि पायक पर्ने स्थानमा विद्यालय नभई शिक्षाको अवसरबाट बञ्चित हुनुपर्ने अवस्था देखिएमा सम्बन्धित स्थानीय तहले त्यस्तो ठाउँमा विद्यालय स्थापना गर्ने वा सो सम्भव नभएमा अन्य वैकल्पिक व्यवस्थाबाट उक्त बालबालिकाको आधारभूत तहसम्मको शिक्षा प्राप्तिको वातावरण सुनिश्चित गर्नुपर्ने व्यवस्था ऐनको दफा ८ मा उल्लेख छ ।

(५) विद्यालयमा भर्ना भई अध्ययन गरिरहेको कुनै बालबालिकाको आचरण खराब भएको वा अनुशासनहीन काम गरेको कारणले निजलाई आधारभूत शिक्षा प्राप्त गर्नबाट वा परीक्षा दिनबाट बञ्चित गर्न नपाइने बरु निजलाई आवश्यक परामर्श सेवाको व्यवस्था गरी सत्मार्गमा ल्याउने दायित्व सम्बन्धित विद्यालयको हुने छ भनी ऐनको दफा १० ले किटानी गरेको देखिन्छ ।

(६) ऐनको दफा ११ ले समुदायमा पाँच वर्ष पूरा भई बाह्र वर्ष उमेर पूरा नगरेका कुनै बालबालिका आधारभूत तहको शिक्षाको अवसरबाट बञ्चित (विद्यालय भर्ना नभएको वा भर्ना भएर बिचमा पढाइ छोडेको रहेको अवस्था देखिएमा निजको उमेर वा स्तर अनुरुप उपयुक्त कक्षामा विद्यालयले भर्ना गर्नु पर्ने व्यवस्था र निजलाई अन्य बालबालिकाको सिकाइ स्तरको समकक्षमा पुर्याउन आवश्यकताअनुसार विद्यालयले वैकल्पिक उपायहरूको व्यवस्था गर्नुपर्ने जिम्मेवारी सम्बन्धित विद्यालयलाई तोकेको देखिन्छ । यस व्यवस्थाले कुनै पनि बालबालिकालाई आधारभूत तहको शिक्षा प्राप्त गर्नबाट बञ्चित) हुनु नपर्ने अवस्थाको सुनिश्चित गरेको देखिन्छ ।

(७) बालबालिकाहरूलाई शिक्षा प्रदान गर्न अन्य माध्यमहरूको अवलम्बनसमेत गर्न सकिने व्यवस्था ऐनले गरेको छ, जस्तै: वैकल्पिक शिक्षा, अनौपचारिक वा खुला शिक्षा र परम्परागत शिक्षा ।

(८) बालबालिकाहरूको सिकाइ सहजताको लागि शिक्षणको माध्यम भाषाको रुपमा नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा वा सम्बन्धित समुदायको मातृभाषा प्रयोग गर्न सकिने व्यवस्था सोही ऐनको दफा २६ मा उल्लेख छ ।

## सम्माननीय राष्ट्रपतिले संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनमा आर्थिक वर्ष २०८०।८१ को नेपाल सरकारको नीति तथा कार्यक्रममा शिक्षा: (मिति २०८०।०२।०५ गते प्रस्तुत)

१२५. सर्वसुलभ गुणस्तरीय शिक्षाको अवधारणा बमोजिम शिक्षा क्षेत्रलाई अगाडि बढाइनेछ। विद्यालय उमेर समूहका सबैबालबालिकहरुलाई विद्यालयमा " ल्ययाउने, सिकाउने र टिकाउने" कार्यलाई प्रोत्ससाहनमूलक कार्यक्रमसहित अभियानका रुपमा संञ्चालन गरिनेछ ।पढ्दै कमाउदै कार्यक्रमलाई पढ्दै कमाउदै, कमाउदै पढ्दै कार्यक्रममको रुपमा सञ्चालन गरिनेछ । विद्यालय

तहको पाठ्यक्रममा समसामयिक पूनरावलोकन गरिनेछ । यस वर्षजस्तै प्रत्येक बर्ष शैक्षिक सत्रको सुरुमै पाठ्यपुस्तक उपलब्ध हुन सुनिश्चित गरिनेछ ।

१२६. आधारभूत तहमा गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर् नदलित, अल्पसङ्ख्यक, लोपोनमुख, पिछडिएको क्षेत्र, दुर्गम तथा हिमाली क्षेत्र र आर्थिक रुपले विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । शिक्षा क्षेत्रका सबै किसिमका छात्रवृत्तिहरु एकद्वार प्रणालीमार्फत वितरण गर्ने प्रबन्ध मिलाइनेछ । विपन्न लक्षित छात्रवतृि लाई विस्तार गरिनेछ । दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै लगिनेछ ।

१२७. सङ्घीय शिक्षा ऐन संसद्के यसै अधिवेशनबाट पारित गरिनेछ । शिक्षण पेशालाई मर्यादित र आकर्षण बनाउन विशेष प्याकेजको व्यवस्था गरिनेछ । विषय र विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी पूनरावलोकन गरी न्यूनतम शिक्षकको व्यवस्था गरिनेछ । " हाम्रो स्कूल, बनाऔ राम्रो स्कूल" अभियानअन्तर्गत सामूदायिक विद्यालयहरुमा स्थानीय तहबाट विषयगत दक्ष शिक्षक दरबन्दिको व्यवस्था मिलाइनेछ । सामूदायिक विद्यालयहरुलाई शैक्षिक नतिजाका आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ । सामूदायिक विद्यालयमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा लगायतका विषय सम्बोधन गरिनेछ ।

१२८. हरेक स्थानीय तहमा कम्तीमा एक विद्यालयलाई स्ममार्ट विद्यालय बनाई प्रविधिको माध्यमबाट पठन पाठन हुने व्यवस्था मिलाइनेछ । विद्यार्थी मूल्याङ्कनको राष्ट्रिय मापदण्ड तर्जुमा गरीने छ ।

१२९. उच्च शिक्षामा देखिएका समस्या समाधान गरी ठोस सुझाव दिन उच्चस्तरीय शिक्षा आयोग गठन गरिनेछ । हरेक प्रदेश भित्रका विशिष्टीकृत विषय बाहेकका उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुलाई एकै विश्वविद्यालयको छाता अन्तर्गत रहने गरी पूनःसंरचना गरिनेछ । उच्च शिक्षामा सबैको सहज पहुँच बढाइनेछ । उच्च शिक्षालाई उद्यम तथा रोजगारकेन्द्रित बनाइनेछ। शैक्षिक गुणस्तर सधारकालागि शैक्षिक प्रणाली, जनशक्ति व्यवस्थापन र शैक्षिक क्यालेण्डर परिमार्जन गरिनेछ ।

१३०. नवप्रवर्तन, अनुसन्धधान, आविष्कार र विज्ञान शिक्षाको विस्तारलाई प्रोत्साहन गर्न नवप्रवर्तन तथा आविष्कार कोष स्थापना गरिनेछ । संसद्को यसै अधिवेशनमा नवप्रवर्तन, अनसन्धान र आविष्कार सम्बन्धी कोष सञ्चालन गर्ने विधेयक पेश गरिनेछ।

१३१. चिकित्सा शिक्षालाई एकीकृत र योजनाबद्धरुपमा विस्तार गर्नेचिकित्सा शिक्षासम्बन्धी प्रतिष्ठानहरुलाई एकीकृत छाता ऐन अन्तर्गत सञ्चालन गरिनेछ । यस सम्बन्धी विधेयक संसद्को यसै अधिवेशनमा पेश गरिनेछ । एकीकृत प्रतिष्ठानअन्तर्गत सबै प्रदेशमा मेडिकल कलेज स्थापना गरिनेछ । प्रदेश र क्षेत्रीय अस्पतालहरुको स्तरोन्नति गरी शिक्षण अस्पतालका रुपमा विकास गरिनेछ ।

१३२. व्यक्तिको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पर्ययाउन योग र ध्यान विषयलाई विद्यालय तथा उच्च शिक्षाको पाठ्यक्रममा समावेश गरी पठन-पाठन गर्ने व्यवस्था मिलाइनेछ ।

## संघीय संसदको संयुक्त बैठकमा प्रस्तुत आर्थिक वर्ष २०८०।८१ को वजेट वक्तव्यमा शिक्षा (मिति २०८०।०२।१५ गते) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

१९८. गणस्तरीय शिक्षामा आम नागरिकको पहुँच बढाई शिक्षित र मर्ययादित समाजको विकास गरिनेछ। शिक्षालाई जीवनोपयोगी, आधनिुक, विज्ञान प्रविधिमा आधारित, व्यवसायिक र अनसन्धामुखी बनाइनेछ। प्राविधिक शिक्षामा लगानी र गणस्तर अभिवद्धि गरिनेछ ।

१९९. आधारभत तह प्रवेशको आधारको रूपमा रहेको बालशिक्षालाई व्यवस्थित र पहुँचयोग्य बनाउन प्रारम्भिक बाल विकास केन्द्रको नक्साङ्कन गरी पूनवितरण गरिनेछ ।

२००. बालबालिकालाई विद्यालयमा “ल्ययाउने, सिकाउने र टिकाउने” कार्यक्रमलाई विस्तार गरी कृषिजन्य प्रयोगात्मक सिकाइ प्रदान गर्न बजेटको व्यवस्था गरेको छु । दुर्गम तथा हिमाली क्षेत्रका छात्रछात्रालाई आवासीय छात्रवृत्तिको व्यवस्था गरिनेछ। मातृभाषामा आधारभत शिक्षा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२०१. हाल प्रदान गरिदै आएको विपन्न, दलित, सीमान्तकृत लगायतका विद्यार्थीलाई लक्षित छात्रवत्तिृ तथा मलुकभरका छात्रालाई प्रदान गरिदै आएको छात्रवृति कार्यक्रमलाई निरन्तरता दिएको छु। विद्यालय तह, प्राविधिक तथा उच्च शिक्षामा गरी रु ३ अर्ब २ करोड विनियोजन गरेको छु। यसबाट आगामी वर्ष करिव २६ लाख छात्रछात्राहरू लाभान्ववित हुनेछन। मुसहर, डोम र चमार विद्यार्थीलाई चिकित्सा तर्फको उच्च शिक्षामा प्रदान गरिदै आएको छात्रवृत्ति लाई निरन्तरता दिएको छु।

२०२. सामूदायिक विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिन रु. ८ अर्ब ४५ करोड विनियोजन गरेको छु। दिवा खाजामा जङ्क फुड दिन नपाइने व्यवस्था गरिनेछ। स्थथानीय तथा रैथाने कृषि उपजबाट तयार गरिएको पौष्टिक आहार उपलब्ध गराइने व्यवस्था मिलाइनेछ। यसबाट करिव ३२ लाख विद्यार्थी लाभान्ववित हुनछन।

२०३. विद्यालय तहका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिई रु. १ अर्ब ४२ करोड विनियोजन गरेको छु। यसबाट करीव १० लाख छात्रा लाभान्ववित हनुछन।

२०४. औपचारिक शिक्षा प्रणालीमा आबद्ध नभएका गरूकुल, मदरसा र गुम्वा लगायतका परम्परागत शिक्षालाई औपचारिक शिक्षा प्रणालीमा जोडिनेछ। साङ्केतिक भाषा र ब्रेल लिपिका पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराइनेछ ।

२०५. खुल्ला प्रतिस्पर्धाबाट प्रधानाध्यापक छनौट गर्न स्थानीय तहलाई प्रोत्साहित गरिनेछ। शैक्षिक गुणस्तरमा सुधारका लागि विद्यालय स्रोत केन्दद्रलाई नयाँ स्वरूपमा पनुर्स्थापना गरी शिक्षण अवलोकन, नमुना शिक्षण, पुनर्ताजगी लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

२०६. शैक्षिक शत्र शरू हुनु अगावै सामूदायिक विद्यालयका सबै विद्यार्थीका हातमा निःशल्क पाठ्यपुस्तक र विद्यालयमा पाठ्यक्रम तथा पाठ्यपुस्तकको विद्दुतीय प्रति उपलब्ध गराइनेछ। यस कार्यक्रमका लागि रु. ३ अर्ब ५८ करोड बजेट छुट्याएको छु।

२०७. आधारभूत तहका शैक्षिक योग्यता पुगेका शिक्षकलाई माथिल्लो तहको रिक्त दरबन्दीमा समायोजन र स्तरोन्नति गरिनेछ। सामूदायिक विद्यालयका शिक्षकसँग स्थानीय तहले कार्य सम्पादन करार गरी कार्य सम्पादनस्तरलाई वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था गरिनेछ। अध्यापन अनमुति पत्रको परीक्षामा सबै विषय अध्ययन गर्ने व्यक्ति सम्मिलित हुन पाउने कानूनी व्यवस्था मिलाइनेछ।

२०८. विषयगत र विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी पूनरावलोकन गरिनेछ। दरवन्दी नभएका माध्यमिक तथा आधारभूत विद्यालयमा अंग्रेजी, गणित र विज्ञान विषय शिक्षकको व्यवस्था गर्न रु. ३ अर्ब ६९ करोड विनियोजन गरेको छु।

२०९. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यार्थी, विद्यालय र शिक्षक सङ्ख्याको आधारमा विद्यालयको भौतिक पूर्वाधार विकासमा खर्च गर्न स्थानीय तहलाई सशर्त अनदुान उपलब्ध गराइनेछ। विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्थिति लगायतका मापदण्डका आधारमा विद्यालय गाभ्न स्थानीय तहलाई प्रोत्ससाहन गरिनेछ।

२१०. काठमाडौंमा रहेको बुढानिलकण्ठ स्कूल र पोखरामा रहेको गण्डकी बोर्डिङ स्कूलको सञ्चालन मोडालिटी अवलम्वन गरी शैक्षिक गुठीमार्फत धनकुटा, बर्ददिबास, तानसेन, सुर्खेत र डडेल्धुरामा एक एक वटा नमुना आवासीय सामूदायिक विद्यालय स्थापनाका लागि सम्भाव्यता अध्ययन र पूर्व तयारीका कार्य अगाडि बढाइनेछ।

२११. विद्यालय भवनको भुकम्पपछिको पुनर्निमाणका बाँकी कार्य आगामी वर्ष सम्पन्न गरिनेछ। ऐतिहासिक त्रिचन्द्र कलेजको पूनर्निर्माण गर्नबजेट छुट्याएको छु। महेन्द्र रत्न क्ययाम्पस लगायत भूकम्पबाट क्षतिग्रस्त ३८ वटा क्यम्पसहरूको पुनर्निर्माण प्रक्रिया अगाडि बढाइनेछ।

२१२. सबै स्थनीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको पुहँच विस्तार गरिनेछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गतका प्राविधिक शिक्षालयहरू प्रदेश सरकारबाट सञ्चालन गर्ने गरी हस्तान्तरण गरिनेछ। प्राविधिक शिक्षा तथा व्ययावसायिक तालिम परिषद्‌लाई सीप परीक्षण, प्राविधिक शिक्षाको पाठ्यक्रम विकास, गुणस्तर र मापदण्ड निर्धारणका कार्यमा केन्द्रित गरिनेछ।

२१३. प्राविधिक विषय तर्फ छात्रवृत्ति मा उच्च शिक्षा हासिल गरेका विद्यार्थीलाई सामूदायिक शैक्षिक संस्था वा स्थानीय तहमा अनिवार्य रूपमा दुई  वर्ष सेवा गर्ने गरी परिचालन गरिनेछ।

२१४. स्वदेश तथा विदेशमा सीप सिकेको स्वघोषणा गरेको आधारमा जनशक्तिको सीप परीक्षण गरी प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ। प्राविधिक प्रशिक्षकहरूको दक्षता अभिवृद्धिका लागि प्राविधिक प्रशिक्षक अनमुति पत्र प्रणाली कार्यान्वयनमा ल्ययाइनेछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद मार्फत आगामी आर्थिक वर्ष ५० हजार जनाको सीपको परीक्षण गरी प्रमाणीकरण गरिनेछ।

२१५. विश्वविद्यालय अनदुान आयोगको पनुर्संरचना एवं सदृढीकरण गरी उच्च शिक्षाको नियमन, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन, राष्ट्रिय योग्यता परीक्षण र मापदण्ड निर्धारण तथा शैक्षिक योग्यताको मान्यता एवं समकक्षता सम्बन्धी कार्यमा केन्द्रित गरिनेछ। शैक्षिक नतिजा, शिक्षण सिकाइ क्रियाकलाप, स्रोत साधनको परिचालन लगायतका मापदण्डको आधारमा विश्वविद्यालयलाई अनदुान प्रदान गर्ने व्यवस्था मिलाइनेछ। विश्वविद्यालय अनदुान आयोगबाट कडाईका साथ अनुगमन गरी विश्वविद्यालयको वार्षिक शैक्षिक क्यालेन्डर पालना गराइनेछ।

२१६. मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय र योगमाया आयर्वुेदिक विश्वविद्यालय सञ्चालनमा ल्याइनेछ। नेपाल विश्वविद्यालय सम्बन्धी कानून तर्जुमा प्र्क्रिया अगाडि बढाइनेछ।

२१७. लुम्बिनी प्रदेशको बटुवल, मधेश प्रदेशको बर्दिवास र कर्णाली प्रदेशको सर्खेतमा मेडिकल कलेज निर्माण कार्य अगाडि बढाउन रकम विनियोजन गरेको छु। सम्बन्धित प्रादेशिक अस्पतालको सहकार्यमा उक्त मेडिकल कलेजहरू सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाइनेछ। डडेल्धुरामा मेडिकल कलेज सञ्चालन गर्न आवश्यक बजेट छुट्टयाएको छु।

२१८. केशर पुस्तकालय, राष्ट्रिय पुस्तकालय र डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयको सुदृढीकरण तथा पुस्तकको डिजिटलाईजेशन गरिनेछ। सामूदायिक पुस्तकालयको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न प्रदेश र स्थानीय तहलाई प्रोत्साहित गरिनेछ।

२१९. उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउन त्रिभवुन विश्वविद्यालय अन्तर्गतका सेडा, सेरिड र सिनास लगायतका अनुसन्धान र विकास संस्थाहरूको क्षमता विकासका लागि बजेट छुट्टयाएको छु।

२२०. संवैधानिक व्यवस्था अनुरूप विद्यालय शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम तथा राष्ट्रिय योग्यता प्रारूप सम्बन्धी विषयहरूलाई व्यवस्थित बनाउन संघीय शिक्षा ऐन तर्जुमा गरिनेछ।

२२१. विज्ञान प्रविधि, इन्जजिनियरिङ्ग, कला, गणित लगायतका विषयमा विद्यालयस्तरदेखि नै अनसन्धान र नवप्रवर्तनको सोच र क्रियाशिलता विकास गरिनेछ।

२२२. रेडियोधर्मी पदार्थको सुरक्षित प्रयोग, व्यवस्थापन, नियमन तथा अनुगमनको लागि नियमनकारी निकाय स्थापना गर्न आवश्यक तयारी गरिनेछ। रासायनिक पदार्थको सुरक्षित प्रयोग, नियमन तथा व्यवस्थापनका लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ।

२२३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयतर्फ रु. १ खर्ब ९७ अर्ब २९ करोड विनियोजन गरेको छु।

## आ.ब. २०८०/०८१ को शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रमा विनियोजित कार्यक्रम तथा बजेट सारांश

| क्र.सं. | विवरण | संघ | संघ प्रतिशत | प्रदेश | स्थानीय | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्व प्राथमिक | १५५०० | ०.०३ | ० | ६५८७०९१ | ६६०२५९१ | ३.३५ |
| २ | आधारभुत | ५८८८९९ | १.०४ | ० | ९०७६६४३० | ९१३५५३२९ | ४६.३० |
| ३ | माध्यमिक | ५६७४७२६ | ९.९९ | २४८००० | ३२३८९८४३ | ३८३१२५६९ | १९.४२ |
| ४ | उच्च शिक्षा | २२२१७९०० | ३९.१० | ० | ० | २२२१७९०० | ११.२६ |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ५६९८६०३ | १०.०३ | ३७६३४०० | ३४६९९५५ | १२९३१९५८ | ६.५५ |
| ६ | शाक्षरता तथा अनौपचारिक | ४६६०० | ०.०८ | ० | १०१०४३० | १०५७०३० | ०.५४ |
| ७ | STI related (excluding Universities STI) | ७३३९०० | १.२९ | ० | ० | ७३३९०० | ०.३७ |
| ८ | शैक्षिक व्यवस्थापन | २१६२५११४ | ३८.०६ | ५०४५७० | ९१२४०४ | २३०४२०८८ | ११.६८ |
| ९ | क्षमता विकास | २२२७५८ | ०.३९ | १५३६३० | ६६५७४७ | १०४२१३५ | ०.५३ |
| Total | | ५६८२४००० | १०० | ४६६९६०० | १३५८०१९०० | १९७२९५५०० | १०० |

## पछिल्लो ६ वर्ष शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रमा विनियोजित बजेट

| आ.व. | कुल राष्ट्रिय बजेट | शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रमा बजेट | बजेट रु लाखमा | | स्थानीय | शिक्षा क्षेत्र % |
|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | | |
| २०७५/७६ | १३१५१६१७ | १३४५०८७ | ४६५३६४ | २८५७३ | ८५११५० | १०.२३ |
| २०७६/७७ | १५३२९६७१ | १६३७५५९ | ६५२८१७ | ४२५३२ | ९४२२१० | १०.६८ |
| २०७७/७८ | १४७४६४५४ | १७१७१२२ | ५५८६८९ | ५०९८९ | ११०७४४४ | ११.६४ |
| २०७८/७९ | १६४७५७६७ | १७८२०२१ | ५८२६७७ | ५०२३४ | ११४९११० | १०.९१ |
| २०७९/८० | १७९३८३७३ | १९६३९३१ | ७००५३२ | ५३२३६ | १२१०१६२ | १०.९५ |
| २०८०/८१ | १७५१३१२१ | १९७२९५५ | ५६८२४० | ४६६९६ | १३५८०१९ | ११.२७ |

## सोह्रौं आवधिक योजना (२०८१-२०८६) मा शिक्षा

### रूपान्तरणाकारी रणनीति

### शिक्षा र सिप विकास

- **नीतिगत र संस्थागत सुधारलाई निरन्तरता प्रदान गर्नेः** शैक्षिक सुधारका लागि आवश्यक नीति, कानून, निर्देशिका, कार्यविधि तथा मापदण्ड जारी गर्ने, विद्यालयमा प्राविधिक र साधारणतर्फ अध्ययन गर्ने विद्यार्थीको अनुपात क्रमशः कायम गर्ने गरी भर्नासम्बन्धी नीतिगत व्यवस्था गर्ने, सबै तहको शैक्षिक उपलब्धिमा बढोत्तरी गर्ने, उच्च शिक्षा प्राप्तिका लागि विदेश जाने बढ्दो प्रवृत्तिलाई कम गर्न नेपालको शिक्षा प्रणालीलाई गुणस्तरीय, उत्पादनमूलक र रोजगारकेन्द्रित बनाउने, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा विभिन्न निकायहरूको वीचमा रहेका भूमिकागत अस्पष्टता र दोहोरोपना हटाउने।
- **भौलिक तथा अन्य शैक्षिक पूर्वाधारको व्यवस्था गर्नेः** सञ्चार तथा सूचना प्रविधिको उच्चत्तम प्रयोग मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, बहुविधायुक्त पुस्तकालय, विज्ञान प्रयोगशालाको स्थापना गरी शैक्षिक संस्थालाई स्मार्ट बनाई डिजिटल संयन्त्रमार्फत शिक्षण सिकाइलाई सहज, प्रयोगात्मक, बनाउने, शैक्षिक संस्थामा भौतिक पूर्वाधार, प्रयोगशाला, पुस्तकालय, खानेपानी, स्वास्थ्य, शौचालय तथा सरसफाइको उचित प्रबन्ध गरी सिकाइ अनुकुल वातावरण सिर्जना गर्ने, भूकम्प लगायतका प्राकृतिक प्रकोपले क्षति पुगेका र जीर्ण भएका शिक्षण संस्थाका भवनहरूको पुनर्निर्माण तथा प्रवलीकरण गर्ने।
- **सबै तहको शिक्षाको पाठ्यक्रम र शैक्षिक कार्यक्रम समसामयीक र व्यवहारिक बनाउनेः** सबै तहका पाठ्यक्रम र शैक्षिक कार्यक्रमलाई समयानुकुल परिवर्तन र विकसित गर्ने; उच्च शिक्षामा उदीयमान प्रविधिसँग सम्बन्धित विषयहरूको प्रभावकारिता अभिवृद्धि गर्ने, नेपाललाई योग, ध्यान तथा आध्यात्मिक केन्द्र बनाई आध्यात्मिक भावना बढाउन प्रारम्भिक तहदेखि नै सुशासन, नैतिक, राष्ट्रभक्ति र मूल्यमा आधारित शिक्षा प्रदान गर्न पाठ्यक्रम तय गर्ने।
- **शैक्षिक प्रणालीको सुदृढीकरण गरी कार्यान्वयन गर्नेः** शैक्षिक क्यालेण्डरको निर्माण र कार्यान्वयन गरी शैक्षिक सुपरिवेक्षण, अनुगमन तथा निरीक्षणको रचनागत व्यवस्था गरी सुपरिवेक्षण र अनुगमनमा तीनै तहका सरकार बीचमा समन्वय र सहकार्य गर्ने, शैक्षिक संस्थाको नक्साङ्कन र समायोजन गरी सबै शैक्षिक संस्थामा न्यूनतम जनशक्तिको व्यवस्थापन गर्ने, एकीकृत शैक्षिक सूचना प्रणालीको सवलीकरण र अनुगमन तथा प्रतिवेदन प्रणालीको सुद्धीकरण गर्ने, जलवायु उत्थानशील शिक्षा प्रणालीको सुदृढीकरण गर्ने।
- **राष्ट्रिय जनशक्ति विकास योजना तर्जुमा गर्नेः** देशको लागि आवश्यक मानव पुंजी निर्माणका लागि दीर्घकालीन राष्ट्रिय आवधिक जनशक्ति विकास योजना तर्जुमा गरी यसका आधारमा शैक्षिक कार्यक्रम निर्माण गर्ने संयन्त्र र पद्धति विकास गर्ने।
- **शिक्षा र सीपलाई उत्पादन र बजारसँग जोडनेः** साक्षरता र सीप विकासलाई जोडी माध्यमिक शिक्षालाई वृत्ति विकास र उच्च शिक्षालाई उद्यम र रोजगार केन्द्रित बनाउन पढ्दै कमाउँदै र कमाउँदै पढ्दै जस्ता कार्यक्रमलाई जोड दिने, सरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रको सहकार्यमा राष्ट्रिय सीप

विकास तथा रोजगार सिर्जना महाअभियान सञ्चालन गर्ने, अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारहरूको पूर्व सिकाइको मान्यता विधिलाइ प्रभावकारी बनाउने।

- **गुणस्तरीय र समावेशी शिक्षाका लागि लगानी विस्तार गर्नेः** शिक्षा क्षेत्रमा सबै तहको लगानी वृद्धि गर्ने, दिवा खाजा, छात्रवृत्ति लगायतका विद्यार्थी सहुलियत कार्यक्रमलाई एकीकृत प्रणाली बमोजिम कार्यान्वयन गर्ने, उच्च शिक्षामा लागत साझेदारीको नीति अवलम्बन गर्दै शिक्षामा निजी क्षेत्र र विकास साझेदार तथा गैर आवासीय नेपालीको स्रोत समेत परिचालन गर्ने, उच्च शिक्षालाई विशिष्टिकृत बनाउँदै अनुसन्धान केन्द्रित बनाउने, योजनाको अन्त्यसम्ममा कुल बजेटको २ प्रतिशत बजेट अनुसन्धान तथा विकासमा लगाउने, उच्च शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरी दूर सिकाईलाई प्राथमिकतामा राखेर दुर्गम र विदेशका विधार्थीलाई समेत अध्ययन गर्न सकिने गरी प्रणालीको विकास गर्ने; अटिजम लगायत सबै प्रकारका अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्ने र उद्यमशीलता विकास गर्ने।
- **शैक्षिक सुशासन सुनिश्चित गर्नेः** विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, पढाइ तथा गणितीय सीप परीक्षण, एवम् प्रारम्भिक सिकाइ तथा विकासस्तर परीक्षण तथा शैक्षिक निकाय र शिक्षण संस्थाहरूको कार्यसम्पादन परीक्षणलाई प्रभावकारी बनाउनुका साथै विद्युतीय शासनको अवधारणामा रही शैक्षिक सेवा प्रवाह गर्ने; तालिम प्रदायक निजी तथा गैरसरकारी निकायहरूलाई नियमन र सीप परीक्षण गर्ने ठोस आधार तयार गर्ने, प्रशिक्षकहरूको लागिप्रशिक्षण अनुमतिपत्र लिनुपर्ने व्यवस्था मिलाउने, विद्यालयका प्रधानाध्यापकको सक्षमताको प्रारूप विकास गरी सुशासन र असल प्रशासनका विषयमा तालिम प्रदान गर्ने।

### विज्ञान तथा प्रविधि

- **नीतिगत तथा संस्थागत सुधार गर्नेः** उत्पादनका सबै क्षेत्रहरूमा अनुसन्धान तथा विकास र नवप्रवर्तनलाई अंगीकार गर्दै लैजान नीतिगत तथा कानूनी व्यवस्था गर्ने, वैज्ञानिक ज्ञानको व्यवस्थापन गर्ने, वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनको प्रवर्द्धन गर्न प्राज्ञिक संस्थाको रूपमा विशिष्टिकृत विश्वविद्यालय स्थापना गर्ने, अनुसन्धान निकाय, वैज्ञानिक पेशागत समाज तथा उद्योगबीच सहकार्य र साझेदारी विकास गर्ने।
- **वैज्ञानिक अनुसन्धान, प्रविधि विकास, बौद्धिक सम्पत्ति सिर्जना तथा नवप्रवर्तनलाई जोड दिनेः** नवप्रवर्तन तथा उद्यमशीलता विकासको लागि इन्क्युबेशन सेन्टर, एस्सीलेटर सेन्टर, प्रविधि पार्क, ग्रामीण नव-प्रवर्तनशाला, आकाशीय पिण्डहरूको अवलोकन, उच्च धरातलीय अनुसन्धान, विज्ञान शिक्षाको प्रवर्द्धन गर्ने, विज्ञान प्रविधि तथा नवप्रवर्तनलाई प्रवर्द्धन, सहजीकरण र नियमनको लागि संस्थागत व्यवस्था गर्ने, अनुसन्धान तथा शैक्षिक सञ्जालको पहुँच विस्तार गर्ने।
- **विशेष सहुलियत प्रदान गर्नेः** निजी क्षेत्र र सरकारी प्रतिष्ठानलाई प्रविधि र नवप्रवर्तनको सन्दर्भमा गरिएको खोज र अनुसन्धानका लागि उपयुक्त सहुलियत प्रदान गर्ने।
- **प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नेः** सार्वजनिक तथा निजी क्षेत्रमा प्रविधि परीक्षण, प्रत्यायन, गुणस्तर व्यवस्थापन प्रणाली, नब-प्रवर्तन व्यवस्थापन प्रणाली लगायतका विभिन्न व्यवस्थापनका विधिको अबलम्बन तथा उदीयमान प्रविधिको प्रयोग गरी गुणस्तरमा सुधार तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने।

## प्रमुख कार्यक्रम

### शिक्षा तथा सीप विकास

- **बजारको माग अनुसार सीपयुक्त जनशक्ति उत्पादन गर्नेगरी शिक्षाको गुणस्तर अभिवृद्धि कार्यक्रमः** विद्यालय तहको शिक्षाको गुणस्तर वृद्धि गर्न हरेक ५ वर्षमा पाठ्यपुस्तक परिमार्जन, अंग्रेजी, गणित तथा विज्ञान शिक्षक उपलब्ध गराउने, व्यावहारिक ज्ञान र सीप विकासको लागि इन्टर्नशीप, पढ्दै कमाउदै लगायतका क्रियाकलापलाई पाठ्यक्रम मै समावेश, विद्यालय तहदेखि नै खेलकूद तथा कलाका साथै योग र ध्यानलाई समेत अतिरिक्त क्रियाकलापको रुपमा सञ्चालन, उच्च शिक्षाको रुपान्तरण र गुणस्तर अभिवृद्धिको लागि प्रदेशगत स्वरुपमा एक विश्वविद्यालय अन्तर्गत हालका सबैजसो विश्वविद्यालय तथा तिनका क्याम्पसहरूलाई गाभी चुस्तरुपमा सञ्चालन, विश्वविद्यालयहरूलाई प्रतिस्पर्धी बनाउने, विश्वविद्यालयहरूमा इन्कुबेसन केन्द्र स्थापना गर्ने, स्टार्ट-अप, पेटेन्ट अधिकार, व्यावसायि पर्यावरण निर्माण गर्ने, उच्च शिक्षालाई अनुसन्धानसँग जोड्ने, बजारको माग अनुसारको सीप तथा क्षमता भएका प्राविधिक तथा व्यावसायिक जनशक्ति उत्पादनमा बढी जोड दिने।
- **मानवस्रोतको आवश्यकता प्रक्षेपण र दक्ष जनशक्ति उत्पादन कार्यक्रमः** देशभित्र आवश्यक पर्ने रोजगारीको लागि बिदेशिन सक्ने जनशक्तिको संख्यालाई समेत ध्यानमा राखी आगामी दलबर्षको लागि मानवस्रोतको आवश्यकता प्रक्षेपण र सो बमोजिम दक्ष जनशक्ति उत्पादन गर्नेगरी शिक्षा र सीप विकासमा जोड, अध्ययन-अध्यापन र सीप विकासमा साधारण विषय र विशिष्टीकरण बीच तालमेल मिलाई बजारको आवश्यकता र जनशक्ति आपूर्ति बीचको खाडल मेट्ने, विद्यमान जनसंख्या नीतिमा पुनरावलोकन गरी जन्मदर वृद्धिलाई प्रोत्साहन गर्ने।
- **प्रारम्भिक बालबिकास तथा शिक्षा कार्यक्रमः** प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी कार्यक्रमहरूलाई सबै स्थानीय तहसम्म पुर्‍याई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- **विद्यालय शिक्षा सुधार कार्यक्रमः** तीनै तहको शिक्षा प्रणालीमा एकरुपता कायम गर्दै अन्तर- आवद्धता एवम् गुणस्तर सुनिश्चितता गर्न शिक्षाको लागि छाता कानून तर्जुमा गर्ने, विद्यालय शिक्षा क्षेत्र योजना (२०२२-३२) को कार्यान्वयन, सबै विद्यालयमा इन्टरनेटको पहुँच सुनिश्चितता, प्रधानाध्यापक तथा शिक्षकको पेसागत विकास व्यवस्था, शिक्षक विद्यार्थी अनुपातको पुनरावलोकन गरी विषयगत आधारमा सबै बिद्यालयमा न्यूनतम शिक्षक दरबन्दीको व्यवस्थाः विश्वविद्यालयका प्रतिभाशाली विद्यार्थीलाई शिक्षण पेसामा सोझै प्रवेशको व्यवस्था, आधारभूत तहको पाठ्यक्रमलाई स्थानीय तहको ज्ञान, संस्कृति, रहनसहन, स्वाबलम्बन विकास हुने गरी परिमार्जन, नैतिक शिक्षा र सुशासन अभियानलाई सहयोग पुग्ने र बाल मनोविज्ञान अनुकुल हुने गरी पाठ्यक्रमको अद्यावधिकता, विद्यार्थी सङ्ख्या तथा भौगोलिक दूरीलाई दृष्टिगत गरी विद्यालयहरूलाई गाभ्ने र आवश्यकता अनुसार आवासीय विद्यालयको व्यवस्था, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको प्रवन्ध, स्थानीय तहमार्फत शिक्षक सहायता प्रणाली र विद्यालय सुपरीवेक्षणको प्रवन्ध, हिमाली क्षेत्रमा घुम्ती शिक्षा कार्यक्रम सञ्चालन, सदाचारी जनशक्ति उत्पादन गर्न गुरुकुल, आश्रम, गुम्बा, गोन्पा, मदराजस्ता परम्परागत शिक्षाको मूलप्रवाहीकरण; अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयनको लागि तीन तहका सरकारबीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने।

- **कक्षा १० पछिको दुई महिने जीवन उपयोगी शिक्षा सञ्चालन कार्यक्रमः** माध्यमिक शिक्षा परीक्षा दिएर बसेका विद्यार्थीलाई दुई महिना (आठ हप्ता) अवधिको प्रतिकारात्मक स्वास्थ्य, सन्तुलित भोजन, पाककला र प्राथमिक उपचार, सवारी अनुमति तथा सवारी नियम, आत्म-सुरक्षा तथा अनुशासन, कार्यक्षेत्र सुरक्षा र यौन दुव्र्यवहार, राष्ट्रप्रेम, स्वयम सेवा र योग, ध्यान तथा कला लगायतका व्यवहारिक विषयहरू समावेश गरी सम्बन्धित निकायहरूसँगको समन्वयमा अनिवार्य अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।
- **उच्च शिक्षा सुधार कार्यक्रमः** उच्च शिक्षालाई अन्तर्राष्ट्रिय रूपले प्रतिस्पर्धी बनाउने गरी पाठ्यक्रम र व्यवस्थापनमा सुधार, राष्ट्रिय योग्यता प्रारूप अनुसार कार्यान्यवन, आगामी पाँच वर्षभित्र प्राविधिक शिक्षाको भर्नादर बढाउँदै प्राविधिक र सामान्य शिक्षाका विद्यार्थीको अनुपात कर्मशः ७०:३० कायम गर्ने, खोज अनुसन्धानलाई प्राथमिकता प्रदान, विदेशमा स्नातक तहमा अध्ययन गर्नका लागि कम्तिमा ५० प्रतिशत छात्रवृत्ति प्राप्त गरेका नेपाली विद्यार्थीलाई मात्र अध्ययन अनुमति प्रदान, विश्वविद्यालय अनुदान आयोगबाट लगातार तीन पटक (१५ वर्ष। सम्म गुणस्तर सुनिश्चितता तथा प्रत्यायनकृत प्रमाणपत्र प्राप्त गर्ने उच्च शैक्षिक संस्थाहरूलाई सूचकका आधारमा शैक्षिक उपाधि प्रदान गर्ने र संस्थाको रूपमा संचालनका लागि स्वीकृति प्रदान, सबै विश्वविद्यालय तथा वैज्ञानिक अनुसन्धानमा सरिक सङ्घ संस्थाहरूमा अनुसन्धान तथा शैक्षिक सञ्जालको पहुँच स्थापित गर्ने, सबै विश्वविद्यालयका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्था गर्न एउटै सेवा आयोग गठन, योग्य शिक्षकलाई उच्च शिक्षामा प्रवेशका लागि राष्ट्रिय योग्यता परीक्षणको व्यवस्था, स्वरोजगार तथा उद्यमशील जनशक्ति उत्पादन, सङ्घ तथा प्रदेशमा नयाँ स्थापना हुने विश्वविद्यालयका लागि राष्ट्रिय मापदण्ड निर्माण, उच्च शिक्षामा एकीकृत शैक्षिक क्यालेण्डर तर्जुमा गरी कार्यान्वयन, विश्वविद्यालयहरू लाई अध्ययन-अनुसन्धान बढाउदै तथा शैक्षिक सञ्जालको पहुँच स्थापित गर्ने।
- **प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रमः** प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद्लाई सङ्घीय संरचना सुहाउँदो बनाई पुनर्सरचना, शिक्षालयहरूको सुदृढीकरण गर्ने तथा राष्ट्रिय योग्यता प्रारूपको कार्यान्वयन, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्र रणनीतिक योजनाको कार्यान्वयन, प्रिडिप्लोमा तथा डिप्लोमा तहको पाठ्यक्रममा आवश्यक परिमार्जन र उच्च शिक्षासम्म व्यावसायिक योग्यता हासिल गर्ने प्रवन्ध मिलान, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रको रणनीतिक योजना अनुरूप प्रशिक्षार्थी तालिम, पारागम्यता, गुणस्तर तथा प्रत्यायनको कार्य योजना बनाई कार्यान्वयन गर्ने।
- **शैक्षिक संस्थाको भौतिक पूर्वाधार सुधार कार्यक्रमः** पर्याप्त शिक्षकको व्यवस्था सहित न्यूनतम पूर्वाधारयुक्त शैक्षिक संस्थाका लागि भूकम्प प्रतिरोधी स्मार्ट कक्षा कोठा, पुस्तकालय, प्रयोगशाला, स्वच्छ पिउने पानी सहितको शौचालयको व्यवस्था गर्नुका साथै शैक्षिक संस्थाको विस्तृत तथ्याङ्क तयार गर्ने।
- **सामाजिक पूर्वाधारः** शिक्षा स्वास्थ्य खानेपानी सरसफाइ तथा सामाजिक क्षेत्रका पूर्वाधारहरू गुणस्तरीय तथा पहुँचयोग्य महिला वालवालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति लैङ्गिक तथा यौनिक अल्पसंख्यक मैत्री बनाउन अन्तर निकायगत समन्वय तथा संचालन गर्ने ।
- **राष्ट्रिय सीप विकास कार्यक्रमः** श्रम बजारको माग अनुसारको जनशक्ति विकास गर्न छोटो तथा लामो अवधिका रोजगार उन्मुख र कार्यस्थलमा आधारित सीप विकास तालिम सजालन गर्ने हाल कायम रहेका

तालिम प्रतिष्ठान केन्द्रहरुको पुनरावलोकन तथा पुनर्संरचना गर्ने, उद्योग, व्यापार, संघ, सस्थासँग सहकार्य तथा व्यवस्थापन गर्ने।

- **विदेशी विद्यार्थीलाई आकर्षण गर्ने कार्यक्रमः** निश्चित मापदण्ड बनाई विदेशी विद्यार्थीलाई नेपालमा अध्ययनका लागि आकर्षण गर्ने कार्यक्रम तय गर्ने, शिक्षामा विदेशी लगानी भित्र्याउन प्राथमिकता प्रदान गर्ने।
- **विश्वविद्यालय पुनर्संरचना कार्यक्रमः** उच्च शिक्षालाई गुणस्तरीय र समयबद्ध तुल्याउनका लागि विश्वविद्यालयहरूलाई संघीयताको मर्म अनुरूप पुनर्संरचना गर्ने, विश्वविद्यालय छाता ऐन तर्जुमा गरी कार्यान्वयन गर्ने, प्रदेशगतरूपमा विश्वविद्यालयका क्याम्पसहरूलाई गाभ्ने-गाभिने व्यवस्था गर्ने।
- **अपाङ्गता भएका विद्यार्थी सहयोग कार्यक्रमः** विभिन्न कारणले अपाङ्गता भएका विद्यार्थीहरूलाई आधारभूत तहको शिक्षा स्थानीय विद्यालयमै उपलब्धता, माध्यमिक र उच्च शिक्षामार्फत चौतर्फी विकास हुने गरी प्रदेश वा आवश्यकता अनुसार अन्य शहरमा विशेष आवासीय विद्यालयको व्यवस्थापन गर्ने।
- **विश्वविद्यालय अनुदान आयोगको संरचनागत रुपान्तरणः** उच्च शिक्षालाई समयानुकुल गुणस्तरीय बनाउन विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगका रूपमा रुपान्तरण गरी विश्विद्यालयको नियमनकारी निकायको रूपमा सुदृढीकरण गर्ने।

## विज्ञान तथा प्रविधि

- **नीतिगत तथा संस्थागत सुधारः** विज्ञान र प्रविधिको अनुसन्धान तथा नवप्रवर्तनका लागि विशेष कोषको स्थापना गरी सञ्चालन गर्न देशको बजेटको दुई प्रतिशत रकम छुट्टाउने, वैज्ञानिक तथा प्रविधिक ज्ञान व्यवस्थापन, उत्पादनजन्य उद्योग तथा दिगो पूर्वाधार क्षेत्रमा अनुसन्धान तथा प्रविधि विकास एकाइ स्थापना, विधिविज्ञान केन्द्रीय प्रयोगशालालाई अनुसन्धान संस्थाको रूपमा स्तरोन्नति, विधिविज्ञान प्रयोगशालाको सेवा विस्तार, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र बि.पी. कोइराला मेमोरियल प्लानेटोरीयम, वेदशाला तथा विज्ञान सङ्ग्राहलय विकास समितिको पुनर्सरचना, प्रदेश स्तरीय प्रविधि उद्यमोदय क्षेत्र स्थापना तथा सञ्चालन, नवप्रवर्तन केन्द्र स्थापना र सञ्चालन, समावेशी नीतिगत सुधार गर्दै प्रतिभावान वैज्ञानिक, प्राविधिज्ञ र युवा जनशक्तिलाई व्यवहारिक अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्यमा परिचालन तथा प्रोत्साहन, उच्च धरातलीय अनुसन्धान केन्द्र, अन्तरिक्ष अध्ययन केन्द्र, आणविक अनुसन्धान केन्द्र स्थापना, वायुमण्डलीय अनुसन्धान केन्द्र, रोबोटिक्स तथा कृत्रिम बौद्धिकता अनुसन्धान केन्द्र लगायतका उदीयमान प्रविधिका क्षेत्रका अनुसन्धान केन्द्र सञ्चालन, विज्ञान साक्षरता कार्यक्रम सञ्चालन गर्ने।
- **अनुसन्धान तथा प्रविधि विकासमा सहकार्य कार्यक्रमः** वैज्ञानिक अनुसन्धान तथा नवप्रवर्तनमा सहकार्य, समन्वय ता साझेदारी हासिल गर्न विज्ञान कुटनीति मार्फत विभिन्न राष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्झौता तथा समझदारी, विश्वविद्यालय तथा सार्वजनिक निकाय, वैज्ञानिक पेशागत समाज, गैरसरकारी वा निजी अनुसन्धान संस्थाहरूलाई नतिजामुखी अनुसन्धान एवम् प्रविधि विकास र प्रोत्साहन कार्यक्रम, वैज्ञानिक तथा अनुसन्धानकर्ताहरूलाई अनुसन्धान तथा शैक्षिक सञ्जालको माध्यमबाट वैज्ञानिक पुर्वाधारहरूमा पहुँच स्थापना गर्ने।

- **नवीनतम प्रविधि अनुसन्धान तथा उपयोग कार्यक्रमः** अपराध अनुसन्धान तथा न्याय सम्पादनमा उच्चस्तरीय सेवा प्रदान गर्न तथा नयाँ विधाका सेवाहरू शुरुवात गर्ने तथा विधि विज्ञानका प्रयोगशालाको सेवाको गुणस्तर सुनिश्चिताको लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्रत्यायनको व्यवस्था, पूर्वाधार स्वास्थ्य अनुसन्धान सुरुवात, विज्ञान साक्षरता बढावा एवम् स्थानीयस्तरका नवप्रवर्तन प्रबर्द्धन गर्न विज्ञान संग्राहलय, विज्ञान पार्क, विज्ञान शहर, नवप्रवर्तनशाला, इन्कुबेटर, एस्लेटर, प्रविधिपार्क, समुदायमा आधारित मेकर्स-स्पेश प्रदेश स्तरमा प्रविधि उद्यमोदय क्षेत्र स्थापना गर्न प्रदेश तथा स्थानीय सरकार वा सार्वजनिक वा गैर-सरकारी वा निजी क्षेत्रलाई प्रोत्साहन तथा विज्ञान क्षेत्र सहुलियत कार्यक्रम सञ्चालन गर्ने।
- **सुशासन प्रवर्द्धन गर्न प्रविधिको उच्चतम प्रयोग कार्यक्रमः** नेपालको सबै प्रशासनिक काममा विज्ञान तथा सूचना प्रविधिको उच्चतम प्रयोग गरी Governance 4.0 लाई संस्थागत गर्ने, रोबोटिक्स तथा कृत्रिम बौद्धिकता, अन्तरिक्ष प्रविधिको प्रयोगलाई बढावा दिने।
- **नेपालका रैथाने वस्तु र प्रविधिको विकास र संरक्षण कार्यक्रमः** नेपालमा भएका परम्परागत प्रविधिमा अनुसन्धान गरी तिनीहरूको विकास, प्रवर्द्धन, उत्पादन पद्धतिमा उपयोग जस्ता कुरामा विशेष महत्त्वका साथ काम गर्ने, यस्ता वस्तु र प्रविधिको विकास गर्नका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मातहत रहने गरी रैथाने वस्तु र प्रविधि विकास प्रतिष्ठान लाई राष्ट्रिय गौरवको आयोजनाको रूपमा गठन एवम् त्यस्ता वस्तुको अन्तर्राष्ट्रियकरण र बौद्धिक सम्पत्ति अधिकार संरक्षण गर्ने।

**परिमाणात्मक लक्ष**

| क्र.सं. | परिसूचक | इकाइ | २०७९/८० | २०८५/८६ |
|---|---|---|---|---|
| | **शिक्षा तथा सीप विकास** | | | |
| १. | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको | प्रतिशत | ७६.९ | १०० |
| २. | आधारभुत तह कक्षा १ - ८ मा पूरा गर्ने दर (उपयुक्त उमेर समुहको तुलनामा) | प्रतिशत | ७७.१ | १०० |
| ३. | माध्यमिक तहको कक्षा १२ सम्म पुग्ने दर (उपयुक्त उमेर समुहको तुलनामा) | प्रतिशत | ३५.६ | ५५ |
| ४. | उच्च शिक्षाको प्राविधिक विषयमा अध्ययन गर्ने विद्यार्थीको हिस्सा | प्रतिशत | २०.७ | ३० |
| ५. | उच्च शिक्षामा कुल भर्ना दर | प्रतिशत | १७.७७ | २५ |
| ६. | ५ वर्ष र सो भन्दा माथिको साक्षरता दर | प्रतिशत | ७६.२ | ९५ |
| ७. | शिक्षण सिकाइमा इन्टरनेटको पहुँच भएका शैक्षिक सस्था | प्रतिशत | ३५.५ | १०० |
| ८. | कक्षा ८ र १२ मा न्यूनतम सिकाइ क्षमता हासिल गर्ने विद्यार्थी | प्रतिशत | | |
| | नेपाली | | ५९ | ७० |
| | अग्रेजी | | ५२ | ५८ |

| क्र.सं. | परिसूचक | इकाइ | २०७९/८० | २०८५/८६ |
|---|---|---|---|---|
| | गणित | | ३२ | ५५ |
| | विज्ञान | | ३८ | ६० |
| ९. | वार्षिक सीप परीक्षण र प्रमाणीकरण | संख्या हजारमा | ६० | १०० |
| | **विज्ञान तथा प्रविधि** | | | |
| १०. | अनुसन्धान तथा प्रविधि विकासमा कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा राष्ट्रिय लगानी | संख्या | ०.३५ | १ |
| ११. | राष्ट्रिय, अन्तराष्ट्रिय पेटेन्ट दर्ता | संख्या | ८६ | ५०० |
| १२. | प्रविधि परीक्षण एवं प्रमाणीकरण भएका प्रविधिहरु | संख्या | ० | ५० |
| १३. | नाष्टका अनुसन्धान केन्द्रहरु विस्तार | संख्या | १ | ७ |
| १४. | राष्ट्रिय विधिविज्ञान प्रयोगशाला विस्तार | संख्या | ५ | ७ |
| १५. | वेधशाला निर्माण | संख्या | १ | ३ |
| १६. | अनुसन्धान तथा प्रविधि विकासका राष्ट्रिय उत्कृष्ट केन्द्रहरु | संख्या | ० | १० |
| १७. | नवप्रवर्तन प्रवर्द्धन सस्थाहरु( विज्ञान शहर, पार्क, इन्कुवेटर, एस्लेटर, ग्रामिण नवप्रवर्तशाला, प्रविधि पार्क) स्थापना, नियमन | संख्या | ० | २५० |

## दिगो विकास लक्ष्य ४: नेपाल राष्ट्रिय ढाँचा (वि.सं.२०७८-२०८७)

नेपालले सन् २०१५ मे मा इन्चोन घोषणा र सेप्टेम्बर २०१५ मा संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकमा हस्ताक्षर गरी दिगो विकास लक्ष्य ४ को समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको प्रवद्र्धन गर्ने लक्ष्य लिएको छ । यस सन्दर्भमा शिक्षालाई नेपाली संस्कृति, स्थानीय परम्परा, ज्ञानको विकास र इतिहास, परम्परागत सिप तथा सृष्टि र विज्ञानलाई आधारका रूपमा लिई नेपालको शिक्षाका विषयवस्तु तय गर्न पूर्वीय दर्शनमा आधारित गुणस्तरीय शिक्षाको विकासका लागि संघ, प्रदेश, र स्थानीय तह तथा समुदायको आपसी समन्वयमा दिगो विकास लक्ष्य हासिल गर्ने उद्देश्यले दिगो विकास लक्ष्य ४: नेपाल राष्ट्रिय ढाँचा र सो का सूचकसहितको १२ वर्षे कार्यक्रमहरू तय भएका छन् । नेपाल राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन रणनीतिक दूर दृष्टिलाई अनुसरण गरेको र निम्नानुसारका आधारभूत सिद्धान्तहरू अङ्गिकार गरेको छः

१. शैक्षिक गुणस्तरको पर्याप्तताः सबै तह र परिवेशहरूमा सान्दर्भिक, समतामूलक र प्रभावकारी सिकाइ उपलब्धि हासिल गर्नका लागि शैक्षिक गुणस्तरको पर्याप्त सुनिश्चितता ।

२. शिक्षा आधारभूत मानव अधिकार र सबलीकरणको अधिकार: समान गुणस्तरको समावेशी शिक्षा र सिकाइमा सबैको समतामूलक पहुँच सुनिश्चित गरी कसैलाई पछाडि नछोडी मानवीय व्यक्तित्व विकास, आपसी समझदारी, सद्भाव, सहिष्णुता, मैत्री र शान्तिको प्रवर्धन ।

३. लैङ्गिक समानताः सबैका लागि शिक्षाको अधिकारसँग लैङ्गिक समानता छात्रा तथा छात्र, महिला तथा पुरुष सबैले शिक्षामा समान पहुँच र शैक्षिक चक्र पूरा गर्ने समान अवसर तथा सशक्तीकरणमा समानता ।

४. जीवनपर्यन्त सिकाइः जीवनपर्यन्त सिकाइलाई शिक्षाको परिपूरकका रुपमा ग्रहण गरी पर्याप्त स्रोतसाधन तथा संयन्त्रका साथै सूचना तथा सञ्चार प्रविधिको समेत उपयुक्त उपयोगका माध्यमबाट व्यापक तथा लचिला अनौपचारिक पद्धतिको अवलम्बन ।

५. शिक्षा सार्वजनिक विषयः शिक्षा राज्यको दायित्वमा रहेको सामाजिक सहभागितात्मक प्रक्रिया भएकाले समावेशी पद्धतिका आधारमा सार्वजनिक नीति निर्माण र कार्यान्वयन तथा नागरिक समाज, शिक्षक तथा शिक्षाविद्हरू, निजी क्षेत्र, समुदाय, परिवार, युवा तथा बालबालिका सबैले महत्वपूर्ण भूमिका निर्वाह गर्ने वातावरण सिर्जना गरी शिक्षाको जिम्मेवारी राज्यको ।

## विद्यालय शिक्षा क्षेत्र योजना (वि.सं.२०७८-२०८७)

### पृष्ठभूमि

नेपालको संविधानको मार्गदर्शन, परिवर्तित संघीय संरचनाको आवश्यकता र उल्लिखित नीतिगत प्राथमिकता अनुकूल विद्यालय शिक्षाको विकासलाई दिशानिर्देश गर्न नयाँ योजनाको आवश्यकता देखिएको छ । नेपालमा हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजना (SSDP 2073-2080 BS) सात वर्षका लागि तयार गरिएको भए पनि पहिलो पाँच बर्षका लागि मात्र स्रोतको व्यवस्थापनसहितको कार्यान्वयन योजना तय गरिएकाले पहिलो चरणको पाँच बर्षे अवधि आर्थिक वर्ष २०७७/७८ को अन्तसम्म मात्र रहेकाले हाल सञ्चालनमा रहेका कार्यक्रमहरूमध्ये प्रभावकारी देखिएका तथा परीक्षणबाट उपयोगी ठहरिएका कार्यक्रमहरूलाई निरन्तरता दिन, कतिपय कार्यक्रहरूलाई परिमार्जन गरी समसामयिक बनाउन र परिस्थतिअनुरूप नयाँ रणनीति तथा कार्यक्रम समावेश गर्न पनि विद्यालय शिक्षा क्षेत्रमा नयाँ योजना निर्माण गर्नु परेको हो ।

ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिक बनाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ । विभिन्न समयमा देखापर्ने प्राकृतिक प्रकोप, महामारी तथा आपतविपतबाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील शिक्षा पद्धति विकासको आवश्यकतालाई अहिलेको कोभिड १९ जस्तो माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोधले पनि थप पुष्टि गरेको छ । कोभिड १९ को प्रभावबाट शिक्षा क्षेत्रमा भएको नोक्सानी, खासगरी विद्यार्थीको सिकाइमा भएको क्षतिलाई घटाई गतिशीलता प्रदान गर्नुपर्ने छ ।

उल्लिखित सन्दर्भहरूले नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि नयाँ योजनाको आवश्यकता महसुस गरी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आगामी १० वर्ष (२०७८-२०८७) का लागि विद्यालय शिक्षा क्षेत्रको योजना (School Education Sector Plan–SESP) तयार गरेको छ । यस योजनामा शिक्षा विकासको १० वर्षे दृष्टिकोणसहित पहिलो पाँच वर्षका लागि आवश्यक स्रोतको आकलन गरी

कार्यान्वयनको खाका तयार गरिएको छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको विद्यालय शिक्षा क्षेत्रको यो योजना निर्माण प्रक्रिया निम्नअनुसार रहेको थियो ।

## योजना निर्माणको नेतृत्व र समन्वय

यो योजना निर्माणको समग्र नेतृत्व नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट भएको हो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीबाट योजना निर्माणका लागि निरन्तर नीतिगत मार्गदर्शनका साथै आवश्यक संरचना तथा प्रक्रियाको निर्णय भएअनुसार योजना निर्माण प्रक्रियालाई मार्गदर्शन गर्न गठित निर्देशक समितिको अध्यक्षता मन्त्रालयका सचिवबाट भएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन मन्त्रालयको योजना तथा अनुगमन महाशाखाबाट भएको थियो भने यसमा आवश्यक समन्वयसहित समग्र व्यवस्थापनका लागि सचिवालयको काम मन्त्रालयको योजना तथा अनुगमन महाशाखाअन्तर्गत रहेको वैदेशिक सहायता समन्वय शाखाले गरेको थियो । मन्त्रालयले योजना निर्माणका क्रममा विभिन्न समिति, कार्य टोली तथा कार्य समूहहरू निर्माण तथा परिचालन गरेको थियो । योजनाका सन्दर्भमा मन्त्रालयबाट विभिन्न विषयगत मन्त्रालय तथा विभिन्न निकायहरूबिच समन्वय, विज्ञ तथा सरोकारवालाहरूसँग अन्तरकृया, प्रदेश तथा स्थानीय तहहरूसँग सञ्चार तथा समन्वय र विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य भएको थियो ।

## योजना निर्माणमा सहभागिता र सहकार्य

यो योजना तयारीका क्रममा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयलगायत अन्य मन्त्रायलहरूसँग सम्बन्धित विषयमा समन्वय तथा अन्तकृया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको संयोजकत्वमा प्रदेश सामाजिक विकास मन्त्रालयका मन्त्रीहरूसँग भएका बैठक तथा अन्तकृयाबाट यो योजना निर्माणका लागि महत्वपूर्ण पृष्ठपोषण प्राप्त भएको थियो । योजना निर्माणका क्रममा विभिन्न स्थानीय तह, प्रदेश सरकारका निकायहरूलगायत केही विद्यालयहरूसँग अन्तरकृया गरी सुझाबहरू लिइएको थियो । यस क्रममा सातओटै प्रदेश र २१ स्थानीय तहले १० वर्षे शिक्षा योजना निर्माण गरेका छन् । ती स्थानीय शिक्षा योजना निर्माणका विभिन्न चरणमा यस योजना विकासमा संलग्न व्यक्तिहरू सहभागी भई त्यसबाट प्राप्त सिकाइलाई यो योजना विकासका प्रक्रियामा समावेश गरिएको थियो । यसबाट योजनालाई स्थानीय परिवेश तथा आवश्यकतामा आधारित बनाउन सहयोग पुगेको छ ।

योजना निर्माणका विभिन्न चरणमा शिक्षा विद्हरू, योजना विद्हरू, शिक्षा योजना निर्माणमा अनुभव भएका व्यक्तिहरू तथा अभ्यासकर्ताहरू विभिन्न कार्यटोली तथा समूहमा संलग्न भएर, व्यक्तिगत रूपमा, कुनै अध्ययन अनुसन्धानमा संलग्न भएर वा विशिष्ट क्षेत्रमा प्राविधिक सहयोग तथा सल्लाह प्रदान गरेर सहभागी भएका थिए । योजना निर्माणका लागि गठन गरिएका योजना निर्देशक समिति, योजना प्राविधिक सल्लाहकार समूह, योजना प्राविधिक समिति, परामर्शदाता समूहहरू र विषयगत अध्ययन समूहहरूका माध्यमबाट योजना निर्माणमा सहभागिता विस्तार गर्न, योजना निर्माण प्रक्रियामा सरोकारवालाहरूको संस्थागत सहभागिता सुनिश्चित गर्न र विज्ञहरूको सहभागिता कायम गरी विभिन्न क्षेत्रबाट पृष्ठपोषण प्राप्त गर्न सहज भएको थियो ।

योजना निर्माणका क्रममा नागरिक समाज, शिक्षक तथा अभिभावक प्रतिनिधिहरू, विकास साझेदारहरूलगायत अन्य सरोकारवालाहरूसँग अन्तकृया गरी राय सुझाब लिइएको थियो । यस क्रममा नेपाल नगरपालिका संघ, नेपाल गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल शिक्षक महासंघ, नेपाल अभिभावक महासंघलगायतका

प्रतिनिधिहरूसँग छलफल तथा अन्तकृया गरी योजनाका विविध पक्षमा पृष्ठपोषण प्राप्त गरिएको थियो । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग पनि वित्तीय व्यवस्थापन सम्बन्धमा छलफल गरी सुझाब प्राप्त गरिएको थियो भने राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयबाट यो योजना निर्माणका लागि आवश्यक पृष्ठपोषण प्राप्त भएको थियो । योजना तयारीका विभिन्न चरणमा विकास साझेदारहरूको सहयोग तथा सहभागिता निरन्तर रहेको थियो ।

## योजना विकासका लागि संरचनात्मक व्यवस्था तथा कार्यक्षेत्र

योजना विकासका लागि निर्देशक समिति, प्राविधिक सल्लाहकार समूह , प्राविधिक समिति , परामर्शदाता समूहहरू तथा विषयगत अध्ययन समूहहरू गठन गरी कार्यक्षेत्र निर्धारण गरिएको थियो ।

### निर्देशक समिति (Steering Committee)

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको योजना निर्देशक समितिमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सम्बन्धित पदाधिकारीहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, प्रदेश सरकार तथा स्थानीय तहलगायतको प्रतिनिधित्व रहेको थियो । यस समितिले योजना निर्माणका समग्र प्रक्रियालाई मार्गदर्शन तथा समन्वय गर्ने र योजना निर्माणका सन्दर्भमा राष्ट्रिय योजना आयोग, विभिन्न मन्त्रालय तथा निकायहरू, प्रदेश सरकार तथा स्थानीय तहहरूसँगको समन्वयका लागि सहजीकरण गरेको थियो ।

### प्राविधिक सल्लाहकार समूह (Technical Advisotry Team)

शिक्षा नीति तथा योजनासम्बन्धी विज्ञको संयोजकत्वमा गठित योजना प्राविधिक सल्लाहकार समूहमा विभिन्न विज्ञ तथा शिक्षा विद्‌हरूको सहभागिता रहेको थियो । यसले शिक्षा क्षेत्रको विश्लेषण र योजना निर्माणका क्रममा विभिन्न विषय तथा क्षेत्रमा निरन्तर आवश्यक विषयगत तथा प्राविधिक सरसल्लाह तथा सुझाब प्रदान गरेको थियो ।

### प्राविधिक समिति (Technical Committee)

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको योजना तथा अनुगमन महाशाखाका प्रमुखको अध्यक्षतामा रहेको योजना प्राविधिक समितिमा मन्त्रालयअन्तर्गतका विभागीय निकायहरू तथा मन्त्रालयअन्तर्गका विभिन्न शाखाका प्रमुखहरू रहेका थिए । यस समितिले योजना निर्माणको प्राविधिक तथा व्यवस्थापकीय पक्षको संयोजन तथा समन्वय र अन्तरनिकाय सहकार्यलाई सहजीकरण गरेको थियो ।

### परामर्शदाता समूहहरू (Consultative Teams)

विज्ञ तथा परामर्शदाताहरूका समूहहरूले आवश्यकतानुसार विभिन्न विषयमा कार्य गरेका थिए ।

### विषयगत अध्ययन समूहहरू (Thematic Teams)

मन्त्रालयले सम्बन्धित विषय क्षेत्रका विज्ञको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ, विगतमा योजना निर्माणमा अनुभव भएका व्यक्तिहरू, मन्त्रालय तथा विभागीय निकायका सम्बन्धित क्षेत्रको अनुभव भएका विज्ञहरू,

सम्बन्धित क्षेत्रमा अनुभव भएका विकास साझेदार संस्थामा कार्यरत विज्ञहरू तथा स्थानीय तहको शिक्षा योजना तथा कार्यान्वयनमा अनुभव प्राप्त व्यक्ति संलग्न भएका १२ ओटा विषयगत अध्ययन समूहहरू गठन गरेको थियो ।

### प्रारम्भिक मस्यौदा तयारी समूहहरू (Initial Draft Preparation Teams)

मन्त्रालयले योजना निर्माणमा अनुभव भएका तथा सम्बन्धित विषय क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरू सम्मिलित दुईदेखि चारजनासम्मको समूहलाई योजनाका विभिन्न खण्डहरूको प्रारम्भिक मस्यौदा तयार गर्न लगाएको थियो ।

## दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति

योजनाका दूरदृष्टि, ध्येय तथा उद्देश्यहरूलाई मूलतः नेपालको संविधानले गरेको मार्गदर्शन, नेपाल सरकारले निर्धारण गरेको विकासको दीर्घकालीन सोचको अनुकूलता र दिगो विकास लक्ष्य तथा पन्ध्रौं योजनाका प्राथमिकतासँगको सामञ्जस्यतामा आधारित गरिएको छ । उल्लेख गरिएको राष्ट्रिय शैक्षिक परिवेशको समीक्षा तथा उठान गरिएका मुख्य चुनौती तथा अवसरहरूले नेपालको विद्यालय शिक्षाको आागामी १० वर्षको मार्ग पहिचानका लागि आधार तयार गरेका छन् । यही सन्दर्भमा आधारित भएर यस योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा हासिल गर्ने उद्देश्य, रणनीतिहरू र प्राप्त हुने उपलब्धिहरूलाई यसमा समेटिएको छ ।

### दीर्घकालीन सोच (Vision)

सक्षम, सृजनशील र मूल्यउन्मुख नागरिक तयार गरी नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका माध्यमबाट“समृद्ध नेपाल, सुखी नेपाली” को आकांक्षा पूरा गर्ने ।

### ध्येय (Mission)

अन्तर्राष्ट्रिय स्तरसँग तुलनायोग्य गुणस्तरयुक्त सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हक सुनिश्चित गर्न सक्षम, सुशासित, उत्तरदायी र प्रतिस्पर्धी सार्वजनिक विद्यालय शिक्षा पद्धतिको विकास ।

### उद्देश्यहरू (Objectives)

- विद्यालय शिक्षामा सबै बालबालिका विशेषतः आर्थिक तथा सामाजिक कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
- प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु ।

- सबै नागरिकलाई आधारभूत कार्यमूलक तथा जीवनोपयोगी सिपसहित साक्षर बनाउनु र निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसर विस्तार गर्नु ।
- विद्यालय तथा विद्यालय शिक्षाका सबै निकायमा सुशासन प्रवर्द्धन, अन्तरसरकार समन्वय तथा सहकार्य सुदृढीकरण र क्षमता विकास गरी शैक्षिक सेवा प्रवाह प्रभावकारी बनाउनु ।
- मुख्य मूल्य तथा निर्देशक सिद्धान्तहरू (Core values and guiding principles)
- यस योजनाले अबलम्बन गरेका मुलभूत उदेश्य, रणनीति तथा कार्यक्रमहरू निम्नलिखित मूल्य तथा सिद्धान्तहरूमा आधारित छनः

**विविधता (Diversity):** समाजमा विद्यमान सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, लैङ्गिक, जातजातीय लगायतका पहिचानमा आधारित विविधताहरूको सम्मान गर्दै व्यक्तिगत विशेषता र पृष्ठभूमिका आधारमा व्यक्तिका संज्ञानात्मक क्षमता तथा सर्वाङ्गीण विकासका आवश्यकतामा हुनसक्ने भिन्नताप्रति सजग रहनु अपरिहार्य हुन्छ । विविधतायुक्त समाजमा सहअस्तित्व (Coexistence), ऐक्यबद्धता (Solidarity), सम्मान (Respect), विश्वास (Trust), सुसंगता (Cohesiveness) जस्ता मूल्यहरूले सामाजिक र वैयक्तिक विकासको आधार प्रदान गर्दछन् ।

**समावेशिता (Inclusiveness):** समावेशिताले विविधताको सम्मान, समताको प्रत्याभूतिका साथसाथै पहुँच, सहभागिता र उपलब्धि प्राप्तिमा रहेका बाधाहरूलाई हटाउनु भन्ने जनाउँदछ । शिक्षामा समावेशिताले उपलब्धता, पहुँच योग्यता, स्वीकार्यता र ग्रहणयोग्यताको सुनिश्चितता खोज्दछ ।

**समता (Equity):** समताको अर्थ व्यक्तिगत तथा सामाजिक/आर्थिक अवस्थाका आधारमा हुने विभेदलाई निषेध गर्नु र व्यक्तिगत, सामाजिक/आर्थिक तथा लैङ्गिक अवस्थाका आधारमा सहभागी हुन र उपलब्धि प्राप्त गर्न कुनै बाधा नहुने कुराको सुनिश्चितता गर्नु हो । यसका लागि निष्पक्षता र समान अवसर मात्र पर्याप्त हुदैन, आवश्यकतानुसार अवसरमा भिन्नता पनि आवश्यक हुन्छ अर्थात् सबैभन्दा कम सुविधा भएकालाई पहिलो प्रथमिकता दिने सिद्धान्तलाई पनि समताले आत्मसात गर्दछ भने गुणात्मक शिक्षा र समताका बिचमा अन्योन्याश्रित सम्बन्ध रहन्छ ।

**निष्ठा/सदाचार (Integrity):** निष्ठा/सदाचार भनेको इमान्दारिता, नैतिकता तथा आचरणमा स्थिरता हो । यसले विश्वासयोग्यता, निष्पक्षता, उत्तरदायित्वजस्ता मूल्यहरूलाई आत्मसात गर्दछ ।

**विद्यार्थी केन्द्रितता (Student centeredness):** विद्यार्थी केन्द्रितताको अर्थ समग्र शिक्षा पद्धतिलाई बालकेन्द्रित बनाउने, प्रत्येक बालबालिकाको सिकाइ सफलता सुनिश्चित गर्ने, बालबालिकाको आवश्यकता र रुचि अनुकूलको वैयक्तिक सिकाइ र कुशलतामा ध्यान दिने सिद्धान्तमा आधारित गरिनु हो । शिक्षा प्रणालीले प्रत्येक बालबालिकालाई सिङ्गो व्यक्तिको रूपमा ग्रहण गर्दै उसको सर्वाङ्गीण विकासका लागि अवसर सिर्जना गर्दछ ।

**सुशासन (Good governance):** समस्त शिक्षा पद्धतिमा सुशासनको प्रत्याभूति गर्न निर्णय र कार्यान्वयनमा अभिभावक तथा अन्य सरोकारवालाहरूको सहकार्य र सहभागिता कायम, विधिको पालना, पारदर्शिता, भूमिका र नतिजाप्रतिको जिम्मेवारी तथा उत्तरदायित्व सुनिश्चित गर्ने र प्रभावकारिता तथा कुशलता कायम गर्ने पक्षहरू समावेश हुन्छन् ।

**नवप्रवर्तन (Innovation):** नवप्रवर्तनले शिक्षाको प्रवाह तथा प्रकियामा विशेष शिक्षक तथा विद्यार्थीलाई खोजी तथा अध्ययन÷अनुसन्धानमा प्रोत्साहन गरी सिर्जनात्मकता तथा समस्या समाधानको सिपमा जोड दिनु भन्ने जनाउँदछ । यसमा शैक्षिक उन्नयन र नवप्रवर्तनमा प्रविधिको प्रयोग गरी समतामूलक र समवेशी पद्धतिसहित गुणस्तर अभिवृद्धिमा जोड दिइन्छ ।

## परिवर्तनको सिद्धान्तहरू (Theory of Change)

यो योजना निश्चित परिवर्तनको सिद्धान्त र त्यसका मूलभूत मान्यताहरूबाट निर्देशित छ । योजनाले राखेको दूरदृष्टि"सक्षम, सृजनशील र मूल्यउन्मूख नागरिक तयार गरी नेपालको अर्थिक तथा सामाजिक रूपान्तरणका माध्यमबाट समृद्ध नेपाल, सुखी नेपालीको आकांक्षा पूरा गर्ने" प्राप्तिका लागि सहयोग पुर्याउने गरी यस योजनाको ध्येय-"अन्तर्राष्ट्रिय स्तरसँग तुलनायोग्य गुणस्तरयुक्त सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हक सुनिश्चित गर्न सक्षम, सुशासित, सुसङ्गठित र उत्तरदायी सार्वजनिक विद्यालय शिक्षा पद्धतिको विकास गर्नु" रहेको छ । योजनाको ध्येय प्राप्तिसँग सम्बन्धित चार ओटा उद्देश्य निर्धारण गरिएको छ । ती उद्देश्यहरू समतामूलक पहुँच तथा सहभागिता, विद्यालय शिक्षाको सान्दर्भिकता अभिवृद्धि तथा गुणस्तर सुधार, सुशासन तथा व्यवस्थापन सुधार र सबैलाई साक्षरता बनाई निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसर विस्तारसँग सम्बन्धित रहेका छन् । यस परिच्छेदमा तय गरिएका समग्र उद्देश्यलाई परिच्छेद चार र पाँचमा आवश्यकतानुसार विस्तृतीकरण गरिएको छ भने विषयक्षेत्रगत रूपमा रणनीतिहरू पहिचान गरिएको छ । पहिचान गरिएका रणनीतिहरू प्रयोग गरेर उद्देश्य प्राप्तिका लागि विद्यालय शिक्षाका विभिन्न विषयक्षेत्रसँग सम्बन्धित आवश्यक क्रियाकलापहरू निर्धारण गरिएको छ ।

निर्धारित रणनीतिअनुरूप योजनाबद्ध रूपमा क्रियाकलाप सञ्चालन गर्दै लक्षित उपलब्धिहरू प्राप्त हुने अपेक्षा गरिएको छ । लक्षित उपलब्धि हासिल भएमा विद्यालय क्षेत्रको समग्र दीर्घकालीन उपलब्धि प्राप्त भई नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका माध्यमबाट समृद्ध नेपाल, सुखी नेपाली" को आकांक्षा पूरा गर्ने गन्तव्यमा पुग्न सहयोग हुने अपेक्षा गरिएको छ । यसरी निर्धारित रणनीति तथा क्रियाकलापका माध्यमबाट विद्यालय शिक्षाका विद्यमान चुनौती तथा मुद्दाहरू सम्बोधन भई वर्तमान अवस्थामा परिवर्तन हुने र लक्षित उपलब्धि प्राप्त भई गन्तव्यमा पुग्न सहयोग मिल्ने छ ।

## मान्यता, जोखिम तथा जोखिम न्यूनीकरण (Assumption, Risk and Risk Mitigation)

निर्धारित रणनीति तथा क्रियाकलापहरूले विद्यालय शिक्षामा अपेक्षित उपलब्धि प्राप्त भई यसबाट देशको समग्र विकासमा प्रभाव पर्ने अपेक्षा गरिए पनि यो परिवर्तनको सिद्धान्त केही निश्चित मान्यतामा आधारित छ । यी मान्यताहरूलाई यस योजनाका आधारभूत सर्तका रूपमा लिन सकिन्छ । यी मान्यताहरू अनुसरण नभएमा उपलब्धि प्राप्तिमा कठिनाइ हुने भएकाले उपलब्धि प्राप्त नहुने जोखिम रहने हुनसक्छ ।

यो योजना पाँचओटा प्रमुख मान्यताहरूमा आधारित छ । पहिलो मान्यता शिक्षा विकासका लागि राष्ट्रिय सहमति र राजनीतिक प्रतिबद्धता प्राप्त भई आवश्यक नीति तथा कानुन तयार हुने र कार्यन्वयनलाई सहजीकरण हुने भन्ने हो । संघीय संरचनाअनुरूप संघ, प्रदेश र स्थानीय तहमा आवश्यक देखिएका नीतिगत तथा कानुनी प्रबन्ध समयमै पूरा भई कार्यान्वयनमा सहयोग हुने मान्यतामा आधारित भई यो योजना तयार गरिएको छ ।

योजनाको दोस्रो मान्यता भनेको कार्यान्वयन तथा व्यवस्थापनको संरचना पुनर्संरचित भई संघीय संरचनाअनुकूल हुने गरी व्यवस्थित हुने छ भन्ने हो । यसमा कार्यमूलक संरचना स्थापनाका साथसाथै जिम्मेवारी तथा उत्तरदायित्वको स्पष्टता हुने छ भने आवश्यक जनशक्तिको व्यवस्था तथा सबै जनशक्ति विशेषत स्थानीय जनशक्तिको क्षमतामा सुधार हुने छ भन्ने मान्यतामा आधारित भएर यो योजना विकास गरिएको छ ।

तेस्रो, तीनै तहका सरकार शिक्षामा लगानीका लागि तयार भई अपेक्षित लगानी सुनिश्चित हुने छ । प्रत्येक तहको सरकारले शिक्षामा गर्ने लगानीलाई प्राथमिकतामा राखी बढ्दो दायित्वलाई विचार गरेर आवश्यक लगानी सुनिश्चित गर्ने छन् भने विशेषतः स्थानीय तहहरूले विद्यालय शिक्षालाई प्राथमिकतामा राखी यो योजना र यसका कार्यक्रमहरू अपेक्षित रूपमा कार्यान्वयन गर्न अपनत्व लिने छन् भन्ने मान्यता यस योजनाको रहेको छ ।

चौथो मान्यता, सुविधा सम्पन्न स्थानमा स्रोत एकीकृत भई त्यसबाट हुनसक्ने भिन्नतालाई विचार गरेर लगानीलाई समतामा आधारित रही निश्चित मापदण्डका आधारमा स्रोतको वितरण र सदुपयोग गरिएको हुने छ भन्ने हो ।

पाँचौं मान्यता, शिक्षकको सक्षमता र उत्प्रेरणामा सुधार भई सक्षम र उत्प्रेरित शिक्षकबाट शिक्षण सिकाइ हुन्छ भन्ने हो । समग्रमा शिक्षण पेसाको आकर्षण र प्रतिष्ठामा अभिवृद्धि सँगसँगै शिक्षकसम्बन्धी नीति र समग्र शिक्षक व्यवस्थापनमा सुधार ल्याई शिक्षकहरूमा व्यावसायिक प्रवृत्ति, लगनशीलता, जवाफदेहिताको विकास गर्नु अपरिहार्य हुने छ ।

उल्लिखित आधारभूत मान्यताहरू पूरा नभएमा यो योजना कार्यान्वयनका कतिपय पक्षहरूमा देखापर्न सक्ने सम्भाव्य जोखिमलाई न्यूनीकरण गरी योजनाका मूलभूत उद्देश्यहरू तथा मुख्य उपलब्धि प्राप्ति सुनिश्चित हुन सक्ने गरी सम्भाव्य जोखिम न्यूनीकरण गर्न वा वैकल्पिक तथा पुरक उपाय अवलम्बन गर्न सकिने गरी लचकता प्रदान गरिएको छ । नीतिगत प्रबन्ध अन्तरगत संघीय शिक्षा ऐन तथा प्रदेश र स्थानीय शिक्षा ऐन नबनेको अवस्थामा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन र स्थानीय सरकार सञ्चालन ऐनका प्रावधानका आधारमा संवैधानिक प्रत्याभूति अनुकूल हुने गरी यो योजना कार्यान्वयन गरिने छ । कार्यान्वयन तथा व्यवस्थापनको संरचना पुनर्संरचित भई संघीय संरचनाअनुकूल हुने गरी व्यवस्थित भएमा योजना कार्यान्वयनमा सहजता हुने छ तापनि हालको संरचना पनि संघीयताको कार्यान्वयनका क्रममा तयार गरिएको हुनाले यसमा केही क्रमिक सुधार गरी यो योजना कार्यान्वयनमा सहजीकरण गर्न सकिने छ । सरकारको लगानीको प्राथमिकताको निरन्तरता, संवैधानिक प्रावधान, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धता, नागरिक समाजलगायतको सार्वजनिक चासो तथा राजनीतिक सहमति, वैदेशिक सहयोग प्राप्तिको निरन्तरता, विभिन्न गैरसरकारी तथा समुदायमा आधारित संघसंस्थाको विद्यालय शिक्षाका विभिन्न पक्षमा सहयोग तथा संलग्नता इत्यादिले सार्वजनिक शिक्षामा लगानीको सुनिश्चितताप्रति विश्वस्त हुने आधार तयार भएको छ भने स्थानीय तह र प्रदेश तहबाट हुनसक्ने थप लगानीले पनि यसमा सकारात्मक प्रभाव पार्ने देखिन्छ । यस योजना अवधिमा समताका सूचकहरूलाई समेत विचार गरेर लगानीका मापदण्ड विकास गरी विद्यालय शिक्षामा लगानी गर्ने अवसर भएकाले यसबाट लगानीलाई समता अभिवृद्धिमा सहयोग पुग्नेगरी कुशलतापूर्वक व्यवस्थित गर्न सहयोग पुग्ने छ । यस योजनामा प्रस्ताव गरिएका शिक्षक विकास र व्यवस्थापनसम्बन्धी रणनीति तथा क्रियाकलापको माध्यमबाट शिक्षकको सक्षमता र उत्प्रेरणामा सुधार भई सक्षम र उत्प्रेरित शिक्षक व्यवस्थापन भई सिकाइ सुधारमा सहयोग पुग्ने छ ।

## राष्ट्रिय जनगणना २०७८

### साक्षरता:

१. राष्ट्रिय जनगणनामा ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका व्यक्तिहरुको शैक्षिक अवस्था सम्बन्धी विवरण संकलन गरिएको थियो । जनगणनाको नतिजाले देशका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल २,६७,२५,२९५ जनसङ्ख्यामा २,०३,७७,९८० जना पढ्न र लेख्न दुवै जान्ने देखाएको छ । यसअनुसार देशको समग्र साक्षरता दर ७६.२ प्रतिशत कायम हुन्छ । पुरुषको साक्षरता दर ८३.६ प्रतिशत रहेको छ र महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ । अघिल्लो अर्थात २०६८ को जनगणनामा कुल साक्षरता दर ६५.९ प्रतिशत, पुरुषको साक्षरता दर ७५.१ प्रतिशत र महिलाको साक्षरता दर ५७.४ प्रतिशत रहेको थियो ।

२. प्रदेशगत आधारमा अध्ययन गर्दा वाग्मती प्रदेशमा सबैभन्दा धेरै साक्षरता दर रहेको छ । वाग्मती प्रदेशमा पाँच वर्ष वा सो भन्दा माथिल्लो उमेरका जनसंख्याको ८२.१ प्रतिशत साक्षर रहेका छन् । पुरुषको साक्षरता दर गण्डकी प्रदेशमा उच्च रहेको छ । मधेश प्रदेशमा सबैभन्दा कम साक्षरता दर ६३.५ प्रतिशत रहेको छ । पुरुष र महिलाको साक्षरता दरसमेत मधेश प्रदेशमा अन्य प्रदेशको तुलनामा सबैभन्दा कम रहेको छ ।

३. सबै जिल्लाहरुमा ५५ प्रतिशत भन्दा धेरै साक्षरता दर देखिएको छ । काठमाडौं जिल्लामा सबैभन्दा बढी ८९.२३ र रौतहत जिल्लामा सबैभन्दा कम साक्षरता दर ५७.७५ रहेको छ । पुरूष र महिलाको साक्षरता दर पनि अन्य जिल्लाको तुलनामा काठमाडौं जिल्लामा क्रमशः ९४.१९ प्रतिशत र ८४.१६ प्रतिशत रहेको छ । रौतहत जिल्लामा भने महिला र पुरूष दुवैको साक्षरता दर अन्य सबै जिल्लाहरुको भन्दा कम रहेको छ ।

### साक्षर जनसंख्याको उत्तीर्ण गरेको तह सम्बन्धी विवरण :

जनगणनामा प्राप्त नतिजाअनुसार कुल साक्षर जनसंख्याको सबैभन्दा बढी २८.७ प्रतिशत व्यक्तिहरुले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) मात्र उत्तीर्ण गरेका छन् । निम्न माध्यमिक तह (कक्षा ६ देखि ८ सम्म) मात्र उत्तीर्ण गरेका व्यक्तिहरु १९.९ प्रतिशत रहेका छन् । एस.एल.सी. वा सो सरह मात्र उत्तीर्ण गर्ने व्यक्तिहरु ९.५ प्रतिशत देखिन्छन् । यस्तै १.८ प्रतिशत व्यक्तिहरुले अनौपचारिक शिक्षा अध्ययन गरेको देखिएको छ ।

प्राप्त नतिजाले देशका ५ वर्ष वा सो भन्दा बढी उमेरका साक्षर पुरुष र महिलाहरुले सबैभन्दा बढी संख्याले प्राथमिक तह मात्र उत्तीर्ण गरेका छन् जसमा पुरुष र महिला क्रमशः २८.८ प्रतिशत र २८.६ प्रतिशत रहेका छन् । दोस्रो ठूलो हिस्सा १५.५ ले निम्न माध्यमिक तह मात्र उत्तीर्ण गरेका छन् । एस.एल.सी. भन्दा माथि माथिल्लो तह उत्तीर्ण गर्ने महिलाहरुको तुलनामा पुरुषहरुको प्रतिशत धेरै रहेको छ । अनौपचारिक शिक्षामा भने महिलाहरुको प्रतिशत पुरुषको भन्दा धेरै रहेको छ ।

## अध्ययन गरेको विषय/क्षेत्र सम्बन्धी विवरण

जनगणनाको नतिजाअनुसार सबैभन्दा धेरै व्यक्तिहरु अर्थात ३५.१ प्रतिशतले व्यवस्थापन क्षेत्रको अध्ययन गरेको देखिएको छ । शिक्षाशास्त्र अध्ययन गरेका व्यक्तिहरु २९.९ प्रतिशत सहित दोस्रो स्थानमा रहेका छन् भने मानविकी तथा सामाजिक शास्त्र अध्ययन गरेका व्यक्तिहरु ११.५ प्रतिशत सहित तेस्रो स्थानमा रहेका छन् । विज्ञान, स्वास्थ्य, चिकित्साशास्त्र, इन्जिनियरिङ, कम्प्युटर, सूचना प्रविधि, कानुन, कृषि, वन र पशुविज्ञान/पशुचिकित्सा/मत्स्यपालन विषय अध्ययन गर्ने व्यक्तिहरु क्रमशः ७.१ प्रतिशत, ४.४ प्रतिशत, ३.० प्रतिशत, १.२ प्रतिशत, ०.८ प्रतिशत, ०.७ प्रतिशत, ०.३ र ०.२ प्रतिशत रहेको छ ।

लैङ्गिक आधारमा विश्लेषण गर्दा सबैभन्दा धेरै पुरुषहरु ३६.९ ले व्यवस्थापन विषय/क्षेत्र अध्ययन गरेको देखिएको छ भने धेरै महिलाहरु ३६.१ ले शिक्षाशास्त्र अध्ययन गरेका छन् । मानविकी तथा सामाजिकशास्त्र ११.६ अध्ययन गर्ने महिला र पुरूष बराबर रहेका छन् ।

## नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्य क्षेत्र

१. शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन

२. केन्द्रीय विश्वविद्यालयसम्बन्धी नीति, कानुन र मापदण्ड

३. विदेशी विश्वविद्यालयसँगको सम्बन्धन, समकक्षता निर्धारण, प्रत्यायन (एक्रिडिटेशन), समन्वय तथा नियमन

४. केन्द्रीय पुस्तकालसम्बन्धी नीति, कानुन र व्यवस्थापन

५. मानव संशाधन आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवम् मानवस्रोत विकास योजना

६. विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारुप, मूल विषयको पाठ्यक्रम, नमुना पाठ्यपुस्तक र नियमन

७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारुप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड

८. विद्यालय तहको शिक्षकको सेवा सर्त , योग्यता एवम् समकक्षताको नीति र मापदण्ड

९. शिक्षक तालिमसम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारुप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसँगको समन्वय

१०. विद्यालय तहको परीक्षाको राष्ट्रिय मापदण्ड, माध्यमिक तहको परीक्षा व्यवस्थापन तथा समकक्षता निर्धारण

११. कूटनीतिक नियोगबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति

१२. विदेशी शैक्षिक संस्थाबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति, प्रत्यायन तथा नियमन

१३. प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा समन्वय

१४. विश्वविद्यालय अनुदान आयोग, केन्द्रीय विश्वविद्यालय, खुला विश्वविद्यालय र केन्द्रीयस्तरका शैक्षिक प्रतिष्ठानसंग समन्वय

१५. छात्रवृत्ति र विद्वतवृत्तिसम्बन्धी नीति र मापदण्ड

१६. शैक्षिक अध्ययन, अनुसन्धानको स्वीकृतिसम्बन्धी नीति, कानुन र मापदण्ड

१७. राष्ट्रिय प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन

१८. शैक्षिक गुणस्तर मानक निर्धारण, मापन तथा नियमन

१९. राष्ट्रिय परीक्षा बोर्ड , प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

२०. विज्ञान प्रविधिसम्बन्धी नीति, कानुन, मापदण्ड

२१. वैज्ञानिक, अन्तरिक्ष विज्ञान र खगोल विज्ञानसम्बन्धी अध्ययन तथा अनुसन्धान

२२. विज्ञान र प्रविधिको खोज, अनुसन्धान, आविस्कार , प्रवद्र्धधन र विकास

२३. विज्ञान प्रविधि विषयक तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षणको मापदण्ड

२४. पारमाणविक प्रविधि, रेडियोधर्मी पदार्थहरूको गुणस्तर तथा उपयोगसम्बन्धी तथ्याङ्क प्रणालीको स्थापना, व्यवस्थापन र नियमन

२५. जैविक तथा पारमाणविक प्रविधिको उपयोग तथा प्रवद्र्धधन, नियन्त्रण र नियमन

२६. ओजोन अध्ययन, सौर्य विकीरण मापन तथा सूचना प्रवाह

२७. वैज्ञानिक उपकरण क्यालिब्रेशन तथा प्रमाणिकरण

२८. रासायनिक पदार्थको उपयोग तथा प्रवद्र्धधन, नियन्त्रण र नियमन

२९. पारमाणविक पदार्थ , वेवारिसे स्रोतहरूको खोज तथा पुनर्लाभ र व्यवस्थाप

३०. आणविक ऊर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन

३१. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विधि विज्ञान प्रतिष्ठान, प्लानेटेरियम, वोधशाला र विज्ञान संग्रहालय

३२. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय

३३. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

३४. नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलजी समूह बाहेक) ।

माथि उल्लिखित कार्यहरू सम्पादन गरी मुलुकको समग्र शैक्षिक प्रशासन सञ्चालनमार्फत देशमा शैक्षिक सुशासन कायम राख्दै छिटो, छरितो एवम् गुणस्तरीय शैक्षिक सेवा प्रवाहको प्रबन्ध मिलाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको स्थापना भएको छ ।

नेपालमा विक्रम सम्बत २००७ सालमा आएको राजनीतिक परिवर्तनपछि शिक्षा मन्त्रालयको स्थापना गरिएको हो भने शिक्षा मन्त्रालयको पहिलो नेतृत्व सम्हाल्ने व्यक्तिको रुपमा माननीय मन्त्री नृपजङ्ग राणा हुनुहुन्थ्यो । शिक्षा मन्त्रालयको स्थापना भएपछि विभिन्न कालखण्डमा मन्त्रालयलाई विभिन्न जिम्मेवारीसहित विभिन्न नामले

सम्बोधन गर्ने गरिएको पाइएको छ । जस्तै: कहिले शिक्षा मन्त्रालय, कहिले शिक्षा तथा संस्कृति मन्त्रालय, कहिले शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय यस्तै गरी कहिले शिक्षा तथा खेलकुद मन्त्रालय हुँदै हाल यो मन्त्रालयको नाम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय कायम हुन गएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रका कार्यहरू सम्पादन गर्नको लागि मन्त्रालयमा निम्नानुसार ७ वटा महाशाखा र सो अन्तर्गत ३० वटा शाखाहरू रहने गरी सङ्गठन संरचना स्वीकृत गरिएको छ । उक्त महाशाखा अन्तर्गतका शाखाहरू सहितको सङ्गठन संरचना अनुसूची १ मा उल्लेख गरिएको छ ।

१. प्रशासन महाशाखा

२. प्राविधिक तथा व्यावसायिक शिक्षा महाशाखा

३. विद्यालय शिक्षा महाशाखा

४. उच्च शिक्षा महाशाखा

५. योजना तथा अनुगमन महाशाखा

६. विज्ञान प्रविधि महाशाखा

७. पारमाणविक पदार्थ व्यवस्थापन महाशाखा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको संगठन संरचना अनुसूची १ मा दिइएको छ ।

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका केन्द्रीय र विभागीय निकायहरू

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मातहतमा विभागस्तरको निकायको रुपमा केन्द्रीयस्तरमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सङ्गठन संरचना र दरवन्दी स्वीकृत गरिएको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यालय शिक्षा, अनौपचारिक शिक्षा र शैक्षिक जनशक्ति विकासको लागि विद्यालय क्षेत्र विकास कार्यक्रम तथा विद्यालय शिक्षाको वार्षिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, व्यवस्थापन तथा प्रतिवेदनसम्बन्धी काम गर्ने छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रदेश सरकार , प्रादेशिक सामाजिक विकास मन्त्रालय, प्रादेशिक शिक्षा विकास निर्देशनालय, प्रदेश शिक्षा तालिम केन्द्र, जिल्ला तहको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय सरकार गाउँपालिका तथा नगरपालिकासँग सहकार्य र समन्वय गरी शैक्षिक योजना कार्यान्वयन, अनुगमन र व्यवस्थापनसम्बन्धी कार्यहरू सम्पादन गर्ने छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत केन्द्रीयस्तरमा पाठ्यक्रम विकास केन्द्र रहेको छ जसले विद्यालय तहको शिक्षाको लागि समय सापेक्ष पाठ्यक्रम तथा पाठ्यपुस्तक र शैक्षणिक सामग्रीहरूको विकास, परिमार्जन र कार्यान्वयनको लागि सिफारिश गर्नेछ । यसै गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत केन्द्रीयस्तरमा राष्ट्रिय परीक्षा बोर्डको स्थापना गरिएको छ जसले विद्यालय शिक्षाको अन्तमा लिइने कक्षा १२ को निर्णयात्मक परीक्षाको प्रबन्ध, सञ्चालन र व्यवस्थापनसम्बन्धी कार्यसम्पादन गर्ने छ । यसका अतिरिक्त विद्यालय तहका शिक्षकहरूको स्थायी नियुक्ति र बढुवाको लागि विज्ञापन प्रकाशन गरी खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाहरू सञ्चालन तथा व्यवस्थापन गरी नियुक्तिको लागि सिफारिश गर्न शिक्षक सेवा आयोगको गठन भई कार्य सञ्चालन भइरहेको छ । यस मन्त्रालय अन्तर्गत केन्द्रीय स्तरमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेको छ । जसले शैक्षिक गुणस्तर तथा विद्यार्थी सिकाइ उपलव्धिको मापन तथा मूल्याङ्कन

गरी स्तरनिर्धारण गर्ने छ । पाठ्यपुस्तकहरू तथा अन्य शैक्षिक सामग्रीहरूको छपाइ र वितरणका लागि सरकारी स्वामित्व सहितका संस्थानहरू जनक शिक्षा सामग्री केन्द्र र साझा प्रकाशन पनि रहेका छन् । राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने उच्च तथा विशिष्ट स्तरीय जनशक्ति उत्पादनको जिम्मेवारीमा रहेको उच्च शिक्षाको नीति निर्माणमा सहयोग र सञ्चालनको समन्वय अन्तर्गत केन्द्रीय स्तरमा विश्वविद्यालय अनुदान आयोग रहेको छ । विश्वविद्यालयहरू आफ्ना कार्यहरू सञ्चालन गर्नका लागि स्वायत्त छन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत केन्द्रीयस्तरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरूको सम्बन्धन, सञ्चालन र व्यवस्थापनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना भएको छ जसले (विश्वविद्यालयका कार्यक्रमहरू बाहेक), छोटो अवधिको सिप विकास तालिम, प्राविधिक प्रवेशिका र डिप्लोमा तहका कार्यक्रमहरू सञ्चालन र सिप परीक्षण गर्ने कार्यहरू सम्पादन गर्दै आइरहेको छ । यसैगरी यस मन्त्रालय अन्तर्गत दुईवटा केन्द्रीय पुस्तकालयहरू (राष्ट्रिय पुस्तकालय र केशर पुस्तकालय) र एउटा स्वायत्त पुस्तकालय (डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय) सञ्चालनमा रहेका छन् ।

यसै गरी विज्ञान प्रविधितर्फ केन्द्रीय निकायका रुपमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, विधि विज्ञान प्रयोगशाला, बी.पी. कोइराला प्लानेटोरियम एण्ड अब्जरभेटरी विकास समिति रहेका छन् जसको कार्यविवरण यहाँ उल्लेख गरिएको छ ।

## नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (NAST)

मुलुकको चौतर्फी विकासमा विज्ञान तथा प्रविधिको अहम् भूमिका रहने भएकोले विज्ञान तथा प्रविधिको माध्यमबाट देश विकास गर्ने उद्देश्यले २०३९ साल मङ्सीर २० गते नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको स्थापना भएको हो । यसलाई व्यवस्थित गर्ने ऐन नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ हो जुन २०४९ बैशाख १७ गते लालमोहर लागी प्रकाशन भएको देखिन्छ । नेपालमा २०६३ सालको राजनीतिक परिवर्तनले राजसंस्थाको अन्त्य गरेपछि २०६४/०६/१५ मा भएको यस ऐनको दोस्रो संशोधनले यसको नाममा रहेको "नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान" भन्ने शब्दहरूको सट्टा "नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान" भन्ने शब्दहरू राखी रुपान्तरण गरिएको छ । यो संस्था स्थापनाको औचित्यको सम्बन्धमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को प्रस्तावनामा निम्न व्यहोरा उल्लेख भएको देखिन्छः "विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान र प्रवर्धन गर्न वैज्ञानिक तथा प्राविधिक क्रियाकलापका लागि उपयुक्त वातावरणको सिर्जना गर्न, विज्ञान तथा प्रविधिको क्षेत्रमा कार्यरत प्रतिभावान् वैज्ञानिक तथा प्राविधिकहरूलाई प्रोत्साहन र कदर गर्न नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानलाई एक सङ्गठित र सक्षम निकायका रूपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले व्यवस्थापिका संसदले यो ऐन बनाएको छ" । यो अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित एवम् सङ्गठित संस्था हुने तथा यसको अंग्रेजी नाम Nepal Academy of Science and Technology (NAST) रहने छ भनी ऐनमा उल्लेख भएको छ । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको संगठन संरचना अनुसूची २ मा दिइएको छ ।

## प्रज्ञा–प्रतिष्ठानको उद्देश्यः

राष्ट्रको सर्वाङ्गीण विकासका लागि देशमा विज्ञान तथा प्रविधिको विकास गर्नु गराउनु, स्वदेशी प्रविधिको संरक्षण र आधुनिकीकरण गर्नु, गराउनु, विज्ञान तथा प्रविधिसम्बन्धी अनुसन्धान गर्नु, गराउनु र देशको लागि उपयुक्त विदेशी प्रविधि पहिल्याउनु र सो को हस्तान्तरणको लागि सहयोग पुर्‍याउनु प्रज्ञा प्रतिष्ठानको मूलभूत उद्देश्य हुने छ ।

## प्रज्ञा–प्रतिष्ठानको काम, कर्तव्य र अधिकार

ऐनको दफा ६ मा उल्लिखित प्रज्ञा-प्रतिष्ठानका काम, कर्तव्य र अधिकार देहायबमोजिम छन् ।

क. विज्ञान तथा प्रविधिका विभिन्न विषयहरूमा प्राथमिकताको आधारमा अध्ययन, अनुसन्धान तथा विकास र प्रवर्धन गर्ने ।

ख. प्रविधि हस्तान्तरणसम्बन्धी नीति तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकारलाई सहयोग पुर्याउने ।

ग. स्वदेशी तथा विदेशी वैज्ञानिक तथा प्रविधिसम्बन्धी निकायहरूसित समन्वयात्मक ढङ्गले कार्यक्रमहरू सञ्चालन गर्ने ।

घ. विज्ञान तथा प्रविधिसम्बन्धी केन्द्रीय प्रलेख तथा सूचना प्रणालीको विकास गरी सेवा प्रदान गर्ने ।

ङ. विज्ञान तथा प्रविधि विषयहरूमा गोष्ठी, सम्मेलन आदि आयोजना गर्ने , गराउने तथा विज्ञान तथा प्रविधिसम्बन्धी विभिन्न प्रकाशन गर्ने , गराउने ।

च. विज्ञान तथा प्रविधिसम्बन्धी क्षेत्रीय वा अन्तर्राष्ट्रिय र अन्य विदेशी सङ्घसंस्थासित सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदानप्रदान गर्ने ।

छ. प्रज्ञा-प्रतिष्ठानको सञ्चालन तथा विज्ञान तथा प्रविधिसम्बन्धी कार्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायबाट वित्तीय, प्राविधिक तथा अन्य सहयोग प्राप्त गर्ने र परिचालन गर्ने ।

ज. विज्ञान तथा प्रविधिको विकास, प्रवर्धन वा प्रयोगमा उत्कृष्ट योगदान दिने व्यक्ति वा संस्थालाई कदर गर्ने र प्रोत्साहित गर्ने ।

झ. विज्ञान तथा प्रविधिको उपयोगिता र उपादेयताबारे जनमानसमा जागरुकता अभिवृद्धि गर्ने, गराउने र विज्ञान तथा प्रविधिको प्रयोग बढाउन अनुकूल वातावरण सृजना गर्ने ।

ञ. विज्ञान तथा प्रविधिसम्बन्धी राष्ट्रिय निकायहरूको कार्यक्रम र उपलब्धिबारे अध्ययन गरी आवधिक प्रतिवेदन तयार गर्ने ।

ट. विज्ञान तथा प्रविधि विकास कार्यक्रम सम्बन्धमा नेपाल सरकारलाई सुझाब दिने ।

ठ. विज्ञान तथा प्रविधिको अनुसन्धान तथा विकासका लागि नयाँ निकाय वा प्रयोगशाला स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई राय दिने ।

ड. देशभित्र रहेको विज्ञान तथा प्रविधिसँग सम्बन्धित कुनै प्रयोगशाला वा निकायको विकासका निमित्त तोकिएबमोजिम वित्तीय वा प्राविधिक सहयोग प्रदान गर्ने ।

ढ. विज्ञान तथा प्रविधिसम्बन्धी उत्कृष्ट आविष्कार तथा नमुनाहरूको प्रदर्शन कक्ष स्थापना गर्ने ।

ण. प्रज्ञा-प्रतिष्ठानको उद्देश्य पूर्ति गर्न अन्य आवश्यक कामहरू गर्ने गराउने ।

## राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समितिको कार्यविवरण

१. विधि विज्ञान (Forensic Science) सँग सम्बन्धित विभिन्न विषय क्षेत्रहरूमा अध्ययन, अनुसन्धान, परीक्षण तथा विश्लेषण गर्ने गराउने ।

२. अपराध अनुसन्धान तथा न्याय सम्पादनमा सहयोग पुर्याउन विभिन्न भौतिक सबुदहरू (Physical Evidences) जस्तै: विषादी, लागू औषध, डि.एन.ए., वन्यजन्तुका अखेटोपहार, विवादित लिखत आदिको वैज्ञानिक परीक्षण गर्ने ।

३. अदालतबाट माग भएका विवरण उपलब्ध गराउने वा विशेषज्ञलाई अदालतमा उपस्थित गराई बयान वा बकपत्र गराउने ।

४. प्रयोगशालाको सेवा प्राप्त सरकारी, अर्धसरकारी तथा गैरसरकारी संस्थामा कार्यरत व्यक्तिलाई विधि विज्ञान सम्बन्धमा आवश्यक तालिम दिने ।

## वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समितिको कार्यविवरण

१. बेधशाला, प्लानेटेरियम तथा विज्ञान सङ्ग्रहालयको स्थापना एवम् सञ्चालन

२. खगोल एवम् अन्तरिक्ष विज्ञानमा अध्ययन अनुसन्धान गर्ने गराउने

३. राष्ट्रिय अन्तरिक्ष विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रको स्थापना गर्ने

४. आम जनमानस र विद्यार्थीहरूमा विज्ञानको प्रवद्र्धधन गर्ने तथा आम जनमानसमा पुर्याउनलाई राष्ट्र विकासमा सहयोग गर्ने ।

## शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्य विवरण

१. विद्यालय शिक्षासम्बन्धी द्धिपक्षीय र बहुपक्षीय विकास साझेदारहरू र निकायसँगको समन्वय ।

२. शिक्षासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा सम्झौताअनुरुप विद्यालय क्षेत्र विकास योजनालगायतका आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन तथा समन्वय ।

३. अनिवार्य आधारभूत शिक्षा र माध्यमिक शिक्षा एवम् राष्ट्रिय पठन सिपलगायतका विषयमा नमुना कार्यक्रम विकास तथा कार्यान्वयन ।

४. मानव संसाधन प्रक्षेपण, योजना तर्जुमा, त्यसअनुरुप शैक्षिक योजना, कार्यक्रम विकास एवम् मानव संसाधन विकास योजना तयार ।

५. विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अध्ययन अनुसन्धान गर्ने गराउने तथा राष्ट्रिय गुणस्तर मापदण्ड निर्धारण तथा अनुगमन ।

६. प्रदेश र स्थानीय तहबाट माग भएबमोजिम प्राविधिक विषयमा सहजीकरण एवम् समन्वय ।

७. विद्यालय शिक्षाको एकीकृत शैक्षिक तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा प्रवोधीकरण ।

८. विद्यालय शिक्षाको लागि भौतिक सुविधासहितको न्यूनतम सिकाइ अवस्थाको योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक स्रोत व्यवस्थापन एवम् सहजीकरण ।

९. प्रारम्भिक बालविकास तथा शिशु शिक्षासम्बन्धी नीति तथा मापदण्ड निर्धारण एवम् कार्यक्रम सञ्चालनको समन्वय ।

१०. अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक मापदण्ड निर्माण तथा कार्यान्वयनमा सहजीकरण ।

११. माध्यमिक शिक्षातर्फ साधारण तथा प्राविधिक शिक्षाको लागि आवश्यक नीतिगत व्यवस्था ।

१२. शिक्षण संस्थाको स्थापना र सञ्चालनको न्यूनतम राष्ट्रिय मापदण्ड निर्धारण तथा आवश्यक समन्वय, सहजीकरण र अनुगमन ।

१३. विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन एवम् सहजीकरण ।

१४. विद्यालय शिक्षामा पहुँच बढाउन छात्रवृत्ति, दिवा खाजालगायतका प्रोत्साहन कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण ।

१५. शिक्षक व्यवस्थापन तथा विकासका लागि मापदण्ड तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण ।

१६. सेवाकालीन शिक्षक तालिमको लागि पाठ्यक्रमको ढाँचा निर्माण एवम् स्वीकृति, कोर्स तथा स्रोत सामग्री विकास, प्रशिक्षक तयारी, तालिम मापदण्ड विकास, तालिमको प्रमाणीकरण तथा समकक्षता निर्धारण ।

१७. प्रदेश अन्तरगतका शैक्षिक तालिम कार्यक्रम तथा निकायहरूको सम्बन्धन, प्राविधिक सहयोग, समन्वय,अनुगमन तथा नियमन ।

१८. शिक्षक तालिमसम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारुप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसँग समन्वय समावेशी शिक्षा, लैङ्गिक समविकास, मातृभाषा तथा विशेष शिक्षा सम्बन्धी कार्यहरू ।

१९. विद्यालयमा हुने विपद् जोखिम न्यूनीकरणका लागि सुरक्षित विद्यालय नीति तथा एकीकृत विद्यालय सुरक्षा कार्यक्रमसम्बन्धी कार्यक्रमहरूको विकास तथा कार्यान्वयन ।

२०. नमुना विद्यालय विकास, व्यवस्थापन एवम् सञ्चालनमा समन्वय र सहजीकरण ।

२१. परम्परागत (गुरूकूल, गुम्बा, गोन्पा, मदरसा ) लगायत वैकल्पिक एवम् खुला शिक्षा तथा निरन्तर सिकाइसम्बन्धी नीति एवम् मापदण्ड निर्धारण तथा कार्यान्वयनमा सहजीकरण ।

२२. विभिन्न तहमा शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक सामग्रीको सूची विकास, तालिम पाठ्यक्रम तथा सन्दर्भ सामग्री विकास र प्रमाणीकरण, नमुना तालिम सामग्री उत्पादन तथा वितरणसम्बन्धी कार्यहरू ।

२३. विद्यालय शिक्षाका नमुना परीक्षण कार्यक्रमहरू सञ्चालन र प्राप्त नतिजाका आधारमा आवश्यक सुधारका नीति तर्जुमा ।

२४. भाषिक, लैङ्गिक, अपाङ्गता लगायतका विविधतालाई व्यवस्थापन गर्न समावेशी शिक्षा नीति अनुरूपका नमुना कार्यक्रमहरू तर्जुमा एवम् कार्यान्वयन ।

२५. विद्यालय पोषण, बालमैत्री विद्यालयसम्बन्धी सहजीकरण तथा सवलीकरणका कार्यहरू

२६. शिक्षक तथा शिक्षा प्रशासनमा कार्यरत जनशक्तिको क्षमता विकाससम्बन्धी मापदण्ड विकास, कार्यक्रम तर्जुमा, कार्यान्वयन र प्रमाणीकरण ।

२७. दूर शिक्षार खुला सिकाइ कार्यक्रमको लागि श्रव्य तथा श्रव्यदृष्य सामग्री विकास एवम् प्रसारण कार्यक्रम सञ्चालन एवम् समन्वय ।

२८. स्वदेशी तथा विदेशी दातृसंस्था, सरकारी तथा गैह्र सरकारी संस्था एवम् तालिम प्रदायक संस्थाहरूसँग साझेदारी र सहकार्यमा शैक्षिक गुणस्तर सुधारसम्बन्धी कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन ।

२९. अनौपचारिक शिक्षा, निरन्तर शिक्षा तथा सामुदायिक अध्ययन केन्द्रको नीति तर्जुमा योजना विकास र नियमन ।

३०. केन्द्रमा कार्यरत कर्मचारीको व्यवस्थापन, वृत्तिविकास, क्षमता विकास र आन्तरिक व्यवस्थापनसम्बन्धी कार्यहरू ।

३१. समावेशी शिक्षा, लैङ्गिक समविकास तथा विशेष शिक्षासम्बन्धी कार्यहरू ।

३२. प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा समन्वय गर्न तोकिएका अन्य कार्यहरू ।

३३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तोकेका अन्य कार्यहरू ।

**शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा निम्न महाशाखाहरु रहेका छन्ः**

क) शैक्षिक योजना तथा विकास महाशाखा

ख) शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखा

ग) मानव संशाधन विकास महाशाखा

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको संगठन संरचना अनुसूची ३ मा दिइएको छ ।

## पाठ्यक्रम विकास केन्द्रको कार्यविवरण

पाठ्यक्रम विकास केन्द्रको समग्र कार्यविवरण देहायबमोजिम उल्लेख गरिएका छन् ।

१. विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास तथा पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री एवम् विद्यार्थी मूल्याङ्कनसम्बन्धी गुणस्तर मापदण्ड निर्धारणसम्बन्धी कार्य ।

२. विद्यालय शिक्षाको योग्यता परीक्षण, मान्यता तथा समकक्षता र प्रमाणीकरणसम्बन्धी कार्य ।

३. विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्रीसम्बन्धी योजना तथा कार्यक्रम विकास, कार्यान्वयन र मूल्याङ्कन गर्ने ।

४. पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री (डिजिटल पाठ्यसामग्री समेत) विकाससम्बन्धी कार्य ।

५. थप पाठ्यसामग्रीको अनुमति तथा स्वीकृति तथा अनुगमनसम्बन्धी कार्य ।

६. पाठ्यक्रम कार्यान्वयन, मूल्याङ्कन, नियमन, अध्ययन अनुसन्धान तथा अनुगमनसम्बन्धी कार्य ।

७. पाठ्यक्रम तथा पाठ्यसामग्री एवम् विद्यार्थी मूल्याङ्कनसम्बन्धी गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन गर्ने गराउने ।

८. प्रदेश तथा स्थानीय तहसँग पाठ्यक्रम सम्बद्ध क्रियाकलापमा समन्वय, क्षमता विकास र प्राविधिक सहयोग र सहजीकरण ।

पाठ्यक्रम विकास केन्द्रको संगठन संरचना अनुसूची ४ मा दिइएको छ ।

## शिक्षक सेवा आयोग

शिक्षक सेवा आयोग शिक्षकहरूको नियुक्ति तथा बढुवा सम्बन्धी काम गर्न ऐनद्वारा निर्देशित मान्यता प्राप्त स्वतन्त्र र स्वायत्त निकाय हो । संविधानको भाग २३ धारा २४३ मा स्पष्टीकरणमा "यस धाराको प्रयोजनका लागि संगठित संस्था भन्नाले विश्वविद्यालय र शिक्षक सेवा आयोग बाहेकका.....संगठित संस्था सम्झनु पर्छ ।" भन्ने उल्लेख भएकाले सामुदायिक विद्यालयमा रिक्त शिक्षक पदपूर्तिका लागि योग्य उम्मेदवारको छनौट गरी सिफारिस गर्ने संविधान प्रदत्त जिम्मेवारी यस आयोगलाई प्राप्त भएको देखिन्छ । आयोगको स्थापना कालदेखि नै कार्य सम्पादनमा निष्पक्षता र तटस्थता यसको मूलमन्त्र रही आएको छ । आयोगबाट सम्पन गरिएका नतिजा प्रकाशन सम्बन्धी कार्यहरू संख्यात्मक र गुणात्मक रूपमा अझै परिस्कृत हुँदै सरोकारवालाहरूको विश्वास जित्न सफल हुँदै गएको छ ।

साबिकमा जिल्ला शिक्षक छनौट समिति रक्षेत्रीय शिक्षक छनौट समितिवाट सामुदायिक बिद्यलयमा नेपाल सरकार बाट स्वीकृत दरवन्दीअनुसार शिक्षक नियुक्ति गर्ने व्यबस्था रहदै आएकोमा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ को सिफारीस समेतको आधरमा शिक्षकहरुको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न एउटा स्वतन्त्र र निष्पक्ष अलग निकायको आवश्यकताको महसुस भई शिक्षा ऐन, २०२८ को छैटौं संशोधनको व्यवस्था बमोजिम सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको स्थायी नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्न शिक्षक सेवा आयोग गठन भएको हो । राष्ट्रिय शिक्षक सेवा आयोगको नामबाट स्थापित यो निकाय पुनः शिक्षा ऐनको सातौं संशोधनबाट शिक्षक सेवा आयोगको नाममा परिणत भयो । जिल्ला शिक्षक छनौट समिति तथा क्षेत्रीय शिक्षक छनौट समितिको नामबाट लिइएको २०५२ सालको शिक्षक विज्ञापनको नतिजा लामो समयसम्म हुन नसकेपछि उक्त परीक्षालाई योग्यतामा आधारित रही निष्पक्ष रूपबाट प्रकाशन गर्ने एउटा स्वतन्त्र र निष्पक्ष अलग निकायको आवश्यकताको महसुस भई शिक्षा ऐनको छैटौं संशोधनबाट शिक्षक सेवा आयोगको गठन भएको हो । योग्यता प्रणालीमा आधारित रहेर शिक्षण पेशाामा दक्ष, प्रतिभाशाली र क्षमतावान व्यक्तिको निर्वाध प्रवेश गराई शैक्षिक गुणस्तर अभिवृद्धिमा योगदान पुर्याउन शिक्षक छनौट कार्यलाई सक्षमतामा आधारित, निष्पक्ष र तटस्थ ढङ्गबाट सम्पादन गर्ने एउटा स्वतन्त्र निकायको रूपमा आयोग रहेको छ । शिक्षा ऐन, २०२८ को सातौं संशोधनले आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदको उम्मेदवार हुन नपाउने व्यवस्था गरेपछि आयोगको कार्य क्षेत्र थप विस्तार भयो । जसअनुसार स्थायी शिक्षक छनौट तथा बढुवाको लागि सिफारिस गर्ने कार्यका अतिरिक्त अध्यापन अनुमतिपत्रको

परीक्षा सञ्चालन गरी त्यस्तो अनुमतिपत्र प्रदान गर्ने जिम्मेवारी पनि आयोगमा थप गरियो । आयोगको कार्य सम्पादनलाई थप व्यवस्थित गर्न वि.सं. २०५७ सालमा शिक्षक सेवा आयोग नियमावली जारी भयो ।

## उद्देश्य

सक्षमतामा आधारित शिक्षक छनौट र कार्य सम्पादनमा निष्पक्षता र उत्कृष्टता नै शिक्षक सेवा आयोगको प्रमुख उद्देश्य हो ।

## शिक्षक सेवा आयोगको गठन

शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा ११ ख अनुसार सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरवन्दी अनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाको लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुने प्रावधानबमोजिम यो आयोग गठन भएको हो ।

आयोगमा अध्यक्ष र एकजना महिला सहित अन्य २ जना सदस्य रहने छन् । आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्तिको लागि सिफारिस गर्न नेपाल सरकारले लोक सेवा आयोगको अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयका उप-कुलपति र मन्त्रालयको सचिव सदस्य रहेको एक समिति गठन गर्ने र सो समितिले सिफारिस गरेको व्यक्तिलाई नेपाल सरकारले नियुक्त गर्ने व्यवस्था छ । यसरी नियुक्त पदाधिकारीहरूको पदावधि ५ वर्षको हुने व्यवस्था रहेको छ । आयोगका वरिष्ठ कर्मचारीले आयोगको सचिव भई काम गर्ने व्यवस्थाबमोजिम छ ।

## आयोगको काम, कर्तव्य र अधिकार

शिक्षक सेवा आयोग नियमावली (संशोधन सहित), २०५७ अनुसार आयोगको काम कर्तव्य र अधिकार यस प्रकार रहेको छ ।

१. शिक्षकको स्थायी नियुक्ति तथा बढुवाको लागि सिफारिश गर्ने ।

२. विद्यालयमा अध्यापन गर्न चाहने शिक्षकलाई अध्यापन अनुमति पत्र दिने ।

३. अध्यापन अनुमति पत्रका लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षासम्बन्धी कार्य गर्ने ।

४. शिक्षकको सेवा, सर्त र सुविधासम्बन्धी विषयमा मन्त्रालयलाई सुझाव दिने ।

५. शिक्षकको नियुक्ति तथा बढुवाको लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षासम्बन्धी अन्य कार्य गर्ने ।

६. उजुरी परेको अवस्थामा बाहेक नतिजा प्रकाशन भएको एक वर्षपछि परीक्षासम्बन्धी कागजात धुल्याउने ।

७. ऐन वा यस नियमावली बमोजिम आयोगले गर्नुपर्ने काम कारवाहीको विषयमा आवश्यकता अनुसार निरीक्षण तथा जाँचबुझ गर्ने ।

शिक्षक सेवा आयोगको संगठन संरचना अनुसूची ५ मा दिइएको छ ।

## शैक्षिक गुणस्तर परीक्षण केन्द्र

शिक्षा मन्त्रालय पद्धतिका निकायलाई आफ्नो कार्यसम्पादन स्तर तथा शिक्षण संस्थाहरूलाई विद्यार्थी उपलब्धिप्रति जवाफदेही बनाउने उद्देश्यले शैक्षिक निकायको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षणका लागि एक स्वतन्त्र र स्वायत्त निकायको संस्थागत व्यवस्थाको परिकल्पना विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले गरेअनुसार नेपाल सरकारबाट शिक्षा मन्त्रालय अन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office) को स्थापना २०६६ कार्तिकमा भएको हो ।

## केन्द्रको कार्य क्षेत्र

नेपाल सरकार मातहतका शैक्षिक निकाय तथा विद्यालयहरूलाई प्रमाणमा आधारित भई पृष्ठपोषण प्रदान गर्ने उद्देश्यका साथ स्थापित शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख कार्यका क्षेत्रहरू देहायका विषयवस्तुसँग सम्बन्धित छन् :

क. विद्यार्थीहरूको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण

ख. विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण

ग. प्रारम्भिक कक्षा पठन सिप परीक्षण

घ. शैक्षिक मुद्दाहरूमा विषयगत अध्ययन/अनुसन्धान

ङ. प्रारम्भिक बालविकास केन्द्र र बालबालिकाको परीक्षण

शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ अनुसार उपर्युक्त कार्यक्षेत्रहरू अन्तर्गत केन्द्रको काम, कर्तव्य र अधिकारहरू निम्नानुसार छन् :

क) आवधिक रूपमा विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण गरी गुणस्तर सुधार तथा समताको अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि शिक्षा मन्त्रालय तथा सम्बद्ध निकायलाई पृष्ठपोषण प्रदान गर्ने ।

ख) विद्यालय तथा शैक्षिक निकायहरूको कार्य सम्पादनस्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाह तथा विद्यालय शिक्षाको गुणस्तर सुधारका निम्ति सम्बद्ध निकायहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने ।

ग) जवाफदेहितामा वृद्धि गरी शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने उद्देश्यले विद्यालय तथा शैक्षिक निकायहरूलाई आफ्नो कार्यसम्पादन स्तरको स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने ।

घ) शैक्षिक आयोजना र परियोजनाको कार्य सम्पादन परीक्षण गर्ने ।

ङ) शैक्षिक कार्यक्रम, आयोजना तथा परियोजनाहरूको मूल्याङ्कन गर्ने ।

च) शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन-अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिका लागि प्रमाणमा आधारित सूचना तथा सुझाबहरू उपलब्ध गराउने ।

छ) विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालय तथा निकायहरूको कार्यसम्पादन परीक्षणका लागि उपयुक्त विधि, प्रविधि तथा प्रक्रियाको खोजी तथा प्रयोग गर्ने गराउने ।

ज) सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन, अनुसन्धानका लागि मानवीय तथा संस्थागत क्षमता विकास गर्ने गराउने ।

झ) सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन-अनुसन्धानलाई प्रभावकारी बनाउन यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।

शैक्षिक गुणस्तर परीक्षण केन्दको संगठन संरचना अनुसूची ६ मा दिइएको छ ।

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न सुनियोजित रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गर्दै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न एवम् त्यस्ता तालिम दिने विभिन्न निकायहरूका बिच समन्वय कायम गर्न तथा सिपको स्तर निर्धारण एवम् प्रमाणीकरण गर्नको लागि २०४५ साल कार्तिक २८ गतेका दिन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ जारी गरी सोहीअनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना गरिएको छ ।

ऐनको दफा ६ ले व्यवस्था गरेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का काम, कर्तव्य र अधिकारहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकास गर्नको लागि तोकिएबमोजिमका विभिन्न शिक्षण प्रशिक्षण र अनुसन्धानको व्यवस्था गर्ने र त्यसको सञ्चालनको व्यवस्था मिलाउने ।

२. निजी एवम् गैरसरकारी क्षेत्रमा स्थापना वा सञ्चालन हुने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अध्यापन वा सञ्चालनको स्वीकृति दिने र तिनीहरूले पाउने सुविधा र सहयोगसम्बन्धी व्यवस्था गर्ने ।

३. प्राविधिक शिक्षा एवम् व्यावसायिक तालिमको सम्बन्धमा स्वदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्ध कायम गर्ने र स्तरयुक्त शिक्षा वा तालिममा जोड दिने ।

४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी नीति निर्धारण गरी सभामा स्वीकृतिको लागि पेश गर्ने ।

५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको क्षेत्र र स्तर निर्धारण गर्ने ।

६. आधारभूत तहको सिप तथा तालिम सञ्चालन गर्ने र मध्यमस्तरीय जनशक्ति उत्पादन गर्ने ।

७. बहु-प्राविधिक (पोलिटेक्निक) शिक्षालय स्थापना एवम् सञ्चालन गर्ने गराउने ।

८. नेपाल सरकारको स्वामित्वमा रहेका सङ्गठित संस्था तथा गैर सरकारी सङ्गठित संस्थाद्वारा सिप विकासको निमित्त दिइने व्यावसायिक तालिमको पाठ्यक्रम र पाठ्यपुस्तक निर्धारण समितिले निर्धारण गरेबमोजिम लागू गर्ने गराउने ।

९. विभिन्न तालिमसम्बन्धी कार्यक्रमहरू बिच समन्वय कायम गर्ने गराउने ।

१०. प्राविधिक प्रशिक्षकसम्बन्धी तालिम सञ्चालन गर्ने गराउने ।

११. एप्रेन्टिससिप तालिमसम्बन्धी आवश्यक व्यवस्था मिलाउने ।

१२. प्राविधिक शिक्षालयको क्षेत्रभित्र विभिन्न स्थानमा अल्पकालिन वा घुम्ती तालिम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षण केन्द्रहरू, पाठ्यविषय (ट्रेनिङ्ग प्याकेज) तथा तालिम दिने शिक्षकसम्बन्धी आवश्यक व्यवस्था मिलाउने ।

१३. सिपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरणसम्बन्धी व्यवस्था गर्ने गराउने ।

१४. सिप प्रमाणिका बनाउने र सिपको स्तर निर्धारण गर्ने ।

१५. सरकारी तथा गैरसरकारी निकायहरूले सञ्चालन गरी आएका सेवाकालीन तथा पूर्व सेवाकालीन, प्राविधिक तथा व्यावसायिक तालिम पाठ्यक्रममा सामञ्जस्य ल्याई त्यस्ता तालिमहरूको रष्ट्रियस्तरमा मूल्याङ्कन गरी स्तर निर्धारण गर्ने र मान्यता प्रदान गर्ने ।

१६. आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक कार्य गर्ने गराउने ।

१७. सभाले पारित गरेको कार्यक्रमको कार्यान्वयन गर्ने गराउने ।

१८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाउने र प्राप्त सहयोगको सुव्यवस्थित रूपले परिचालन गर्ने गराउने ।

१९. नेपाल सरकारलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि आवश्यक परामर्श दिने ।

२०. नेपाल सरकारको पूर्व स्वीकृति लिई स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्झौता वा करार गर्ने ।

२१. परिषद्को वार्षिक बजेट, प्रगति प्रतिवेदन, लेखा परीक्षण र अन्य प्रतिवेदन स्वीकृत वा अनुमोदन वा जानकारीकोलागि सभामा पेश गर्ने ।

२२. यस ऐनको उद्देश्य कार्यान्वयनको लागि आवश्यक अन्य कार्यहरू गर्ने गराउने ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको संगठन संरचना अनुसूची ७ मा दिइएको छ ।

## विश्वविद्यालय अनुदान आयोग

नेपाल सरकारले निर्धारण गरेका उच्च शिक्षाका उद्देश्य पूरा गर्दै राष्ट्रलाई आवश्यक पर्ने साधारण, व्यावसायिक एवम् प्राविधिक क्षेत्रका उच्च तथा विशिष्टस्तरीय जनशक्ति उत्पादनको लागि स्थापित विभिन्न विश्वविद्यालयहरूको सञ्चालन तथा विकासको निम्ति विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम समुचित तवरले वितरण गर्न तथा विश्वविद्यालयहरूको शैक्षिक स्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदानार्थ प्रोत्साहन दिने सम्बन्धी काम गर्न विश्वविद्यालय अनुदान आयोगको स्थापना र व्यवस्था गर्न जरुरी देखिएकोले नेपालमा विक्रम सम्बत् २०५० मा विश्वविद्यालय अनुदान आयोग ऐनमार्फत अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्थाको रुपमा विश्वविद्यालय अनुदान आयोगको स्थापना भएको देखिन्छ ।

### आयोगका काम, कर्तव्य र अधिकार

आयोगका काम, कर्तव्य र अधिकार देहायबमोजिम छन्:

क) विश्व विद्यालय स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने ,

ख) विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम विश्वविद्यालयहरूलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,

ग) विश्वविद्यालयहरूलाई अनुदान दिने तथा थप अनुदान माग गर्ने विश्वविद्यालयहरूको लागि सम्बन्धित निकायहरूमा सिफारिश गर्ने ,

घ) विश्वविद्यालयहरूमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन विश्वविद्यालयहरूबिच समन्वय कायम गराउने ,

ङ) शैक्षिक स्तर वृद्धिका लागि उपयुक्त कार्यक्रम तर्जुमा गर्ने,

च) विश्वविद्यालयहरूमा उपयुक्त शैक्षिक स्तर निर्धारण गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,

छ) नेपालभित्र तथा बाहिरका विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूबिच छात्रवृत्ति, विद्धतवृत्ति आदि आदानप्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,

ज) विश्वविद्यालयहरूबिच समन्वय कायम गर्ने,

झ) आयोगको काम कारवाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने ,

ञ) आयोगको उद्देश्य पूर्तिको लागि तोकिएबमोजिमका अन्य कामहरू गर्ने ।

विश्वविद्यालय अनुदान आयोगको संगठन संरचना अनुसूची ८ मा दिइएको छ ।

## चिकित्सा शिक्षा आयोग

नेपालको संविधानले शिक्षा र स्वास्थ्यलाई नागरिकका आधारभूत आवश्यकता एवम् नैसर्गिक अधिकारका रूपमा स्वीकार गरी मौलिक हकको रुपमा राखिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रले सुलभ र गुणस्तरीय शिक्षा र स्वास्थ्यको अधिकारलाई सुनिश्चित गरेको छ । त्यसैको फलस्वरुप नेपाल सरकारले आवधिक योजना र वार्षिक कार्यक्रम तथा बजेटमा शिक्षा र स्वास्थ्याका विषयलाई उच्च प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ ।

विभिन्न समयमा नागरिक समाज, सम्वाद दवाव समूह एवम् सरोकारवालाहरूबाट प्रस्तुत मागहरूको सम्बोधन एवम् नेपालको संविधान तथा कानुनबाट प्रत्याभूत गुणस्तरीय चिकित्सा शिक्षामा नागरिकको सहज पहुँचका अभिवृद्धिका लागि चिकित्सा शिक्षाको क्षेत्रमा समसामयिक सुधार गर्न नेपाल सरकारले विभिन्न समयमा विभिन्न आयोग, कार्यदल र समितिहरू गठन गरी सुझाब प्रतिवेदनसमेत दिने कार्य भएको थियो ।

चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने, चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकता अनुरुप विकास गरी चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउन, चिकित्सा शिक्षा सम्बन्धी शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न तथा चिकित्सा शिक्षामा गुणस्तर, पेशाधर्मिता, संस्थागत जवाफदेही, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी, विपन्न लगायत सबै विद्यार्थीहरुको समान पहुँच सुनिश्चित गर्नका लागि चिकित्सा शिक्षा सुधार गर्ने सम्बन्धमा विभिन्न समयमा गठित आयोग, समिति तथा कार्यदलको प्रतिवेदनको मर्म र भावनासमेतलाई मध्यनजर गरी चिकित्सा शिक्षा आयोगको स्थापना र सञ्चालन गर्न विक्रम संवत २०७५ फागुन १० मा राष्ट्रिय चिकित्सा शिक्षा ऐन जारी भएको थियो ।

## आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ मा चिकित्सा शिक्षा आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने व्यवस्था छ :

क) चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने राष्ट्रिय नीति तय गर्ने,

ख) संघ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड सम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने,

ग) एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स) सञ्चालनका लागि नीति तथा मापदण्ड निर्धारण गर्ने,

घ) प्रत्यायनसम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने,

ङ) प्राज्ञिक उन्नयन तथा अनुसन्धानसम्बन्धी नीति निर्धारण गर्ने,

च) चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्लाई आवश्यकताअनुसार निर्देशन दिने,

छ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका लागि प्रत्यायनका आधार स्वीकृत गर्ने,

ज) आशय पत्र, सम्बन्धन र सम्बन्धन खारेजीसम्बन्धी नीति र मापदण्ड तय गर्ने,

झ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने,

ञ) आयोगको वार्षिक बजेट तथा आयोगको लागि आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

ट) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन स्वीकृत गर्ने,

ठ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

## निर्देशनालय

चिकित्सा शिक्षा आयोगको कार्य सम्पादनलाई प्रभावकारी बनाउनका लागि चार ओटा निर्देशनालयहरु रहेका छन । प्रत्येक निर्देशनालयमा अलग अलग निर्देशक रहने व्यवस्था छ । आयोगमा देहायअनुसारका निर्देशनालयहरु छन :

- मापदण्ड तथा प्रत्यायन निर्देशनालय,
- योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय,
- परीक्षा निर्देशनालय,
- नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटी ।

चिकित्सा शिक्षा आयोगले सम्पादन गरेका मुख्य मुख्य कार्यहरु

आर्थिक वर्ष २०७७।७८ मा चिकित्सा शिक्षा आयोगले सम्पादन गरेका मुख्य मुख्य कार्यहरु देहायअनुसार रहेका छन ।

### क) शुल्क निर्धारण

चिकित्सा शिक्षा आयोगले शैक्षिक सत्र २०७७।७८ का लागि स्नातक तह र स्नातकोत्तर तहको चिकित्सा शिक्षाका विभिन्न कार्यक्रमहरुको शुल्क निर्धारण गरेको छ ।

### ख) छात्रवृत्ति तथा अनुदान वितरण

स्वदेशी तथा विदेशी शिक्षण संस्थामा छात्रवृत्तिमा चिकित्सा विधाका विभिन्न कार्यक्रम अध्ययनका लागि विद्यार्थी छनोट गर्ने सिलसिलामा आर्थिक बर्ष २०७७।७८ मा चीन सरकारबाट नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमा अध्ययनका लागि चिकित्सा शिक्षाको स्नातकोत्तर तहका विभिन्न २० (बिस) ओटा कार्यक्रमअन्तर्गत ४२ (बयालिस) सिटमा विद्यार्थी सिफारिस गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पठाएको थियो । त्यसैगरी सार्वजनिक शिक्षण संस्थाले स्नातक तहको कार्यक्रममा उपलब्ध सिट संख्याको कम्तीमा पचहत्तर प्रतिशत सिट निःशुल्क छात्रवृत्तिको लागि व्यवस्था गर्नुपर्ने र निःशुल्क छात्रवृत्ति उपलब्ध गराएवापत नेपाल सरकारले सम्बन्धित शिक्षण संस्थालाई एकमुष्ट अनुदान प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ । सोही प्रावधानअनुसार आर्थिक वर्ष २०७७।७८ मा सार्वजनिक शैक्षिक संस्थाहरुलाई रकम रु ३६ करोड ९६ लाख ८२ हजार पाच सय चौरासी रुपैया अनुदान रकम उपलव्ध गराइएको छ ।

### ग) सिट निर्धारण

चिकित्सा शिक्षा आयोगले कानुनी प्रावधान र निश्चित मापदण्डलाई टेकेर शैक्षिक सत्र २०७७ का लागि चिकित्सा शिक्षा सम्बन्धी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय, प्रतिष्ठान र अन्य शिक्षण संस्थाको तहगत र विषयगत सिट संख्या निर्धारण गरेको छ ।

### घ) एकीकृत प्रवेश परीक्षा सञ्चालन

चिकित्सा शिक्षा आयोगले चिकित्सा शिक्षा स्नातकोत्तर तहको विभिन्न कार्यक्रमहरुको एकीकृत प्रवेश परीक्षा सञ्चालन गरी अध्ययनका लागि विद्यार्थीहरुलाई सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान एवम शैक्षिक संस्थाहरुमा पठाएको छ । चिकित्सा शिक्षा अन्तरगत स्नातक तहको विभिन्न विषय एवम् कार्यक्रममा अध्ययनका लागि एकीकृत प्रवेश परीक्षा सञ्चालनको तयारी सम्पन्न गरेको छ ।

### ङ) वैदेशिक अध्ययन अनुमति पत्र वितरण

चिकित्सा शिक्षा विषयमा स्नातक तह, स्नातकोत्तर तह, फेलोसिप कार्यक्रम तथा उच्चस्तरीय तालिमका लागि विदेशमा जाने विद्यार्थीको योग्यता निर्धारण गरी आ.व. २०७७।२०७८ को असार मसान्तसम्म स्नातक तहको २७३ जना, स्नातकोत्तर तहको २०९ जना र फेलोसिप कार्यक्रम तथा उच्चस्तरीय तालिमको ९ जना गरी जम्मा ४९१ जनालाई वैदेशिक अध्ययन अनुमति पत्र जारी गरिएको छ ।

चिकित्सा शिक्षा आयोगको संगठन संरचना अनुसुची ९ मा दिइएको छ ।

## राष्ट्रिय किताबखाना (शिक्षक)

सेवानिवृत हुने शिक्षकहरुलाई निवृतभरण, उपदान लगायतका सेवा सुविधा दिने व्यवस्था २०३५ सालमा भएपछि अभिलेख राख्ने र सेवा सुविधा प्रदान गर्ने कार्य साबिकको क्षेत्रीय शिक्षा निर्देशनालयबाट हुँदै आएकोमा अलग्गै निकायबाट उक्त कार्य संचालन गर्ने उद्देश्यले मन्त्रिपरिषद्को मिति २०५४ माघ २ गतेको निर्णयबमोजिम शिक्षा नियमावली २०४९ मा भएको (छैठौं संशोधन), २०५४ ले विद्यालय शिक्षक किताबखाना स्थापना भई यस कार्यलाई २०५४।११।१९ गतेदेखि शिक्षा नियमावलीमा आवद्ध गरियो । यसपछि मिति २०५४।१२।२६ गतेदेखि शिक्षा मन्त्रालय, केशरमहल परिसरको एक कोठाबाट आफ्नो कार्य आरम्भ गरी वि.सं. २०५५ साल भाद्र महिनादेखि ताहाचलस्थित साबिकको जिल्ला शिक्षा कार्यालय काठमाडौंको भवनमा स्थानान्तरण गरियो । वि.सं. २०६६ जेष्ठदेखि विद्यालय शिक्षक किताबखानाको आफ्नै भवन काठमाडौं महानगरपालिका वडा नं. १३ म्यूजियम मार्ग, छाउनीमा निर्माण भएपछि यहीबाट सेवाप्रदान गर्दै आएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत विभागस्तरीय कार्यालयको रूपमा रहेको यस विद्यालय शिक्षक किताबखाना नै सामुदायिक विद्यालयका स्थायी शिक्षकहरुको व्यक्तिगत विवरण राख्ने केन्द्रीय निकाय हो । यसले नीति निर्माताहरुलाई शिक्षक सम्बन्धी आवश्यक विवरण एवम् तथ्याङ्क उपलब्ध गराउनुका साथै सेवाबाट अलग भएका शिक्षकहरुलाई निवृत्तभरण, उपदान, पारिवारिक निवृत्तभरण, पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्तति वृत्ति, विरामी विदा (अस्थायी अवधिको समेत) को रकम जस्ता सुविधाहरु प्रदान गर्ने कार्यमा प्रमुख भूमिका निर्वाह गर्दछ । विद्यालय शिक्षक किताबखानाले शिक्षकहरुको अभिलेख व्यवस्थापनलगायत शिक्षा विकास तथा समन्वय इकाईको सिफारिससहित सेवा निवृत्त वा सेवारत स्थायी शिक्षकहरुलाई शिक्षा ऐन २०२८ र शिक्षा नियमावली, २०५९ (संशोधन सहित) बमोजिम उपलब्ध गराउनु पर्ने सेवा सुविधाहरु निर्धारण गरी निरन्तर रुपमा आधुनिक प्रविधिको माध्यमबाट समेत छिटो, छरितो एवम् चुस्त, दुरुस्त रुपमा सेवा प्रदान गर्न सदैव कार्यरत रहेको छ । यसका साथै भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० बमोजिम स्थायी शिक्षकहरुको सम्पत्ति विवरण व्यवस्थित रुपमा राख्ने महत्वपूर्ण जिम्मेवारी पनि पूरा गर्दै आएको छ ।

नेपालको संविधान २०७२ जारी भएपश्चात मुलुक संघीय संरचनामा गएसँगै नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५ आषाढ ४ गतेको निर्णयानुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहत निजामती किताबखाना, विद्यालय शिक्षक किताबखाना र प्रहरी किताबखानालाई गाभेर राष्ट्रिय किताबखाना बनाइएको छ । यसपछि यस किताबखानाले राष्ट्रिय किताबखानाको विद्यालय शिक्षक माहाशाखाको रुपमा कार्य गर्दै आएको छ ।

## संस्थाको दीर्घकालिन दृष्टिकोण

व्यवस्थित अभिलेख पद्धतिको विकास गरी सरल र सुलभ ढंगबाट सामुदायिक विद्यालयका शिक्षकलाई ऐन नियमले निर्दिष्ट गरेका सेवा सुविधा उपलब्ध गराउने ।

## संस्थाको मुख्य लक्ष्य

क) यस किताबखानाको कार्यलाई आधुनिक प्रविधिमा आधारित वैज्ञानिक र व्यवस्थित अभिलेख व्यवस्थापनको माध्यमबाट सेवा प्रवाहमा पारदर्शी, सर्वसुलभ र सरलीकृत गर्दै सेवाग्राहीलाई गुणस्तरीय सेवा प्रदान गर्ने ।

ख) विश्वसनीय, तथ्यपरक अभिलेखका आधारमा सम्पूर्ण सामुदायिक विद्यालयका स्थायी शिक्षकको सूचना केन्द्रिकृत गरी सुधारात्मक नीति तथा कार्यक्रम निर्माणमा सरकारलाई सहयोग पुर्याउने ।

## उद्देश्य

क) सामुदायिक विद्यालयका स्थायी शिक्षकको शुरु नियुक्तिदेखि अवकाश हुँदासम्मको अभिलेख सुरक्षित र व्यवस्थित रुपमा अद्यावधिक गर्ने ।

ख) सेवाबाट निवृत्त भएका शिक्षकको निवृत्तभरण, उपदान, उपचार खर्च, पारिवारिक निवृत्तभरण, सन्तति वृत्ति, विरामी विदा (अस्थायी अवधिको समेत) को रकम आदि सुविधा उपलब्ध गराउने र सो को अभिलेख राख्ने ।

ग) सरकारका विभिन्न निकायहरुलाई नीति निर्माणका लागि आवश्यक पर्ने शिक्षक सम्बन्धी सूचना तथा तथ्याङ्कहरु उपलब्ध गराउने ।

घ) सामुदायिक विद्यालयका स्थायी शिक्षकको अभिलेखको सूचना केन्द्रको रुपमा कार्य गर्ने ।

ङ) सामुदायिक विद्यालयका स्थायी शिक्षकको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने/गराउने ।

च) सामुदायिक विद्यालयका स्थायी शिक्षकको सम्पत्ति विवरणको वार्षिक रुपमा अभिलेख राख्ने ।

## कार्यहरु

(क) स्थायी शिक्षकको वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) दर्ता गरी नियुक्ति, पदस्थापन, सरुवा, वढुवा, तालिम, शैक्षिक योग्यता, पुरस्कार, विभागीय कारवाही, असाधारण एवम् अध्ययन विदा, उपचार खर्चको रकम जस्ता शिक्षकसँग सम्बन्धित विवरणहरु वैयक्तिक तथा नोकरी विवरण(सिटरोल) फाइलमा संलग्न गरी अद्यावधिक गर्ने ।

ख) शिक्षकको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने ।

ग) ६ महिना अगावै शिक्षकलाई अनिवार्य अवकाशको जानकारी दिने सम्बन्धी सूचना व्यवस्थापन गर्ने ।

घ) सेवाबाट अलग भएका शिक्षकको विरामी विदा(अस्थायीको समेत) उपचार खर्च, उपदानको रकम निकासा दिने तथा निवृत्तभरण, पारिवारिक निवृत्तभरण, पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्तति वृत्ति जस्ता सुविधा किटान गरी निवृत्तभरण अधिकारपत्र (पेन्सनपट्टा) प्रदान गर्ने ।

ङ) शिक्षा ऐन र नियमावलीमा व्यवस्था भएअनुसार सेवा अवधि गणना गर्ने ।

च) निवृत्तभरण प्राप्त शिक्षकलाई परिचयपत्र प्रदान गर्ने ।

छ)	स्थायी शिक्षकको स्थायी ठेगाना परिवर्तन गर्ने ।

ज)	शिक्षकको अभिलेख तथा सुविधा सम्बन्धी सूचना केन्द्रको रुपमा काम गर्ने ।

झ)	शिक्षकको सम्पत्ति विवरणको वार्षिक रुपमा अभिलेख राख्ने ।

ञ)	सम्बन्धित निकाय तथा शिक्षकलाई शिक्षकको अभिलेखअनुरुपका तथ्याङ्कहरु नियमानुसार उपलब्ध गराउने ।

ट)	शिक्षकको अभिलेखलाई निरन्तर आधुनिक प्रविधिअनुरुप व्यवस्थित एवम् अद्यावधिक गर्दै जाने ।

राष्ट्रिय किताबखाना (शिक्षक) को संगठन संरचना अनुसूची १० मा दिइएको छ ।

## शिक्षा दिवसका आदर्श वाक्यहरु

| क्र.सं. | साल | आदर्श वाक्यहरु |
|---|---|---|
| १. | २०३१ | "शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिकाले वञ्चित हुन नपरोस्।" |
| २. | २०३५ | "नानीहरुलाई माया गरौ।" |
| ३. | २०३८ | "शिक्षाको गुणस्तर बढाऔं।" |
| ४. | २०३९ | "शिक्षाको गुणस्तर बढाऔ जनसहभागिता जुटाऔ।" |
| ५. | २०४० | "शिक्षालाई उत्पादनशील र सृजनशील बनाऔं।" |
| ६. | २०४१ | "शिक्षालाई जनमुखी बनाऔं।" |
| ७. | २०४२ | "शिक्षालाई जीवनोपयोगी बनाऔ।" |
| ८. | २०४३ | "शिक्षाको स्तर र विकासको मर्यादा बढाऔं।" |
| ९. | २०४४ | "आफ्ना छोरा छोरीलाई पढ्न पठाऔं,<br>शिक्षालाई जगैबाट उठाऔं।" |
| १०. | २०४५ | "शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिका टाढा हुन नपरोस्।" |
| ११. | २०४६ | "साक्षर बनौ र साक्षरता बढाऔ।" |
| १२. | २०४७ | " शिक्षाको उज्यालो घर घरमा पुर्याऔं प्रजातान्त्रिक विकास विकसित गराऔं। " |
| १३. | २०४८ | "शिक्षाको उपलब्धिः दक्ष र सक्षम जनशक्ति।" |
| १४. | २०४९ | "स्वच्छ शैक्षिक वातावरण सिर्जना गरौं शिक्षाको विकास गरौं।" |
| १५. | २०५० | "शिक्षाको विस्तारः विकासको पूर्वाधार।" |
| १६. | २०५१ | "शिक्षाको गुणस्तर उठाऔं, स्वावलम्वी बनाऔं।" |
| १७. | २०५२ | "शिक्षाको ज्योति जगाऔं,सक्षम नागरिक तयार गरौं।" |
| १८. | २०५३ | "लगनशील विद्यर्थी, समर्पित शिक्षक, स्तरयुक्त शिक्षा, आजको आवश्यकता।" |
| १९. | २०५४ | "दक्ष शिक्षक, स्तरीय शिक्षा सक्षम जनशक्ति, राष्ट्रको प्रगति।" |
| २०. | २०५५ | स्तरीय शिक्षा घर घर पुर्याऔं।" |
| २१. | २०५६ | "प्रजातान्त्रिक शिक्षाका मान्यता, रोजगार, विकास र मानवता।" |

| क्र.सं. | साल | आदर्श वाक्यहरु |
|---|---|---|
| २२. | २०५७ | "आजको आवश्यकता सबैलाई जीवनोपयोगी शिक्षा, गुणस्तरका लागि सक्रिय जनसहभागिता।" |
| २३. | २०५८ | "सहभागितामूलक स्वच्छ शिक्षाको विस्तार एकता र दिगो विकासको आधार।" |
| २४. | २०५९ | "आदर्श शिक्षाका चरण चार  शान्ति, सहिष्णुता, सदाचार र रोजगार।" |
| २५. | २०६० | "शिक्षालयलाई शान्ति क्षेत्र बनाऔं, गुणत्मक शिक्षाको विस्तार गरौं।" |
| २६. | २०६१ | "हिंसारहित शान्त शिक्षणस्थल सबैको इच्छा, सँगै बस्न र जिउन सबैका लागि शिक्षा।" |
| २७. | २०६२ | "शान्ति सबैको इच्छा, गुणस्तरीय एवम् रोजगार मूलक शिक्षा।" |
| २८. | २०६४ | "लोकतान्त्रिक नेपालको आवश्यकता, समावेशी र गुणात्मक शिक्षा।" |
| २९ | २०६५ | "लोकतान्त्रिक गणतन्त्र नेपालको आधार शिक्षा सबैको मौलिक अधिकार। " |
| ३०. | २०६६ | "नयाँ नेपालको मूल आधार, गुणस्तरीय शिक्षा मौलिक अधिकार।" |
| ३१. | २०६७ | "शिक्षा हाम्रो मौलिक अधिकार, उन्नति र समृद्धिको आधार।" |
| ३२. | २०६८ | "श्रम सिप र प्रविधियुक्त गुणस्तरीय शिक्षा विद्यालय शान्ति क्षेत्र नेपालीको इच्छा।" |
| ३३. | २०६९ | "समुन्नत समाज, परिष्कृत संस्कार साक्षरता र शिक्षा:विकासको आधार।" |
| ३४. | २०७० | "बालमैत्री, अनिवार्य शिक्षा ज्ञान र सिपको सुनिश्चितता।" |
| ३५. | २०७१ | "सक्षम शिक्षक स्तरीय शिक्षा, समृद्धिका लागि साक्षरता र प्रविधियुक्त शिक्षा।" |
| ३६. | २०७२ | "दिगो विकासका लागि गुणस्तरीय शिक्षा सबैका लागि सुरक्षित शिक्षण संस्था।" |
| ३७. | २०७३ | "समृद्ध राष्ट्र निर्माणका लागि जीवनोपयोगी शिक्षामा लगानी" |
| ३८. | २०७४ | "संङ्घीय नेपाल समृद्धिको आधार, स्तरीय शिक्षा सबैको अधिकार" |
| ३९. | २०७५ | "समाजवाद उन्मुख सम्भृद्ध राष्ट्र निर्माणको आधार, दक्ष जनशक्ति विकास एवम् दिगो शैक्षिक पूर्वाधार" |
| ४० | २०७६ | "हामी सबैको प्रण- सार्वजनिक शिक्षा प्रणालीको सबलीकरण" |
| ४१ | २०८० | "समावेशी र सिपमूलक शिक्षा, स्वदेशमै युवा राष्ट्रको इच्छा" |

## नीति, निर्देशिका तथा कार्यविधिको विवरण

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय लगायत निकायहरुबाट जारी भएका शिक्षासँग सम्वन्धित नीति, निर्देशिका तथा कार्यविधिको विवरणहरु निम्नानुसार रहेकाछन् ।

| क्र.सं | नीति, निर्देशिका, कार्यविधिको नाम | जारी गर्ने निकाय | कैफियत |
|---|---|---|---|
| १. | राष्ट्रिय शिक्षा नीति, २०७६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| २. | राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |

| क्र.सं | नीति, निर्देशिका, कार्यविधिको नाम | जारी गर्ने निकाय | कैफियत |
|---|---|---|---|
| ३. | निजी लगानीमा संचालन गरिने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| ४. | विदेशी शिक्षण संस्थाको सम्बन्धमा उच्च शिक्षा संचालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| ५. | वैदेशिक अध्ययन स्वीकृति सम्बन्धी निर्देशिका, २०७९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| ६. | वैज्ञानिक समाजलाई अनुदान सहयोग कार्यविधि, २०७९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| ७. | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०७९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| ८. | शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०७३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| ९. | विद्यालय संचालन सम्बन्धी कार्यढाँचा, २०७७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| १०. | विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| ११. | जैविक प्रविधि नीति, २०६३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| १२. | सूचना प्रविधि नीति, २०६७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| १३. | पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति २०६४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| १४. | पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका २०६९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| १५. | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति गठन आदेश, २०५२ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | |
| १६. | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति गठन कार्यसंचालन नियमावली, २०६५ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | |
| १७. | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०६५ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | |
| १८. | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति आर्थिक कार्यविधि नियमावली, २०६६ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | |
| १९. | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति आन्तरिक विविध कोष संचालन निर्देशिका आर्थिक कार्यविधि नियमावली, २०७० | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | |
| २०. | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति विशेषज्ञको बोर्ड गठन सम्बन्धी कार्य निर्देशिका, २०७२ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | |

| क्र.सं | नीति, निर्देशिका, कार्यविधिको नाम | जारी गर्ने निकाय | कैफियत |
|---|---|---|---|
| २१. | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति परीक्षण सम्बन्धी कार्यविधि, २०७४ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | |
| २२. | डि.एन.ए.परीक्षण सेवा सम्बन्धमा गरिएको व्यवस्था, २०६२ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | |
| २३. | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति परीक्षण शुल्क सम्बन्धी व्यवस्था, २०७४ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | |
| २४. | माध्यमिक शिक्षा उत्तीर्ण(एस.एल.सी) परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०६५(चौथो संशोधन) | राष्ट्रिय परीक्षा बोर्ड | |
| २५. | पुराना प्रमाणपत्रका त्रुटि तथा अभिलेख संशोधन सम्बन्धी आन्तरिक कार्यविधि २०७० | राष्ट्रिय परीक्षा बोर्ड | |
| २६. | शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि २०७८ | शिक्षक सेवा आयोग | |
| २७. | परीक्षा सञ्चालन निर्देशिका २०७८ | शिक्षक सेवा आयोग | |
| २८. | उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण निर्देशिका २०७६ | शिक्षक सेवा आयोग | |
| २९. | अन्तर्वार्ता सञ्चालन निर्देशिका २०७९ | शिक्षक सेवा आयोग | |
| ३०. | अध्यापन अनुमतिपत्र वितरण र व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ | शिक्षक सेवा आयोग | |
| ३१. | शिक्षकहरुको बढुवा सम्बन्धी कार्यविधि २०७९ | शिक्षक सेवा आयोग | |
| ३२. | शिक्षक सेवा आयोग आचारसंहिता २०७८ | शिक्षक सेवा आयोग | |
| ३३. | कार्यक्रम कार्यान्वयन पुस्तिका (प्रत्येक आर्थिक बर्षको प्रारम्भमा प्रकाशित हुने) | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ३४. | सामुदायिक विद्यालयको सामाजिक परीक्षण मापदण्डः २०७८ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ३५. | एकमुष्ट अनुदान कार्यविधिः २०७६ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ३६. | नमूना विद्यालय विकास तथा सञ्चालन निर्देशिकाः २०७५ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ३७. | दूर शिक्षा प्रणालीबाट शिक्षक पेशागत विकास कार्यक्रम सञ्चालन कार्यविधिः २०७७ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ३८. | पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधिः २०७८ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ३९. | प्रारम्भिक बालविकास लागत सहभागिताको प्रारुपः २०७७ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |

| क्र.सं | नीति, निर्देशिका, कार्यविधिको नाम | जारी गर्ने निकाय | कैफियत |
|---|---|---|---|
| ४०. | विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिकाः२०७७ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ४१. | विद्यालय सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधिः २०७६ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ४२. | विपन्न लक्षित छात्रबृत्ति कार्यान्वयन मापदण्डः २०७८ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ४३. | शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधिः २०७७ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ४४. | शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधिः २०७६ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ४५. | सामुदायिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधिः २०७७ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ४६. | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्डः २०७८ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ४७. | सेनेटरी प्याड वितरण सम्बन्धी कार्यविधिः २०७६ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ४८. | परम्परागत शिक्षण संस्था(सञ्चालन तथा व्यवस्थापन) मापदण्डः २०७९ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ४९. | सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिकाः २०७६ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ५०. | विद्यालयमा गुनासो सुनुवाइ संयन्त्रः२०७६ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ५१. | विद्यालय लेखाङ्कन दिग्दर्शन, २०७६ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | |
| ५२. | विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ (दोस्रो संस्करण) | पाठ्यक्रम विकास केन्द्र | |
| ५३. | लेटर ग्रेडिङ निर्देशिका, २०७८ | पाठ्यक्रम विकास केन्द्र | |
| ५४. | पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ | पाठ्यक्रम विकास केन्द्र | |
| ५५. | एकीकृत पाठ्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका, २०७९ | पाठ्यक्रम विकास केन्द्र | |
| ५६. | विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड, आधारभूत तह (कक्षा ९-१२),२ ०८० | पाठ्यक्रम विकास केन्द्र | |
| ५७. | लेटर ग्रेडिङ पद्धतिः सहयोग पुस्तिका, २०७९ | पाठ्यक्रम विकास केन्द्र | |
| ५८. | विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड (कक्षा ९-१२०), २०८० | पाठ्यक्रम विकास केन्द्र | |
| ५९. | मान्यता तथा समकक्षता निर्धारण निर्देशिका (दोस्रो संशोधन २०७९) | पाठ्यक्रम विकास केन्द्र | |

| क्र.सं | नीति, निर्देशिका, कार्यविधिको नाम | जारी गर्ने निकाय | कैफियत |
|---|---|---|---|
| ६०. | विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका (दोस्रो संशोधन) २०७५ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद | |
| ६१. | शैक्षिक गुणस्तर परीक्षण केन्द्रको निर्देशिका २०७४ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | |
| ६२. | रेडियोधर्मी पदार्थ ( उपयोग तथा नियमन ) नियमावली, २०७८ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| ६३. | शिक्षाको सोचपत्र, २०७९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| ६४. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गका निकायमा कर्मचारीको पदस्थापना, सरुवा तथा कामकाज गर्न खटाउने सम्बन्धी मापदण्ड, २०८०९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| ६५. | प्रशिक्षार्थी (इन्टर्न) सम्बन्धी कार्यविधि,२०८० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |

## नीतिगत ब्यवस्था

## राष्ट्रिय शिक्षा नीति २०७६

मुलुकको समग्र विकासको दृष्टिकोण तथा प्राथमिकता स्पष्ट रुपमा निर्धारण गर्न लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरू तर्जुमा गरिन्छ । राष्ट्रको शैक्षिक विकासको दृष्टिकोण र कार्यदिशा शिक्षा नीतिमार्फत प्रतिविम्बित हुने गर्दछ । कुनै पनि देशको शिक्षा नीतिले आफ्नो राष्ट्रिय विकासका प्राथमिकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ । यसै परिप्रेक्ष्यमा नेपाल सरकारले सङ्घीय संरचना अनुरूप शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रुपमा यो राष्ट्रिय शिक्षा नीति २०७६ (नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७६।०७।१८मा स्वीकृत) तर्जुमा गरेको हो ।

राष्ट्रिय शिक्षा नीति २०७६ का उद्देश्य, रणनीति र नीतिहरु अनुसूची ११ मा दिइएको छ ।

## राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६

नेपालको संविधानले विज्ञान प्रविधिलाई देशको समग्र र दीगो विकाससँग आवद्ध गरेको छ । सो बमोजिम वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् विज्ञान र प्रविधिको उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक र विशिष्ट प्रतिभाहरुको संरक्षण गर्ने उद्देश्य सहित तिब्र रूपमा भईरहेको प्रविधिको विकासको भरपुर उपयोग गर्दै दीगो विकासको लक्ष्य प्राप्ति एवम् "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय लक्ष्य हासिल गर्न नेपाल सरकारले **राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६** तर्जुमा गरिएको छ ।

राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६ का उद्देश्य, रणनीति र नीतिहरु अनुसूची १२ मा दिइएको छ ।

## शिक्षाको सोचपत्र २०७९

“सुखी नेपाली, समृद्ध नेपाल” को लक्ष्य पूरा गर्न शिक्षाको अहम् भूमिका रहन्छ । शिक्षाको विकासबाट मात्र समाज र राष्ट्रका आकांक्षा परिपूर्ति गर्न सकिन्छ। व्यक्तिको सर्वाङ्गीण जीवनपद्धति विकास र निर्माणको माध्यम शिक्षा हो । शिक्षाको विकासबाट नै ज्ञानवान्, गुणवान्, सिपवान्, क्षमताशील, दक्षतायुक्त, अनुशासित, प्रतिस्पर्धी र विवेकशील नागरिक तयार गर्न सकिन्छ र यसबाट राष्ट्रिय अभीष्ट हासिल गर्न सकिन्छ । नेपालको संविधानले व्यवस्था गरेअनुरूप अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सबै तहमा गुणस्तरीय शिक्षा प्राप्त गर्नु हरेक नेपालीको नैसर्गिक अधिकार हो । नेपालको संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने व्यक्तित्व विकासको संवाहकका रूपमा अङ्गीकार गरेको सन्दर्भ तथा शिक्षा सम्बन्धी दिगो विकास लक्ष्य, पन्ध्रौं योजना तथा शिक्षा नीति समेतलाई दृष्टिगत गरी शिक्षामा समसामयिक सुधार गर्दै आमूल परिवर्तन गर्न प्रस्तुत सोचपत्र तयार गरिएको छ।शिक्षासम्बन्धी दिगो विकासको लक्ष्य, पन्ध्रौं योजनाले परिलक्षित गरेको शिक्षासम्बन्धी समष्टिगत उद्देश्यका साथै राष्ट्रिय शिक्षा नीति समेतलाई दृष्टिगत गरी शिक्षामा आमूल परिवर्तन र समसामयिक सुधार गर्न यो सोचपत्र तयार गरिएको छ ।

शिक्षाको सोचपत्रका प्रमुख विषयहरु अनुसूची १३ मा दिइएको छ ।

# खण्ड - दुई

## शिक्षासँग सम्बन्धित तथ्याङ्कहरू

## तालिका १: साक्षरता दर सम्बन्धी विवरण

| क्षेत्र | साक्षरता दर (प्रतिशत) | | |
|---|---|---|---|
| | जम्मा | पुरुष | महिला |
| नेपाल | ७६.२ | ८३.६ | ६९.४ |
| **शहरी/ग्रामीण** | | | |
| नगरपालिका क्षेत्र | ७८.५ | ८५.४ | ७१.९ |
| गाउँपालिका क्षेत्र | ७१.९ | ७९.८ | ६४.४ |
| **भौगोलिक क्षेत्र** | | | |
| हिमाल | ७२.८ | ८१.१ | ६४.८ |
| पहाड | ८०.९ | ८७.९ | ७४.३ |
| तराई | ७३.१ | ८०.५ | ६६.१ |
| **प्रदेश** | | | |
| कोशी प्रदेश | ७९.७ | ८६.१ | ७३.६ |
| मधेश प्रदेश | ६३.५ | ७२.५ | ५४.७ |
| वाग्मती प्रदेश | ८२.१ | ८८.३ | ७६.० |
| गण्डकी प्रदेश | ८१.७ | ८८.८ | ७५.३ |
| लुम्बिनी प्रदेश | ७८.१ | ८५.२ | ७१.७ |
| कर्णाली प्रदेश | ७६.१ | ८३.३ | ६९.४ |
| सुदूरपश्चिम प्रदेश | ७६.२ | ८५.४ | ६८.२ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८ संक्षिप्त प्रतिवेदन राष्ट्रिय तथ्याङ्क कार्यालय*

## तालिका २: सबैभन्दा बढी र कम साक्षरता दर (%) हुने पाँच/पाँच वटा जिल्लाहरु

| जिल्ला | साक्षरता दर(%) | | | जिल्ला | साक्षरता दर(%) | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरूष | महिला | | जम्मा | पुरूष | महिला |
| काठमाडौं | ८९.२३ | ९४.१९ | ८४.१६ | रौतहट | ५७.७५ | ६६.०२ | ४९.४८ |
| ललितपुर | ८८.०८ | ९३.४१ | ८२.७५ | महोत्तरी | ५९.७७ | ६८.३७ | ५१.५५ |
| भक्तपुर | ८७.९६ | ९४.१० | ८१.७४ | सर्लाही | ६०.३१ | ६८.२३ | ५२.३४ |
| कास्की | ८७.७३ | ९३.४१ | ८२.३९ | हुम्ला | ६३.८४ | ७३.३५ | ५४.२६ |
| चितवन | ८३.६८ | ८८.९१ | ७८.७४ | बारा | ६४.५४ | ७३.१४ | ५५.६३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८ संक्षिप्त प्रतिवेदन राष्ट्रिय तथ्याङ्क कार्यालय*

## तालिका ३: साक्षर जनसंख्याले उत्तीर्ण गरेको तह

| उत्तीर्ण गरेको तह | जम्मा | | पुरूष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| नेपाल | २०४०८१२४ | १०० | १०८४५३०० | १०० | ९५६२८२४ | १०० |
| पूर्व प्राथमिक तह | ८९६५४६ | ४.४ | ४८३८२४ | ४.५ | ४१२७२२ | ४.३ |
| प्राथमिक तह (१-५) | ५८५५७३२ | २८.७ | ३११८५५० | २८.८ | २७३७१८२ | २८.६ |
| निम्न माध्यमिक तह (६-८) | ४०७१३३१ | १९.९ | २१८७२९९ | २०.२ | १८८४०३२ | १९.७ |
| माध्यमिक तह (९-१०) | ३१४८१८० | १५.४ | १६७८१५६ | १५.५ | १४७००२४ | १५.४ |
| एस.एल.सी. वा सो सरह | १९३९६३१ | ९.५ | १०४८९२० | ९.७ | ८९०७११ | ९.३ |
| प्रमाणपत्र वा सो सरह | २६००९०३ | १२.७ | १३३३८७८ | १२.३ | १२६७०२५ | १३.२ |
| स्नातक वा सो सरह | ९३०१७६ | ४.६ | ५१५१०३ | ४.७ | ४१५०७३ | ४.३ |
| स्नातकोत्तर वा सो सरह वा सो भन्दा माथि | ४४१५८५ | २.२ | २८१३७८ | २.६ | १६०२०७ | १.७ |
| अन्य | १७७६१ | ०.१ | ७३३२ | ०.१ | १०४२९ | ०.१ |
| तह नभएको/तह नखुलेको | ३५७५९२ | १.८ | १२५३३० | १.२ | २३२२६२ | २.४ |
| उल्लेख नभएको | १४८६७८ | ०.७ | ६५५३० | ०.६ | ८३१५७ | ०.९ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८ संक्षिप्त प्रतिवेदन  राष्ट्रिय तथ्याङ्क कार्यालय*

## तालिका ४: दश जोड २ वा सो सरह वा सो भन्दा माथिल्लो तह उत्तीर्ण गरेका व्यक्तिहरुले अध्ययन गरेको विषय/क्षेत्र

| अध्ययन गरेको विषय/क्षेत्र | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| मानविकी तथा सामाजिक शास्त्र | ४५८२१६ | ११.५ | २४५१०१ | ११.५ | २१३११५ | ११.६ |
| व्यवस्थापन | १३९५३१० | ३५.१ | ७८६३३४ | ३६.९ | ६०८९७६ | ३३.१ |
| शिक्षा | ११८९५५६ | २९.९ | ५२३८३४ | २४.६ | ६६५७२२ | ३६.१ |
| विज्ञान तथा प्रविधि | २८१८८७ | ७.१ | १८७१५८ | ८.८ | ९४७२९ | ५.१ |
| स्वास्थ्य/चिकित्साशास्त्र | १७३८०८ | ४.४ | ६९९१२ | ३.३ | १०३८९६ | ५.६ |
| इन्जिनियरिङ | १२०६३३ | ३.० | १०२८९२ | ४.८ | १७७४१ | १.० |
| कानुन | २९७९५ | ०.८ | २०९२५ | १.० | ८८७० | ०.५ |
| कृषि | २५९३२ | ०.७ | १५०६९ | ०.७ | १०८६३ | ०.६ |
| वन | १२९२० | ०.३ | ७८४४ | ०.४ | ५०७६ | ०.३ |
| पशुविज्ञान/पशुचिकित्सा/मत्स्यपालन | ९३०९ | ०.२ | ६६१६ | ०.३ | २६९३ | ०.१ |
| कम्प्युटर/सूचना प्रविधि | ४५८८० | १.२ | ३४८०२ | १.६ | ११०७८ | ०.६ |
| अन्य | ७१०३२ | १.८ | ४२४९८ | २.० | २८५३४ | १.५ |
| उल्लेख नभएको | १५८३८६ | ४.० | ८७३७४ | ४.१ | ७१०१२ | ३.९ |
| नेपाल | ३९७२६६४ | १०० | २१३०३५९ | १०० | १८४२३०५ | १०० |

तालिका ५: **Population aged 15 years and above with 10+2 or equivalent and higher level of education by major field of study, NPHC 2021**

| Area and sex | Total | Major field of study | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Humanities & social science | Management | Education | Science and technology | Health/ medical sciences | Engineering | Law | Agriculture | Forestry | Animal sciences/ Veterinary/ fisheries | Computing and information technology | Other | Not stated |
| **Nepal** | | | | | | | | | | | | | | |
| **Total** | **3972664** | **458216** | **1395310** | **1189556** | **281887** | **173808** | **120633** | **29795** | **25932** | **12920** | **9309** | **45880** | **71032** | **158386** |
| Male | 2130359 | 245101 | 786334 | 523834 | 187158 | 69912 | 102892 | 20925 | 15069 | 7844 | 6616 | 34802 | 42498 | 87374 |
| Female | 1842305 | 213115 | 608976 | 665722 | 94729 | 103896 | 17741 | 8870 | 10863 | 5076 | 2693 | 11078 | 28534 | 71012 |
| **Province** | | | | | | | | | | | | | | |
| **Koshi** | | | | | | | | | | | | | | |
| **Total** | **609581** | **75012** | **212943** | **205020** | **38611** | **22467** | **12861** | **4204** | **2799** | **1928** | **1282** | **5203** | **9764** | **17487** |
| Male | 316208 | 41514 | 118604 | 85361 | 25258 | 8325 | 11031 | 3162 | 1487 | 1174 | 965 | 3995 | 6209 | 9123 |
| Female | 293373 | 33498 | 94339 | 119659 | 13353 | 14142 | 1830 | 1042 | 1312 | 754 | 317 | 1208 | 3555 | 8364 |
| **Madhesh** | | | | | | | | | | | | | | |
| **Total** | **503850** | **36436** | **151687** | **164676** | **45017** | **28211** | **23718** | **2496** | **3044** | **3096** | **1526** | **3773** | **10156** | **30014** |
| Male | 316597 | 23828 | 97316 | 85552 | 34160 | 17890 | 21839 | 1956 | 2167 | 2074 | 1302 | 2981 | 6607 | 18925 |
| Female | 187253 | 12608 | 54371 | 79124 | 10857 | 10321 | 1879 | 540 | 877 | 1022 | 224 | 792 | 3549 | 11089 |
| **Bagmati** | | | | | | | | | | | | | | |
| **Total** | **1427669** | **204313** | **614911** | **256120** | **117754** | **66590** | **54112** | **15246** | **6511** | **3409** | **2395** | **25675** | **28045** | **32588** |
| Male | 755270 | 100439 | 339878 | 104123 | 73459 | 21647 | 44758 | 10217 | 3731 | 2019 | 1636 | 19578 | 15967 | 17818 |
| Female | 672399 | 103874 | 275033 | 151997 | 44295 | 44943 | 9354 | 5029 | 2780 | 1390 | 759 | 6097 | 12078 | 14770 |
| **Gandaki** | | | | | | | | | | | | | | |
| **Total** | **388176** | **40063** | **139929** | **124877** | **24180** | **13712** | **9112** | **2221** | **2441** | **1266** | **857** | **3117** | **5959** | **20442** |
| Male | 193534 | 22450 | 74840 | 48143 | 15337 | 4294 | 7637 | 1700 | 1372 | 664 | 586 | 2338 | 3742 | 10431 |
| Female | 194642 | 17613 | 65089 | 76734 | 8843 | 9418 | 1475 | 521 | 1069 | 602 | 271 | 779 | 2217 | 10011 |

| Area and sex | Total | Major field of study | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Humanities & social science | Management | Education | Science and technology | Health/ medical sciences | Engineering | Law | Agriculture | Forestry | Animal sciences/ Veterinary/ fisheries | Computing and information technology | Other | Not stated |
| **Lumbini** | | | | | | | | | | | | | | |
| **Total** | **558499** | **53887** | **173195** | **204698** | **37046** | **22898** | **11297** | **3401** | **4823** | **1454** | **1320** | **4826** | **10161** | **29493** |
| Male | 285375 | 30092 | 96064 | 84197 | 24383 | 9009 | 9656 | 2356 | 2912 | 827 | 907 | 3573 | 5889 | 15510 |
| Female | 273124 | 23795 | 77131 | 120501 | 12663 | 13889 | 1641 | 1045 | 1911 | 627 | 413 | 1253 | 4272 | 13983 |
| **Karnali** | | | | | | | | | | | | | | |
| **Total** | **183333** | **12451** | **21994** | **110241** | **6108** | **7839** | **3797** | **953** | **2933** | **802** | **867** | **1126** | **1983** | **12239** |
| Male | 101040 | 7525 | 12500 | 58084 | 4541 | 3484 | 3141 | 608 | 1518 | 492 | 545 | 770 | 1172 | 6660 |
| Female | 82293 | 4926 | 9494 | 52157 | 1567 | 4355 | 656 | 345 | 1415 | 310 | 322 | 356 | 811 | 5579 |
| **Sudur Paschim** | | | | | | | | | | | | | | |
| **Total** | **301556** | **36054** | **80651** | **123924** | **13171** | **12091** | **5736** | **1274** | **3381** | **965** | **1062** | **2160** | **4964** | **16123** |
| Male | 162335 | 19253 | 47132 | 58374 | 10020 | 5263 | 4830 | 926 | 1882 | 594 | 675 | 1567 | 2912 | 8907 |
| Female | 139221 | 16801 | 33519 | 65550 | 3151 | 6828 | 906 | 348 | 1499 | 371 | 387 | 593 | 2052 | 7216 |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

**तालिका ६: Population aged 5 years and above by caste/ethnicity and literacy Rate in percentage, NPHC 2021**

| S.N. | Caste/ ethnicity | Nepal | Koshi | Madhesh | Bagmati | Gandaki | Lumbini | Karnali | Sudurpashchim |
|---|---|---|---|---|---|---|---|---|---|
| 0 | Total | 76.2 | 79.7 | 63.5 | 82.1 | 81.7 | 78.1 | 76.1 | 76.2 |
| 1 | Kshetri | 81.3 | 83.6 | 79.8 | 85.7 | 84.2 | 84.0 | 76.2 | 76.2 |
| 2 | Brahman - Hill | 86.6 | 87.8 | 82.6 | 88.4 | 85.4 | 87.9 | 79.9 | 81.9 |
| 3 | Magar | 80.9 | 79.3 | 72.6 | 81.1 | 81.4 | 81.9 | 79.8 | 81.3 |
| 4 | Tharu | 75.4 | 76.1 | 73.7 | 83.0 | 80.7 | 75.6 | 82.2 | 73.2 |
| 5 | Tamang | 73.8 | 78.9 | 68.9 | 73.1 | 79.0 | 83.5 | 60.2 | 80.4 |
| 6 | Newa (Newar) | 85.0 | 84.4 | 80.5 | 85.0 | 85.0 | 89.7 | 87.5 | 90.8 |
| 7 | Bishwokarma | 76.2 | 78.2 | 71.8 | 77.7 | 78.5 | 78.6 | 73.1 | 73.3 |
| 8 | Musalman | 61.6 | 67.8 | 55.8 | 82.0 | 85.7 | 67.1 | 84.8 | 70.7 |
| 9 | Yadav | 67.1 | 76.0 | 65.5 | 92.7 | 88.9 | 68.4 | 87.0 | 81.6 |
| 10 | Rai | 82.6 | 81.9 | 73.2 | 86.1 | 87.6 | 88.9 | 90.1 | 85.2 |
| 11 | Gurung | 81.0 | 82.6 | 78.3 | 83.1 | 79.0 | 85.8 | 74.3 | 82.6 |
| 12 | Pariyar | 76.0 | 77.8 | 69.3 | 77.4 | 77.8 | 79.0 | 72.2 | 71.5 |
| 13 | Thakuri | 82.4 | 82.9 | 73.3 | 88.2 | 85.4 | 87.5 | 78.3 | 82.4 |
| 14 | Yakthung/Limbu | 84.2 | 83.7 | 80.2 | 92.4 | 90.3 | 89.4 | 79.1 | 85.1 |
| 15 | Mijar | 73.8 | 73.1 | 65.0 | 73.4 | 76.8 | 78.2 | 69.0 | 69.5 |
| 16 | Teli | 73.7 | 82.6 | 71.8 | 90.9 | 85.6 | 73.9 | 88.5 | 79.6 |
| 17 | Chamar/Harijan/ Ram | 55.5 | 63.9 | 51.4 | 76.2 | | 64.2 | | 57.6 |
| 18 | Koiri/Kushwaha | 70.7 | 76.5 | 69.3 | 92.3 | 86.6 | 71.1 | 82.0 | 80.6 |
| 19 | Musahar | 35.8 | 45.7 | 30.4 | 49.9 | 62.7 | 58.3 | 82.4 | 80.0 |
| 20 | Kurmi | 66.5 | 74.3 | 62.4 | 87.2 | 83.5 | 73.5 | 87.8 | 85.1 |
| 21 | Sanyasi/Dasnami | 79.6 | 79.9 | 67.9 | 80.5 | 83.2 | 82.2 | 79.1 | 80.7 |
| 22 | Dhanuk | 64.6 | 72.4 | 63.1 | 87.3 | 84.1 | 84.4 | 83.3 | 77.4 |
| 23 | Dusadh/Pasawan/ Pasi | 53.6 | 63.9 | 49.9 | 75.1 | 77.6 | 61.2 | 72.9 | 69.1 |
| 24 | Mallaha | 55.9 | 66.7 | 50.2 | 74.5 | 74.3 | 68.2 | 70.1 | 74.1 |
| 25 | Kewat | 65.6 | 72.7 | 62.5 | 90.1 | 79.2 | 66.6 | 89.3 | 83.9 |
| 26 | Kathabaniyan | 78.4 | 86.5 | 75.1 | 88.4 | 88.7 | 82.5 | 65.6 | 77.9 |
| 27 | Brahman - Tarai | 87.0 | 87.5 | 85.0 | 93.9 | 87.6 | 87.4 | 91.9 | 85.1 |
| 28 | Kalwar | 79.5 | 88.4 | 77.6 | 91.3 | 89.1 | 80.0 | 88.2 | 87.3 |
| 29 | Kanu | 69.2 | 87.6 | 67.8 | 86.9 | 87.3 | 79.5 | 96.8 | 92.0 |
| 30 | Kumal | 75.5 | 76.3 | 65.6 | 77.6 | 76.9 | 75.2 | 70.8 | 64.7 |
| 31 | Gharti/Bhujel | 77.7 | 78.5 | 73.4 | 76.2 | 79.6 | 79.1 | 74.4 | 73.7 |
| 32 | Hajam/Thakur | 70.7 | 80.4 | 67.3 | 86.0 | 84.7 | 71.3 | 82.9 | 80.4 |
| 33 | Rajbansi | 75.7 | 75.5 | 76.9 | 87.8 | 85.5 | 78.4 | 83.9 | 80.5 |
| 34 | Sherpa | 77.3 | 77.0 | 72.5 | 77.3 | 83.7 | 83.4 | 84.9 | 81.0 |
| 35 | Dhobi | 61.1 | 73.6 | 57.4 | 81.4 | 85.8 | 65.9 | 77.8 | 80.0 |
| 36 | Tatma/Tatwa | 57.6 | 71.6 | 56.4 | 85.4 | 76.9 | 81.1 | 70.6 | 73.8 |
| 37 | Lohar | 69.9 | 77.5 | 67.0 | 87.2 | | 73.2 | | 76.0 |

| S.N. | Caste/ ethnicity | Nepal | Koshi | Madhesh | Bagmati | Gandaki | Lumbini | Karnali | Sudurpashchim |
|---|---|---|---|---|---|---|---|---|---|
| 38 | Khatwe | 53.8 | 64.7 | 52.5 | 82.1 | 82.7 | 74.2 | 84.2 | 70.0 |
| 39 | Sundi | 78.1 | 82.3 | 76.7 | 93.7 | 95.3 | 75.2 | 71.4 | 85.1 |
| 40 | Danuwar | 71.1 | 71.8 | 70.4 | 71.2 | 90.9 | 84.1 | 100.0 | 92.3 |
| 41 | Haluwai | 75.9 | 83.1 | 71.2 | 86.5 | 82.8 | 86.4 | 88.1 | 77.8 |
| 42 | Majhi | 63.9 | 72.1 | 40.8 | 72.1 | 72.5 | 68.0 | 76.6 | 75.6 |
| 43 | Baraee | 71.1 | 77.5 | 69.5 | 89.2 | 75.3 | 73.0 | 71.4 | 86.0 |
| 44 | Bin | 47.2 | 64.4 | 45.5 | 81.5 | 81.9 | 65.3 | 100.0 | 53.3 |
| 45 | Nuniya | 57.4 | 68.5 | 53.7 | 81.3 | 73.8 | 62.0 | 81.0 | 58.3 |
| 46 | Chepang/Praja | 68.8 | 83.9 | 61.5 | 68.4 | 74.6 | 73.1 | 71.4 | 71.4 |
| 47 | Sonar | 75.5 | 83.7 | 71.9 | 85.6 | 85.7 | 82.4 | 71.6 | 79.6 |
| 48 | Kumhar | 65.4 | 73.2 | 64.0 | 90.2 |  | 67.8 |  |  |
| 49 | Sunuwar | 80.3 | 81.4 | 72.6 | 79.7 | 83.0 | 81.5 | 78.9 | 79.6 |
| 50 | Bantar/Sardar | 60.5 | 64.5 | 52.9 | 75.0 |  |  |  |  |
| 51 | Kahar | 65.9 | 63.8 | 55.5 | 86.0 | 77.3 | 68.5 | 33.3 | 72.2 |
| 52 | Santhal | 65.0 | 64.7 | 73.1 | 87.4 | 80.0 | 80.7 | 72.7 | 73.3 |
| 53 | Marwadi | 97.2 | 97.4 | 96.4 | 97.7 | 92.5 | 97.2 | 75.0 | 94.1 |
| 54 | Kayastha | 93.6 | 94.5 | 92.9 | 97.8 | 95.0 | 92.7 | 60.0 | 90.5 |
| 55 | Rajput | 82.6 | 85.6 | 83.1 | 93.0 | 88.9 | 73.1 | 33.3 | 86.6 |
| 56 | Badi | 72.7 | 76.1 | 68.0 | 76.7 | 80.4 | 75.5 | 72.4 | 68.7 |
| 57 | Oraon/Kudukh | 64.9 | 66.1 | 55.6 | 84.4 | 68.4 | 68.8 | 64.3 | 71.2 |
| 58 | Gangai | 75.2 | 75.2 | 56.8 | 81.1 | 75.0 | 63.2 | 79.3 |  |
| 59 | Lodh | 63.6 | 78.9 | 64.2 | 80.6 | 84.9 | 63.5 | 60.0 | 73.0 |
| 60 | Badhaee/Badhee | 72.3 | 78.0 | 71.2 | 87.8 | 88.2 | 70.3 | 85.7 | 82.5 |
| 61 | Thami | 72.7 | 77.5 | 68.8 | 72.4 | 88.0 | 73.5 | 65.5 | 70.0 |
| 62 | Kulung | 80.9 | 80.4 | 50.0 | 94.5 | 92.0 | 71.4 | 66.7 |  |
| 63 | Bangali | 77.2 | 75.9 | 85.0 | 85.3 | 82.1 | 91.6 | 66.7 | 87.5 |
| 64 | Gaderi/Bhediyar | 65.6 | 69.7 | 62.9 | 91.3 | 62.5 | 67.0 | 66.7 | 80.0 |
| 65 | Dhimal | 76.9 | 76.6 | 73.0 | 82.3 | 87.7 | 84.5 | 68.2 | 85.7 |
| 66 | Yakkha | 82.0 | 81.9 | 67.6 | 91.0 | 76.3 | 66.0 | 66.7 | 50.0 |
| 67 | Ghale | 74.6 | 85.2 | 75.8 | 74.8 | 71.7 | 83.9 | 76.8 | 86.7 |
| 68 | Tajpuriya | 73.4 | 73.3 | 70.8 | 81.3 | 66.7 | 60.0 | 33.3 | 100.0 |
| 69 | Khawas | 73.5 | 72.9 | 57.3 | 82.8 | 77.4 | 75.6 | 79.2 | 82.6 |
| 70 | Darai | 78.1 | 81.8 | 80.0 | 77.2 | 79.1 | 79.7 | 89.3 | 77.3 |
| 71 | Mali | 65.9 | 73.1 | 63.3 | 81.3 | 60.7 | 70.3 | 81.8 | 80.3 |
| 72 | Dhunia | 57.9 | 47.4 | 50.4 | 77.4 | 87.5 | 66.5 | 38.5 | 70.6 |
| 73 | Pahari | 71.8 | 75.0 | 72.2 | 71.7 | 76.7 | 80.0 | 66.7 | 70.4 |
| 74 | Rajdhob | 73.7 | 78.2 | 72.8 | 90.5 | 82.2 | 78.3 | 64.3 | 67.9 |
| 75 | Bhote | 68.3 | 63.3 | 71.4 | 83.6 | 73.7 | 91.0 | 65.4 | 64.1 |
| 76 | Dom | 38.4 | 60.7 | 28.6 | 64.3 |  | 60.8 |  |  |
| 77 | Thakali | 86.6 | 79.2 | 57.1 | 91.5 | 85.5 | 83.3 | 76.3 | 86.8 |
| 78 | Kori | 58.9 | 75.8 | 61.5 | 84.9 | 80.3 | 57.8 | 66.7 | 75.5 |
| 79 | Chhantyal/Chhantel | 81.5 | 90.0 | 35.3 | 87.5 | 80.0 | 84.8 | 79.8 | 73.1 |
| 80 | Hyolmo/Yholmopa | 67.9 | 80.9 | 66.7 | 65.2 | 79.3 | 66.7 | 21.7 | 60.0 |

| S.N. | Caste/ ethnicity | Nepal | Koshi | Madhesh | Bagmati | Gandaki | Lumbini | Karnali | Sudurpashchim |
|---|---|---|---|---|---|---|---|---|---|
| 81 | Bote | 73.5 | 74.8 | 69.0 | 74.5 | 73.6 | 72.5 | 78.3 | 70.4 |
| 82 | Rajbhar | 65.3 | 71.6 | 61.1 | 77.1 | 60.0 | 65.1 | 100.0 | 90.0 |
| 83 | Baram / Baramu | 74.0 | 73.3 | 54.1 | 83.1 | 72.2 | 78.6 | 100.0 | 100.0 |
| 84 | Punjabi/Sikh | 85.4 | 89.4 | 92.4 | 89.4 | 90.2 | 82.1 | 100.0 | 84.6 |
| 85 | Nachhiring | 80.9 | 80.6 | 50.0 | 93.0 | 54.5 | 70.0 | 100.0 | 100.0 |
| 86 | Yamphu | 80.9 | 80.8 | 67.5 | 94.0 | | | | |
| 87 | Gaine | 78.4 | 79.5 | 75.9 | 80.6 | 81.4 | 77.1 | 76.6 | 61.8 |
| 88 | Chamling | 85.1 | 84.2 | 81.8 | 92.6 | 73.3 | 71.4 | 87.5 | 86.7 |
| 89 | Aathpahariya | 78.9 | 79.4 | 45.2 | 88.6 | 88.9 | 80.8 | 50.0 | |
| 90 | Jirel | 79.8 | 86.4 | 83.3 | 79.6 | 84.3 | 94.1 | 100.0 | 100.0 |
| 91 | Dura | 82.7 | 73.1 | 70.0 | 90.2 | 80.6 | 93.3 | 80.0 | 80.0 |
| 92 | Sarbaria | 58.1 | 60.1 | 49.5 | 69.4 | 66.7 | 33.3 | | 83.3 |
| 93 | Meche | 78.0 | 78.5 | 44.4 | 84.3 | 80.0 | 75.0 | 80.0 | |
| 94 | Bantawa | 84.0 | 83.8 | 66.7 | 91.0 | 72.7 | 60.0 | | 33.3 |
| 95 | Raji | 73.4 | 70.0 | 0.0 | 73.9 | 100.0 | 77.3 | 75.9 | 70.3 |
| 96 | Dolpo | 48.1 | | 50.0 | 87.9 | 47.1 | 62.5 | 44.6 | 100.0 |
| 97 | Halkhor | 52.4 | 77.9 | 50.5 | 100.0 | 50.0 | 52.1 | | 100.0 |
| 98 | Byasi/Sauka | 71.3 | 76.9 | 75.0 | 95.2 | 71.4 | 72.8 | 64.8 | 82.7 |
| 99 | Amat | 68.1 | 71.3 | 66.3 | 93.2 | 88.9 | 67.6 | 0.0 | |
| 100 | Thulung | 82.1 | 81.2 | 95.2 | 91.9 | 87.5 | 85.7 | 100.0 | 100.0 |
| 101 | Lepcha | 83.8 | 83.2 | 100.0 | 93.8 | 93.3 | 66.7 | 80.0 | 100.0 |
| 102 | Patharkatt/ Kushwadiya | 53.1 | 49.3 | 27.3 | 44.3 | 58.3 | 55.5 | 100.0 | 100.0 |
| 103 | Mewahang | 85.4 | 85.2 | | 94.8 | | 100.0 | | |
| 104 | Bahing | 81.1 | 80.0 | 83.3 | 93.6 | 100.0 | 90.0 | 100.0 | |
| 105 | Natuwa | 41.0 | 85.7 | 36.8 | 81.8 | 0.0 | 48.8 | | 100.0 |
| 106 | Hayu | 74.8 | 82.5 | 76.8 | 74.3 | 100.0 | 100.0 | 100.0 | 100.0 |
| 107 | Dhankar/ Dharikar | 60.2 | 50.0 | 51.6 | 100.0 | | 68.5 | | |
| 108 | Lhopa | 53.7 | 60.0 | 66.7 | 76.0 | 52.6 | 100.0 | | |
| 109 | Munda | 68.6 | 68.8 | 27.8 | 68.8 | 100.0 | 100.0 | | |
| 110 | Dev | 90.1 | 89.7 | 90.2 | 93.8 | 100.0 | 68.8 | 60.0 | 97.0 |
| 111 | Dhandi | 66.5 | 77.8 | 75.0 | 83.6 | 96.0 | 65.2 | 100.0 | 100.0 |
| 112 | Kamar | 71.7 | 70.7 | 71.4 | 73.8 | 73.9 | 69.1 | 52.6 | 100.0 |
| 113 | Kisan | 65.8 | 64.5 | 100.0 | 88.0 | | 72.1 | | |
| 114 | Sampang | 85.4 | 85.1 | 100.0 | 92.0 | 100.0 | | 66.7 | 100.0 |
| 115 | Koche | 67.6 | 66.2 | 75.0 | 83.3 | 65.0 | 76.0 | 71.4 | 83.3 |
| 116 | Lhomi | 81.5 | 73.8 | 66.7 | 87.7 | | 85.7 | 100.0 | 66.7 |
| 117 | Khaling | 81.8 | 80.7 | 50.0 | 93.3 | 83.3 | 36.4 | 100.0 | |
| 118 | Topkegola | 73.7 | 73.7 | 0.0 | 75.0 | 100.0 | | 100.0 | |
| 119 | Chidimar | 56.0 | 67.1 | 31.3 | 60.9 | | 54.9 | | |
| 120 | Walung | 78.6 | 73.6 | 100.0 | 84.4 | 100.0 | | | 100.0 |
| 121 | Loharung | 82.6 | 83.5 | 57.9 | 86.8 | 70.7 | 69.2 | 66.7 | 57.1 |
| 122 | Kalar | 72.7 | 81.1 | 63.8 | 89.5 | 82.5 | 87.0 | 73.3 | 66.7 |

| S.N. | Caste/ ethnicity | Nepal | Koshi | Madhesh | Bagmati | Gandaki | Lumbini | Karnali | Sudurpashchim |
|---|---|---|---|---|---|---|---|---|---|
| 123 | Raute | 57.5 | | | | | | 0.0 | 76.6 |
| 124 | Nurang | 77.1 | 0.0 | | 100.0 | | 77.3 | 100.0 | 83.3 |
| 125 | Kusunda | 76.1 | 71.4 | 100.0 | 90.9 | 71.4 | 66.7 | 71.4 | 77.8 |
| 126 | Ranatharu | 73.9 | 83.7 | 83.9 | 92.4 | 80.3 | 87.7 | 74.4 | 73.8 |
| 127 | Bhumihar | 86.5 | 95.1 | 86.1 | 96.2 | 91.9 | 89.9 | 100.0 | 82.9 |
| 128 | Bankariya | 84.4 | 0.0 | | 83.6 | 85.4 | 87.2 | 100.0 | |
| 129 | Surel | 88.7 | 100.0 | | 85.7 | 90.6 | 95.2 | 100.0 | |
| 130 | Chumba/Nubri | 42.3 | 88.2 | 92.9 | 87.5 | 38.5 | 100.0 | | |
| 131 | Phree | 80.2 | 80.0 | 100.0 | 91.1 | 0.0 | 50.0 | | |
| 132 | Mugal/Mugum | 58.0 | | | 83.6 | | 48.0 | 54.2 | |
| 133 | Pun | 84.0 | 100.0 | 100.0 | 88.5 | 83.2 | 88.6 | 75.9 | 100.0 |
नीति १०.३७ शिक्षक तथा कर्मचारी र पदाधिकारीहरूलाई आफ्नो जिम्मेवारी वहन गर्दै पेसा वा जिम्मेवारीप्रति उत्तरदायी बनाउन पेसागत आचारसंहिता बनाई लागू गर्ने एवं पेसागत हक हित संरक्षणका लागि एकल पेसागत संगठनको कानूनी प्रबन्ध गर्ने ।

नीति १०.३८ शैक्षिक परामर्श सेवालाई थप प्रभावकारी बनाउनुको साथै यस्तो सेवा प्रदान गर्ने संस्थाहरूको नियमन गर्ने ।

**(झ) सार्वजनिक - निजी साझेदारी र सामुदायिक एवं सार्वजनिक शिक्षा प्रणालीको सवलीकरण**

नीति १०.३९ नेतृत्व सवलीकरण तथा अभिभावकको अपनत्व सिर्जना गर्दै सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणका लागि सरोकारवालाहरूको सक्रिय सहभागितामा अल्पकालीन तथा दीर्घकालीन लक्ष्य किटान गरी सामुदायिक एवं सार्वजनिक शिक्षा प्रणाली सवलीकरण अभियान सञ्चालन गर्ने ।

नीति १०.४० संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरूको स्थानीय सरकारबाट प्रभावकारी नियमन गर्ने ।

नीति १०.४१ शिक्षा क्षेत्रमा छायाँ शिक्षाको रूपमा रहेका ब्रिज कोर्श सञ्चालक संस्था, ट्युसन सेन्टर र कोचिङ सेन्टर लगायत शैक्षिक सेवा प्रदायक संस्थाहरूलाई मापदण्डका आधारमा सञ्चालन, नियमन र व्यवस्थापन गर्ने ।

**(ञ) राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणाली**

नीति १०.४२ राष्ट्रिय योग्यता प्रारुप निर्माण गरी औपचारिक र अनौपचारिक तथा साधारण र प्राविधिक एवं व्यावसायिक शिक्षाको योग्यताबीच समकक्षता (Equivalence) र पारगम्यता (Permeability) को प्रणाली स्थापित गर्न कानुनी तथा संस्थागत व्यवस्था गर्ने ।

**(ट) शिक्षामा गुणस्तर**

नीति १०.४३ संघ, प्रदेश र स्थानीय तहको विद्यालय शिक्षामा पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी जिम्मेवारी किटान गर्ने र पाठ्यक्रम, पाठ्यसामग्री विकास एवं कार्यान्वयन, शिक्षण सिकाइ प्रक्रिया र विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गर्ने ।

नीति १०.४४ सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गर्ने ।

नीति १०.४५ विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउनुका साथै सबै विद्यालयलाई सुरक्षित एवं हरित विद्यालयको रुपमा विकास गर्ने ।

नीति १०.४६ विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई विकेन्द्रित गरी विद्यालय र स्थानीय तहबाट प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गर्ने ।

नीति १०.४७ संघीय शिक्षा हेर्ने मन्त्रालयले आधारभूत तथा माध्यमिक बिद्यालयका गुणस्तरमानक तथा सूचकहरू निर्धारण गरी प्रदेश र स्थानीय तहबाट सोको कार्यान्वयन तथा आवधिक समीक्षा गर्ने ।

नीति १०.४८ सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा एकिकृत गर्दै विद्यालय तथा शिक्षण संस्था प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने ।

नीति १०.४९ गुणस्तर प्रत्यायन र प्रमाणीकरण निकायमार्फत उच्च शिक्षा संस्थाहरूको गुणस्तर मापनका मापदण्डका आधारमा गुणस्तको प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरी सोको आधारमा थप अनुदान तथा अन्य सुविधा प्रदान गर्ने ।

**(ठ) शिक्षामा लगानी**

नीति १०.५० शिक्षामा पर्याप्त लगानीको सुनिश्चितता गर्न सरकारले समग्र शिक्षा बजेट र कार्यक्रमको पुनःसंरचना गर्ने तथा विभिन्न तह वा निकायबाट हुने कामको दोहोरोपना कम गर्न सार्वजनिक जवाफदेही पद्धति अवलम्बन गर्दै आवश्यकता तथा अनुसन्धानमा आधारित भएर लगानी गर्ने परिपाटी विकास गर्ने ।

नीति १०.५१ शिक्षा विकासका निम्ति संघीय, प्रादेशिक तथा स्थानीय तहमा सम्बन्धित सरकारले नै परिचालन गर्ने गरी प्रादेशिक र स्थानीय शिक्षा कोष खडा गरी त्यस्तो कोषमा अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत् प्राप्त हुने स्रोत, सम्बन्धित सरकारी स्रोत, विभिन्न सङ्घ/संस्था र दाताहरूबाट प्राप्त सहयोगलाई एकीकृत गर्ने र वित्तीय व्यवस्थापनमा राष्ट्रिय नीति तथा मापदण्ड अन्तर्गत रहेर स्थानीय र प्रादेशिक आवश्यकतालाई सम्बोधन हुने गरी स्रोत परिचालन गर्ने ।

नीति १०.५२ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका क्षेत्रमा कुशलता र प्रभावकारिता अभिवृद्धि गर्न दिगो लगानीको एकीकृत र क्षेत्रगत लगानी ढाँचा तयार गरी राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कोष स्थापना गरी कार्यान्वयनमा ल्याउने ।

नीति १०.५३ वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा आबद्ध गराई परिचालन गर्ने र विभिन्न स्रोतबाट बैदेशिक सहयोग स्वतन्त्रपूर्वक कुनै संस्था वा व्यक्तिमार्फत् शिक्षामा खर्च गर्ने, गराउने परिपाटीको अन्त्य गर्ने ।

**(ड) विज्ञान तथा प्रविधि**

नीति १०.५४ विज्ञान तथा प्रविधिको अध्ययनको अवसर विस्तार गर्न सोसम्बन्धी शिक्षण संस्थाहरूको विस्तार एवं सवलीकरण गर्दै विज्ञान तथा प्रविधि क्षेत्रमा सक्षम र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने र आम जनसमुदायमा विज्ञानसम्मत व्यवहार विकास गर्ने ।

नीति १०.५५ उपयुक्त नीति, लगानी, जनशक्ति विकास, पाठ्यक्रम समायोजन र शिक्षण पद्धतिको आधुनिकीकरण गरी बिज्ञान, प्रबिधि, इञ्जिनियरिङ् तथा गणित शिक्षा (STEM Education) लाई समग्र शिक्षा प्रणालीको अभिन्न अंगको रूपमा विकास तथा विस्तार गर्ने ।

**नीति कार्यान्वयनको जिम्मेवारी**

राष्ट्रिय शिक्षा नीतिको लक्ष्य तथा उद्देश्यहरूको अधीनमा रही नीति, रणनीति र कार्यनीतिमा उल्लेख भएका विषयहरूका साथै प्रदेश र स्थानीय तहले थप रणनीति र कार्यनीतिहरू आ-आफ्नो नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न सक्नेछन् । संघीय ढाँचामा नीति कार्यान्वयनको जिम्मेवारी निम्नानुसार हुनेछ :

**संघीय सरकारको जिम्मेवारी**

१. शिक्षा सम्वन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन,

२. केन्द्रीय विश्वविद्यालय, केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठानहरू, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय,

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सीप परीक्षण मापदण्ड निर्धारण, सञ्चालन र नियमन,

४. शिक्षक तथा कर्मचारीको सेवा, शर्त, सुविधा, योग्यता र सक्षमता तथा क्षमता विकास सम्बन्धी नीति तथा मापदण्ड निर्धारण,

५. राष्ट्रिय पाठ्यक्रम प्रारूप, मूल विषय (कोर सब्जेक्ट) को पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, ऐच्छिक विषयको पाठ्यक्रमसम्बन्धी मापदण्ड,

६. विद्यार्थी मूल्याङ्कन तथा परीक्षाको राष्ट्रिय मापदण्ड निर्धारण, राष्ट्रिय उपलब्धि परीक्षण, माध्यमिक तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन, प्रमाणीकरण र योग्यताको मान्यता तथा समकक्षता निर्धारण,

७. केन्द्रीय स्तरका विशिष्टीकृत, आवासीय र प्राविधिक विद्यालयको नीति, मापदण्ड, कानून, योजना, नियमन, सञ्चालन तथा व्यवस्थापन,

८. शैक्षिक परामर्श सेवा, कुटनैतिक नियोगबाट सञ्चालित विद्यालय वा शिक्षण संस्था, नेपाली पाठ्यक्रमका आधारमा विदेशमा सञ्चालन हुने शिक्षण संस्था सम्बन्धी नीति, कानून, मापदण्ड, स्वीकृति, समकक्षता निर्धारण र नियमन,

९. शैक्षिक गुणस्तर मानक निर्धारण, मापन र नियमन तथा केन्द्रीय शैक्षिक तथ्याङ्क व्यवस्थापन,

११. शिक्षा सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,

१२. प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा नियमन तथा सहजीकरण ।

**प्रदेश सरकारको जिम्मेवारी**

१. शिक्षाको राष्ट्रिय नीति तथा मापदण्डको अधिनमा रही प्रदेश तहको शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम, प्रशासन, व्यवस्थापन र नियमन,

२. प्रदेश विश्वविद्यालय सम्बन्धी कानून, योजना, कार्यक्रम, सञ्चालन र नियमन,

३. प्रदेश स्तरीय पुस्तकालय र संग्रहालय सम्बन्धी कानून, सञ्चालन तथा नियमन,

४. विद्यालय शिक्षक तथा कर्मचारीको सेवा, सर्त र सुविधाको सञ्चालन तथा अभिलेख व्यवस्थापन,

५. प्रादेशिक मानव संशाधन आवश्यकता प्रक्षेपण तथा मानव स्रोत विकास योजना निर्माण तथा कार्यान्वयन,

६. प्रदेश स्तरबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन र नियमन,

७. माध्यमिक शिक्षाको समन्वय, अनुगमन तथा नियमन र माध्यमिक शिक्षाको कक्षा दशको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,

८. विद्यालय तहको ऐच्छिक विषयको पाठ्यक्रम विकास, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, उत्पादन र वितरण,

९. विद्यालय तहका थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री छनौट तथा प्रयोग सम्बन्धी नीति, मापदण्ड, स्वीकृति र नियमन,

१०. प्रदेशस्तरमा प्राज्ञिक तथा नवप्रवर्तनात्मक अनुसन्धान र शैक्षिक तथ्याङ्क व्यवस्थापन,

११. प्रदेश स्तरका विशेष विद्यालय, प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र अनुमति, स्वीकृति, सञ्चालन, व्यवस्थापन र नियमन,

१२. विद्यालय तहका शिक्षकहरूको पेसागत विकास तथा तालिम सम्बन्धी पाठ्यक्रम, पाठ्यसामग्री विकास, तालिम सञ्चालन र अनुगमन,

१३. विशेष शिक्षासम्बन्धी योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

१४. भाषा शिक्षण सम्बन्धमा योजना र कार्यक्रम व्यवस्थापन तथा संस्थाहरूको अनुमति वा स्वीकृति र नियमन,

१५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी पाठ्यक्रम, पाठ्यसामग्री निर्माण, कार्यान्वयन र नियमन ।

**स्थानीय सरकारको जिम्मेवारी**

१. प्रारम्भिक बाल विकास सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,

२. आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,

३. अनौपचारीक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

४. निरन्तर सिकाई तथा सामुदायिक सिकाइ केन्द्र सम्वन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,

५. अभिभावक शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

६. खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

७. आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

८. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङकन र नियमन,

१०. गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

११. विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,

१२. विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,

१३. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,

१४. विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,

१५. राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,

१६. विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,

१७. सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

१८. आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,

१९. स्थानीय स्तरमा विद्यार्थी सिकाई उपलव्धीको परीक्षण र व्यवस्थापन,

२०. अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,

२१. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्द्धन, र स्तरीकरण,

२२. सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,

२३. विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,

२४. शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,

२५. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

२६. विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,

२७. अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

## अनुसूची १२: राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६

**सोचः**

दिगो विकास र समृद्धिका लागि विज्ञान प्रविधि तथा नव-प्रवर्तन ।

**लक्ष्य :**

विज्ञान प्रविधिको विकास, नव-प्रवर्तनको उपयोग र वैज्ञानिक संस्कृतिको प्रवर्द्धनबाट उत्पादन र उत्पादकत्व बृद्धि गरी नागरिकको गुणस्तरीय जीवनयापनमा सहयोग गर्दै समृद्ध नेपाल निर्माणमा योगदान गर्ने ।

**उद्देश्यहरु :**

विज्ञान प्रविधि तथा नव प्रवर्तनका उद्देश्यहरू देहाय बमोजिम हुनेछन् :

१. विज्ञान, प्रविधि र नवप्रवर्तनको विकास एवम् उपयोगबाट राष्ट्रिय उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।

२. अनुसन्धान तथा विकासमा योग्य जनशक्ति परिचालन, विश्वका अत्याधुनिक (Cutting Edge) प्रविधिको प्रयोग, लगानी सुनिश्चितता र पुर्वाधार निर्माण गरी ज्ञानमा आधारित उद्यमशिलताको विकास गर्ने।

३. प्राकृतिक स्रोतको दिगो उपयोग, वातावरणीय संतुलन, विपद् जोखिम न्यूनीकरण, औद्योगिकरणमा योगदान एवम् राष्ट्रिय सुरक्षाका लागि विज्ञान, प्रविधि तथा नवप्रवर्तनको अधिकतम उपयोग गर्ने।

४. विज्ञान प्रविधि सम्बन्धि पूर्वाधार विकास, संरचनागत परिवर्तन एवं कानुनी आधार तयार गरि वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नव-प्रवर्तनलाई सशक्त, क्रियाशिल र परिणाममुखी बनाउने।

५. परम्परागत तथा आधुनिक ज्ञान तथा प्रविधिको स्तरोन्नति एवम् अधुनिकीकरण, वैज्ञानिक संस्कारको विकास र अनुसन्धानमुखी शिक्षा प्रणालीलाई प्रोत्साहन गर्दै दक्ष एवं विज्ञ बैज्ञनिक र प्राविधिक जनशक्तिको विकास गर्ने।

**नीतिहरु**

**माथिका उद्देश्यहरु प्रासिका लागि निम्न नीतिहरु अवलम्बन गरिनेछन् :**

१. विज्ञान तथा प्रविधिको विकास एवम् अधिकतम् प्रयोगबाट उत्पादनका साधनहरुको दक्षतापूर्ण उपयोग गर्दै उद्यमशिलता विकास तथा उत्पादन बृद्धि गर्ने । (६.१)

२. विज्ञान प्रविधि र नवप्रवर्तनका माध्यवबाट कृषि, उद्योग पूर्वाधार विकास लगायतका क्षेत्रमा विविधीकरण एवम् अधुनिकीकरण गर्दै विकासमा तिब्रता हासिल गर्ने । (६.१)

३. वैज्ञानिक तथा प्राविधिक जनशक्तिलाई वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नव-प्रवर्तनमा आकर्षण गर्न उपयुक्त वातावरण तयार गर्ने। (६.२)

४. विश्वका उदियमान तथा अत्याधुनिक प्रविधिहरु अवलम्बन गर्दै प्रविधिमा आधारित पछिल्लो औद्योगिक क्रान्तिमा सक्रीय सहभागिता बढाई उत्पादन वृद्धि उन्मुख उद्यमशिलताको विकास गर्ने।(६.२)

५. वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नव-प्रवर्तनलाई उच्च प्राथमिकताका साथ लगानी सुनिश्चित गर्ने।(६.२)

६. वातावरण तथा पारिस्थितिक प्रणालीबिच सन्तुलन रहने गरि प्राकृतिक स्रोतको दिगो उपयोग र संरक्षणका लागि वैज्ञानिक अनुसन्धान, उदियमान तथा उपयुक्त प्रविधिहरुको विकास र प्रयोग गर्ने।(६.३)

७. सामाजिक-आर्थिक रुपान्तरणका लागि संविधान प्रदत्त विज्ञान प्रविधिसँग सम्बन्धित मौलिक हकहरुमा नागरिकको पहूँच सुनिश्चित गर्न प्रविधिको अधिकतम प्रयोग र नव-प्रवर्तनको प्रवर्द्धन गर्ने।(६.३)

८. राष्ट्रिय सुरक्षालाई सुदृढ, सबल र प्रभावकारी बनाउन वैज्ञानिक अनुसन्धान, उपयुक्त एवं उदियमान प्रविधिको विकास र नव-प्रवर्तनको उपयोग गर्ने।(६.३)

९. विद्यमान अनुसन्धान निकायहरुलाई सवलिकरण, सुधार तथा नीतिगत दिशा-निर्देश र प्रभावकारी समन्वय गरी संघीय संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तहमा विकास र विस्तार गर्ने ।(६.४)

१०. मौलिक ज्ञान तथा परम्परागत प्रविधिको स्तरोन्नति तथा व्यवसायीकरण गर्न प्रोत्साहित गर्ने। (६.५)

११. अनुसन्धान र विकासमा प्रतिवद्ध प्रतिस्पर्धी जनशक्ति विकास गर्न विद्यालय तथा विश्वविद्यालय, तालीम प्रदायक संस्था र अनुसन्धानमूलक निकायहरुको संस्थागत क्षमताको अभिवृद्धि गर्ने।(६.५)

**रणनीतिहरु**

माथि उल्लिखित नीतिको प्रभावकारी कार्यन्वयनको लागि निम्न रणनीति निर्धारण गरिएको छः

१. विज्ञान तथा प्रविधिलाइ उत्पादन शक्तिको रुपमा विकास गर्दै राष्ट्रिय उत्पादनका क्षेत्रमा व्यापक उपयोग गर्ने । (७.१)

२. उत्पादनका साधनहरुको दक्षतापूर्ण मितव्ययी र प्रभावकारी परिचालनका लागि विज्ञान प्रविधि र नवप्रवर्तनको उपयोग गर्ने । (७.१)

३. विज्ञान, प्रविधि तथा नवप्रवर्तन र उद्यमशिलताबिच सकारात्मक सहसम्बन्ध एवम् सामञ्जस्यता कायम गरी उद्यमशिलता प्रवर्दन गर्ने । (७.२)

४. कृषि क्षेत्रको व्यावसायिकरण, विविधीकरण तथा अधुनिकीकरणका लागि अधुनिक प्रविधिहरुको प्रयोग गर्ने । (७.२)

५. विकासका पूर्वाधार निर्माणमा उपयोगी प्रविधिहरुको विकास गरी पूर्वाधार निर्माणमा तिब्रता प्रदान गर्ने । (७.२)

६. अनुसन्धान, प्रविधि विकास र नव-प्रवर्तनमा प्राज्ञिक निकाय तथा निजी क्षेत्रहरुलाई संलग्न गराउने वतवरण विकास गरिनेछ।(७.३)

७. देश-विदेशमा रहेका नेपाली तथा विदेशी वैज्ञानिक तथा प्राविधिकहरुलाई आकर्षित गर्दै सहकार्यको माध्यमबाट अनुसन्धानलाई सुसंगठित गरी समस्या-समाधान र नतीजामूलक बनाईनेछ।(७.३)

८. वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नव-प्रवर्तनको माध्यमबाट उत्पादकत्व र उत्पादनको गुणस्तर अभिवृद्दि गरि आर्थिक वृद्धिमा सहयोग पुर्याइनेछ।(७.४)

९. अनुसन्धान तथा विकास र नव-प्रवर्तन (Research-Development and Innovation) मा हुने स्वदेशी तथा विदेशी लगानीलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रहरु निर्धारण गरी उपलव्धिपूर्ण बनाईनेछ।(७.५)

१०. वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नव-प्रवर्तनको प्रवर्द्धन गर्न प्राज्ञिक संस्था, अनुसन्धान निकाय तथा औद्योगिक प्रतिष्ठानवीच सहकार्य र साझेदारी विकास गर्ने। (७.५)

११. आपतकालीन सुरक्षा, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका लागि वैज्ञानिक अनुसन्धान र प्रविधिको विकास तथा उपयोग गर्ने। (७.६)

१२. उदियमान प्रविधिको प्रयोग र नव-प्रवर्तनको माध्यमबाट प्राकृतिक स्रोतहरुको दोहन न्यून गरी प्राकृतिक स्रोतहरुमा मानव निर्भरता कम गरिनेछ। (७.६)

१३. गुणस्तरीय खाद्य र स्वास्थ्यजस्ता आधारभुत  आवश्यकता हासिल गर्न विज्ञान प्रविधि र नव-प्रवर्तनका उपायहरुको अधिकतम प्रयोग गरिनेछ। (७.६)

१४. सुरक्षित आवास र स्वच्छ वातावरणको उपलब्धता सुनिश्चित गर्न वैकल्पिक प्रविधि र निर्माण-सामग्री विकास गरिनेछ। (७.७)

१५. विज्ञान प्रविधिबाट लाभ हासिल गर्न विद्युत तथा सूचना प्रविधिलाई देशको सबै भागमा विस्तार गरी सार्वजनिक पहुँचको सुनिश्चितता गरिनेछ। (७.७)

१६. जैविक, रासायनिक र पारमाणविक पदार्थहरुको सुरक्षित तथा शान्तिपूर्ण प्रयोगका लागि प्रविधिको विकास तथा उपयोग गर्न प्रोत्साहन गरिनेछ। (७.८)

१७. विपद् जोखिम न्यूनीकरण र आपतकालीन स्थिति निराकरणको लागि उपयुक्त प्रविधिको विकास गरिनेछ। (७.८)

१८. दिगो विकासका लक्ष्यहरु (SDGs) हासिल गर्न प्रविधि विकास तथा नव-प्रवर्तनलाई एकीकृत रुपमा अवलम्बन गरिनेछ। (७.८)

१९. संघीय एवं प्रादेशिक तहमा नीतिगत दिशा-निर्देश र प्रभावकारी समन्वयका लागि सस्थागत सयन्त्र निर्माण गर्नुका साथै विद्यमान अनुसन्धान निकायहरुको पुनः संरचना गरिनेछ । (७.९)

२०. संघीय तथा प्रादेशिक विशिष्टताका आधारमा विज्ञान प्रविधि तथा नव-प्रवर्तनको समग्र विकासका लागि विश्वस्तरीय अनुसन्धान केन्द्रहरु स्थापना गर्ने। (७.९)

२१. वैज्ञानिक अनुसन्धान तथा विकास र नव-प्रवर्तन (Research-Development and Innovation) र विज्ञान शिक्षालाई राष्ट्रव्यापी बनाउन स्थानीय, प्रदेश र संघलाई जोड्ने विज्ञान तथा प्रविधिको संस्थागत संरचना विकास गरिनेछ। (७.९)

२२. परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सीपका बारेमा प्राथमिक तहदेखि नै अध्ययन-अध्यापन गराउने। (७.१०)

२३. विज्ञान शिक्षालाई व्यवहारिक र प्रयोगात्मक बनाउँदै प्रमाणमा आधारित अनुसन्धान (Evidence based research) प्रक्रियासित आवद्ध गरिने । (७.१०)

२४. जनमानसमा वैज्ञानिक चेतना अभिवृद्धि गरी छद्म-विज्ञान (Pseudoscience), अन्धविश्वास र कुरीतिलाई हटाइनेछ। (७.१०)

२५.  परम्परागत मौलिक प्रविधिहरुको स्तरोन्नति, वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकास र उपयोगमा सहयोग र क्षमता अभिवृद्दी गरिनेछ।(७.१०)

२६.  परम्परागत मौलिक ज्ञान र सीपमा आधारित वस्तुहरुको उत्पादनलाई ग्राह्यता दिई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा त्यस्ता उत्पादनको प्रवेशको प्रवर्द्धन गरिनेछ।(७.१०)

२७.  विज्ञान प्रविधिमा रुचि, सिर्जनशीलता र विश्लेसणात्मक क्षमता अभिवृद्धी गर्न शिक्षण सिकाइलाई प्रारम्भिक शिक्षादेखि नै प्रयोगात्मक र व्यवहारिक बनाउने।(७.११)

२८.  वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नव-प्रवर्तनका क्षेत्रमा थप अवसरहरु सिर्जना गरी समाजका विभिन्न तह/तप्कामा क्रियाशील प्रतिभाहरुलाई उद्यमशीलतासित आवद्ध गरिनेछ।(७.११)

२९.  विज्ञान तथा प्रविधिको अनुसन्धान र नव-प्रवर्तनको प्रवर्द्धन गर्न संघीय संरचना (संघ, प्रदेश र स्थानीय) अनुरुपका सबै सरकारको प्राथमिकता र दायित्व सिर्जना गरिनेछ।(७.११)

**कार्यनीतिहरु**

**माथिका रणनीतिको प्रभावकारी कार्यन्वयनको लागि निम्न कार्यनीतिहरु अवलम्बन गरिनेछन् :**

<u>उत्पादन तथा उत्पादकत्व बृद्धि</u>

१.  उदीयमान तथा अधुनिक प्रविधिको प्रयोग अभिबृद्धि गरी प्राकृतिक स्रोतमाथिको मानवीय प्रभाव न्यूनीकरण गर्दै लगिनेछ ।

२.  विज्ञान तथा प्रविधिलाइ उत्पादनका सबै क्षेत्रमा एकीकरण गर्न सम्बद्ध कानूनी तथा सस्थागत सयन्त्रबिच प्रभावकारी समन्वय गरिने छ ।

३.  उद्यमशिलता प्रवर्धन गर्ने प्रकृतिका वैज्ञानिक तथा प्राविधिक अनुसन्धान एवम् नवप्रवर्तन सम्बन्धी कार्यक्रमहरु सञ्चालन ।

४.  बायो न्यानो तथा न्युक्लियर प्रविधिहरुको विकास र उपयोगबाट कृषि क्षेत्रको व्यावसायिकरण, विविधीकरण तथा अधुनिकीकरणमा सहयोग गरिनेछ ।

५.  सडक, विद्युत, पुल, भवन निर्माण लगायतका भैतिक पूर्वाधार विकासमा अधुनिक प्रविधिहरुको प्रयोग गरी पूर्वाधार निर्माणलाइ छिटो, सहज र गुणस्तरीय बनाइनेछ ।

<u>ज्ञान सम्बर्धन र जनशक्ति परिचालन</u> :

१.  परम्परागत मौलिक ज्ञान, प्रविधि र सीपहरुको संकलन, अनुसन्धान गरी शैक्षिक पाठ्यक्रममा आवद्ध गरिनेछ।

२.  विज्ञान शिक्षणलाई प्रयोगात्मक क्रियाकलापसँग आवद्ध गरी शिक्षणलाई व्यवहारिक र रुचिपूर्ण बनाईनेछ।

३.  स्थानीय ,प्रादेशिक र राष्ट्रिय स्तरमा विज्ञान मेला, प्रदर्शनी, ओलिम्पियाड ,वैज्ञानिक प्रतिभा खोजी जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।

४.  प्रत्येक युवा नेपाली नागरिकलाई प्राविधिक सीपयुक्त र दक्ष बनाउन विज्ञान प्रविधि सम्बन्धि तालीम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

५. युवा वैज्ञानिक जनशक्तिलाई विद्यालय/स्थानीय तहमा आवद्ध गराई युवा वैज्ञानिक स्वयं-सेवा )जनतासँग युवा वैज्ञानिक (कार्यक्रम संचालन गरिनेछ।

६. प्रतिष्पर्धाको आधारमा अनुसन्धान वृत्ति, छात्रवृत्ति, प्रतिभा कदर प्रोत्साहन, सहुलियतपुर्ण विज्ञान प्रविधि तथा नवप्रवर्तन ऋण तथा पुरस्कारको व्यवस्था गरिनेछ।

७. समन्वय र सहकार्यमा मौलिक ज्ञान तथा सीपमा आधारित उद्योग स्थापना गरी त्यस्ता उद्योगहरूको व्यवसायिकरणका लागि सहुलियतपूर्ण ऋण उपलव्ध गराइनेछ।

८. पुर्खौंदेखि परम्परागत मौलिक ज्ञान र प्रविधिको जगेर्ना र विकास गर्दै त्यस्ता सीपहरूको स्तर निर्धारण गरी औपचारिक शिक्षासँग समकक्षता हुनेगरी डिग्री प्रदान गरिनेछ।

९. वैज्ञानिक अनुसन्धान, विकसित प्रविधि तथा नव-प्रवर्तन सम्बन्धि सूचना एवं वैज्ञानिक र विज्ञहरुको व्यवस्थित अभिलेख राखी प्रविधि विकासमा उपयोग गर्न विज्ञान, प्रविधि तथा नव-प्रवर्तन डाटाबेस (Science, Technology and Innovation Database) को विकास गरिनेछ।

१०. देशभित्र र बाहिर सक्रीय रहेका नेपाली वैज्ञानिक तथा प्राविधिकहरुको विज्ञान प्रविधि तथा नव-प्रवर्तन सञ्जाल (Science, Technology and Innovation Network) स्थापना गरी बौद्धिक सञ्चार (Brain Circulation) को माध्यमबाट प्रविधि विकासमा संलग्न गराईनेछ।

११. वैज्ञानिक चेतनाको विस्तार र नव-प्रवर्तन प्रतिभाहरुलाई प्रविधि विकासमा संलग्न हुन प्रादेशिक तथा स्थानीय तहमा विज्ञान तथा नव-प्रवर्तन प्रवर्द्धन केन्द्र (Science Technology and Innovation Promotion Center) को विकास गरिनेछ।

<u>क्षमता अभिबृद्धि तथा उद्यमशिलता प्रवर्द्धन</u> :

१. परम्परागत ज्ञानको प्रलेखिकरण, त्यसबाट विकसित प्रविधि तथा वस्तुको वौद्धिक सम्पत्ति अधिकार प्राप्ति, संरक्षण, प्रवर्द्धन, गुणस्तरको सुनिश्चितता लगायत व्यबस्था गरिनेछ।

२. अनुसन्धान र नव-प्रवर्तनको माध्यमबाट परम्परागत ज्ञान र सीपमा आधारित मौलिक उत्पादनलाई परिष्कृत गरी गुणस्तरीय वस्तु उत्पादन गरिनेछ।

३. वैज्ञानिक ज्ञानको उन्नयन ,अनुसन्धान र प्रविधि विकासमा संलग्न वैज्ञानिक तथा प्राविधिकहरुलाई उच्च शिक्षा अध्ययनको लागि छात्रवृति ,पोस्ट-मास्टर/पोस्ट-डक्टरल फेलोसिप लगायतका अवसरहरु प्रदान गरिनेछ।

४. सफल प्रविधिहरुको विकास गरी ज्ञान सीप र दक्षताको प्रदर्शन गरेका नव-प्रतिभाहरुको उपलव्धिलाई व्यवसायीकरण र उद्यमशील बनाउन प्रोत्साहित गरिनेछ।

५. प्रतिभावान वैज्ञानिक/प्राविधिकहरुलाई समावेशिताका आधारमा वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नव-प्रवर्तनका अवसरहरु उपलब्ध गराइनेछ।

६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठान/विश्वविद्यालयहरुसित सम्पर्क विस्तार गरी वैज्ञानिकहरुको क्षमता र पहुँच अभिवृद्धि गरिनेछ।

७. उद्यमी वैज्ञानिक/प्राविधिक र राष्ट्रिय/अन्तर्राष्ट्रिय लगानीकर्तावीच सम्पर्क तथा सहकार्य विस्तार गरी ज्ञान सीप र प्रविधि विकास गर्ने अनुकूल वातावरण बनाईनेछ।

८. वैज्ञानिक अनुसन्धान ,प्रविधि विकास र नव-प्रवर्तनलाई थप प्रवर्द्धन गर्न अनुसन्धान तथा विकासमा कूल ग्राईस्थ उत्पादनको न्यूनतम एक प्रतिशत पुऱ्याईनेछ।

९. नव-प्रतिभावान युवा वैज्ञानिकहरुका रणनीतिक अनुसन्धान ,उद्यमशीलता र व्यवसायिकता विकासका लागि सरकारी तथा निजी क्षेत्रको योगदानमा विज्ञान प्रविधि तथा नव-प्रवर्तन कोष स्थापना गरी सञ्चालन गरिनेछ ।

१०. प्रादेशिक विशिष्टता तथा उपलव्ध जनशक्ति अनुसार प्रविधि ज्ञान र सीपमा आधारित उद्यमशिलता विकास गर्न प्रोत्साहित गरिनेछ।

११. निजी क्षेत्रहरुलाई प्रविधि अनुसन्धान ,नव-प्रवर्तन र मा आकर्षित गर्न कर ,भन्सार छुट आदिमा सहुलियत प्रदान गरिनेछ।

१२. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान लगायतका अन्य अनुसन्धान प्रतिष्ठानहरुमा अनुसन्धानमा आधारित स्नातकोत्तर र विद्यावारिधी कार्यक्रम संचालन गर्न विशिष्टताको आधारमा विभिन्न विश्वविद्यालयसँग सहकार्य गर्ने व्यवस्था गरिनेछ।

**पूर्वाधार विकास तथा सुरक्षा :**

१. प्राकृतिक स्रोतको दिगो उपयोगलाई टेवा पुग्नेगरी औषधिजन्य जडिबुटी, सुगन्धित वनस्पति लगायतका उच्चमूल्यका वस्तु उत्पादन गर्न देशभित्रै कच्चा पदार्थको प्रोसेसिंग गर्ने प्रविधि विकासमा प्रोत्साहन गरिनेछ।

२. वायु, पानी र माटो प्रदुषण न्यूनीकरण, सन्तुलित पारिस्थितिक प्रणाली कायम राख्न हरीत र चुस्त प्रविधि (Green and Smart Technology) को बहुआयामिक विकास र अधिकतम उपयोग गरिनेछ।

३. कृषिमा आधुनिकीकरण, माटो व्यबस्थापनका लागि जैविक, नानो र अन्य नव-प्रवर्तित प्रविधिको प्रयोग गरिनेछ।

४. विज्ञान संग्रहालय, प्रविधि पार्क निर्माण लगायत अनुसन्धान तथा विकास र नव-प्रवर्तन (R&D and I) का लागि सरकार, नीजि क्षेत्र, र वैज्ञानिकहरुवीच सहकार्य गर्न प्रोत्साहन गरिनेछ।साथै यस्ता परियोजनामा अन्तर्राष्ट्रिय लगानीकर्तालाई समेत आकर्षित गरिनेछ।

५. वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकास मार्फत समाजलाई हानी-नोक्सानी हुने गतिविधिहरुमा नियन्त्रण गर्न नैतिक अनुमति (Ethical Permission) को प्रावधान लागु गरिनेछ।

६. राष्ट्रिय तथ्याङ्क, सूचना व्यवस्थापन, र साइबर सुरक्षाका लागि उपयुक्त प्रविधिको विकास गरिनेछ।

७. राष्ट्रिय सुरक्षा र सम्वेदनशिलता कायम राख्न सम्बन्धित सुरक्षा निकायसित परामर्श गरी आधुनिक प्रविधि, एवं सूचना संयन्त्रको विकास गरिनेछ।

८. सामाजिक, आर्थिक र बैयक्तिक सूचना उपभोगमा सुरक्षाको प्रत्याभूति र अपराध नियन्त्रण गर्न विधिविज्ञान (फरेन्सिक साइन्स) लगायतका नवोदित प्रविधिहरुको उपयोग गरिनेछ।

९. जैविक सूचना, आर्टिफिसियल इन्टेलिजेन्स, रोबोटिक्स, जस्ता उदियमान र नविनतम् प्रविधिहरुको अधिकतम उपयोग गरी उद्योग, व्यवसाय र अन्य क्षेत्रहरुको तिब्र विकासमा सघाउ पु-याईनेछ।

१०. रोगहरुको निदान र उपयुक्त उपचारका लागि जेनेटिक, ईम्युनो प्रविधिहरुको अधिकतम उपयोग गरी चिकित्सा पद्धतीलाई थप व्यवस्थित गरिनेछ।

११. पारमाणविक, रासायनिक तथा जैविक पदार्थको वैज्ञानिक अनुसन्धान र शान्तिपूर्ण प्रयोगका लागि आवश्यक प्रविधिको विकास गरिनेछ।

१२. जैविक, रासायनिक र पारमाणविक पदार्थ, प्रविधि वा अन्य स्रोतको दुरुपयोग र दुर्घटनाबाट हुनसक्ने हानी-नोक्सानीको न्यूनीकरणका लागि अनुगमन र नियन्त्रण प्रणालीको विकास गरिनेछ।

१३. विपद् जोखिम व्यवस्थापनका लागि भू-उपग्रह, ड्रोन लगायतका प्रविधिमा आधारित प्रणालीको विकास र विस्तारमा सघाउ पु-याईनेछ।

१४. सुरक्षित र सुलभ आवास निर्माणका लागि पदार्थ विज्ञान, काष्ठ तथा गैह्र काष्ठ पैदावारको वैज्ञानिक अनुसन्धान गरी उपयुक्त प्रविधिको विकास गरिनेछ ।

१५. परिक्षण, प्रमाणिकरण तथा क्यालिब्रेसनका लागि संघीय तहमा बहु-विधागत (Multi-Disciplinary) प्रयोगशाला र प्रदेशतहमा विशिष्टता अनुरुप विधागत अनुसन्धान तथा सेवा केन्द्रहरु स्थापना गरिनेछन्।

१६. प्रविधिको पछिल्लो औद्योगिक क्रान्तिमा सहभागी हुँदै भौतिक विज्ञान (Physical Sciences) तथा जीव विज्ञानको अनुसन्धानशाला विकास गरिनेछ।

१७. उच्च धरातलीय अनुसन्धानका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान अन्तर्गत International Research Centre for High Altitudes को गुरुयोजना तयार पारी संचालन गरिनेछ।

**<u>संस्थागत सुधार तथा समन्वय</u> :**

१. वैज्ञानिक अनुसन्धान र प्रविधि विकासमा थप प्रवर्द्धन गर्न सार्वजनिक अनुसन्धान निकायहरु बिच सहकार्यको संस्कृतिलाई प्रोत्साहन गरी ती निकायहरूमा अनुसन्धानकर्ताहरुको पहुँच सुनिश्चित हुने वातावरण सिर्जना गरिनेछ।

२. वैज्ञानिक अनुसन्धान,प्रविधि विकास र नव-प्रवर्तनमा संलग्न निकायहरुमा उपलब्ध अनुसन्धान पूर्वाधार तथा प्रविधिको स्वतन्त्र विज्ञ समूहबाट निरिक्षण गराई सुदृढीकरण ,स्तरोन्नत ,पुनर्संरचना तथा पुनर्गठन गरिनेछ।

३. वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकासमा संलग्न हुने संस्थाहरुको संस्था दर्ता तथा नवीकरण कार्यलाई कार्यविधि बनाई सहज बनाइनेछ।

४. अनुसन्धान कार्यमा संलग्न निकायहरुबाट नतीजामुलक प्रतिफल प्राप्त गर्न नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान लाई वैज्ञानिक अनुसन्धानको एपेक्स वडी (Apex Body) को रुपमा विकास गर्ने र संघीयता अनुरुप सांगठनिक सुदृढिकरण ,सुधार एवं पुनर्संरचना गरिनेछ।

५. संघीयता अनुरुप विज्ञान तथा प्रविधिको समानुपातिक विकास गर्न आवश्यकतानुसार विभागहरू स्थापना गरिनेछ।

**प्राथमिकता क्षेत्रहरु**

वैज्ञानिक अनुसन्धानबाट विकसित विश्वका नविनतम् र अत्याधुनिक (Cutting Edge) प्रविधि विशेष गरी आर्टिफिसियल इन्टेलिजेन्स, सूचना प्रविधि, ईन्जिनियरींग, नानो प्रविधि, बायो प्रविधि, अन्तरिक्ष र परमाणु विज्ञानको अधिकतम उपयोग गर्न देहाय वमोजिम प्राथमिकता क्षेत्र निर्धारण गरिएको छ :

१. औद्योगिक उत्पादन तथा उत्पादकत्व बृद्धि,

२.	कृषिको व्यवसायिकरण र भूमिको उपयोग,

३.	दीगो पूर्वाधार विकास (आवास, खानेपानी, पर्यटन र हरित ऊर्जा)

४.	जैविक तथा बहुमूल्य खनिज स्रोतको दीगो उपयोग,

५.	वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण

६.	सुशासन  र सेवा प्रवाह,   साइवर तथा राष्ट्रिय सुरक्षा,

**संस्थागत व्यवस्था**

विज्ञान प्रविधि तथा नव प्रवर्तनलाई फड्को मार्ने गरी उपयोग गर्न संघीय एवं प्रादेशिक तहमा नीतिगत दिशा-निर्देश र प्रभावकारी समन्वयका लागि संघीय तहमा उच्चस्तरीय विज्ञान प्रविधि विकास तथा समन्वय परिषद् रहने छ। प्रदेश र स्थानीय तहमा विज्ञान, प्रविधि तथा नवपर्वतन सम्बन्धी कार्यलाई प्रभावकारी समन्वय गरी विकास र विस्तार गर्न आवश्यक संस्थागत व्यवस्था गर्न सकिनेछ ।

## अनुसूची १३: शिक्षाको सोच पत्र २०७९

### दीर्घकालीन दृष्टिकोण एवम् सुधारका स्तम्भ

राष्ट्र र राष्ट्रियताप्रति समर्पित सकारात्मक सोचयुक्त, शिक्षित, सभ्य र उर्जाशील देशभक्त सक्षम जनशक्ति/नागरिकको विकास  गर्ने बृहत्तर सोचका लागि यो सोचपत्र तयार गरिएको छ ।यस सोचपत्रमा समकालीन समस्या तथा चुनौतीको सामना, आवश्यकताको सम्बोधन र अवसरहरूको उपयोग गर्ने गरी देहायका दीर्घकालीन दृष्टिकोण र सुधारका स्तम्भ तय गरिएका छन् :

**दीर्घकालीन दृष्टिकोणः**

"शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रूपान्तरण र समृद्धि"

**सुधार तथा परिवर्तनका स्तम्भ (प्रमुख रणनीति)**

दीर्घकालीन दृष्टिकोणअनुरूपको शिक्षा प्रणाली विकासका लागि निम्नानुसारका नीतिगत, संस्थागत र कार्यक्रमगत रणनीति अवलम्बन गरिने छः

**नीतिगत**

१.	बाल विकास, हेरचाह र शिक्षाको समग्र दृष्टिकोणलाई एकीकृत रूपमा सम्बोधन हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षालाई व्यवस्थित गर्ने

२.	पूर्व प्राथमिक शिक्षाको अवधि निश्चित गरी समान बनाउने

३.	स्थानीय, राष्ट्रिय तथा भूमण्डलीय सन्दर्भ समेतलाई दृष्टिगत गरी पाठ्यक्रमको निरन्तर अद्यावधिक गरी गुणस्तरीयता कायम गर्ने

४.	ज्ञानमा आधारित समाज र अर्थतन्त्रको निर्माणबाट सामाजिक आर्थिक रूपान्तरणका लागि उच्च शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, प्रतिस्पर्धी, रोजगारमूलक, नवप्रवर्तनात्मक, प्रविधिमैत्री र अनुसन्धानमूलक बनाउने

५.	प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई सामाजिक प्रतिष्ठासँग आबद्ध गर्ने

६. विद्यालय, शिक्षालय र विश्वविद्यालयको वर्गीकरण गर्ने
७. उच्च शिक्षामा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीलाई प्रभावकारी बनाई अनुदान आबद्ध गर्ने
८. स्थानमान ग्रिडका आधारमा उच्च शिक्षाको पहुँच विस्तार गर्ने
९. उच्च शिक्षाका कार्यक्रमहरूलाई गुणस्तर सुनिश्चितता तथा प्रत्ययन प्रणालीमा आबद्ध गर्ने
१०. शिक्षक, प्रधानाध्यापक र प्राध्यापकलाई जवाफदेही बनाउने
११. सबै तह र किसिमको शिक्षालाई सबैका लागि सर्वसुलभ, सान्दर्भिक एवम् पहुँचयोग्य बनाउन औपचारिक, अनौपचारिक, वैकल्पिक र खुला शिक्षा प्रणालीको अवलम्बन गर्ने
१२. सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय प्रभावकारी बनाउने
१३. विपत् जोखिम न्यूनीकरण कार्यक्रमलाई एकीकृत योजनामा समावेश गर्ने।
१४. हरेक शैक्षिक कार्यक्रममा गुणस्तर सुनिश्चतता तथा प्रत्ययन प्रणाली क्रमशः लागु गर्ने

**संस्थागत**

१. सबै बालबालिकालाई पूर्वप्राथमिक शिक्षामा पहुँचको सुनिश्चित गरी आधारभूत शिक्षाको कक्षा १ मा प्रवेशका लागि तयार बनाउने
२. बालमैत्री, शिक्षकमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्तामैत्री भौतिक एवम् शैक्षिक वातावरणको निर्माण गर्ने
३. सबै नागरिकका लागि आजीवन/जीवनपर्यन्त शिक्षाको अवसर उपलब्ध गराउने
४. सबै नागरिकलाई सिपयुक्त बनाउने
५. सबै तहका शैक्षिक संस्था, निकाय तथा पदाधिकारीमा जवाफदेही पारदर्शिता र आर्थिक अनुशासन कायम गर्ने
६. समग्र शैक्षिक प्रणालीलाई उत्तरदायी (रेस्पोन्सिभ) बनाउने
७. नेपालस्तरीय पेसागत वर्गीकरण (Nepal Standard Classification of Occupation, NSCO) का आधारमा जनशक्ति प्रक्षेपणउत्पादन र अर्थतन्त्रको विभिन्न आर्थिक क्षेत्र तथा पेसासँग आ ,बद्ध गर्ने प्रणालीको विकास गर्ने
८. पूर्वाधार निर्माणसम्बन्धी कार्य तीन वर्षभित्र सम्पन्न गर्ने
९. सबै प्रकारका संरचनामा प्रविधि जडान गरी उत्थानशील (Resiliance) संरचना निर्माण गर्ने

**कार्यक्रमगत**

१. सबै बालबालिकालाई विद्यालयमा भर्ना हुने अवसर सुनिश्चित गर्ने
२. आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने
३. गुणस्तरयुक्त सिकाइका साथ तह पूरा गर्ने अवसर प्रदान गर्ने
४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा समावेशी तथा समतामूलक पहुँच विस्तार गरी प्राज्ञिक एवम् व्यावसायिक ज्ञान, सिप र दक्षता भएका जनशक्तिको सङ्ख्यामा वृद्धि गर्ने
५. शिक्षामा प्रवेशका अतिरिक्त पहुँच एवम् उपलब्धिमा समेत लैङ्गिक समानता कायम गर्ने
६. शिक्षामा विनियोजन हुने बजेटमा अभिवृद्धि गरी दिगो शैक्षिक लगानीको सुनिश्चित गर्ने
७. समग्र शैक्षिक प्रणालीमा शैक्षिक सुशासन कायम गर्ने
८. अनुगमन, मूल्याङ्कन तथा सूचना प्रणालीलाई चुस्त दुरूस्त बनाउने
९. सबै प्रकारका शैक्षिक सवाल तथा गतिविधिमा नागरिक सहभागिता सुनिश्चित गर्ने

१०. शिक्षक, प्रधानाध्यापक, प्राध्यापक एवम् व्यवस्थापकको क्षमता अभिवृद्धि गर्ने
११. विज्ञान र प्रविधिमा पहुँचको विस्तार गर्ने
१२. कम्तीमा ४० प्रतिशत पाठ्यक्रम प्रविधिको माध्यमबाट कार्यान्वयन गर्ने।
१३. सान्दर्भिक र उपयोगी गुणस्तरीय शैक्षिक सामग्रीको उपलब्धता, विकास र उपयोगमा जोड दिने
१४. विविधतापूर्ण साधनको विकास गरी व्यावहारिक विद्यार्थी मूल्याङ्कनका माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्ने
१५. शिक्षक अभिभावकको नियमित अन्तरक्रिया र संवाद गर्ने
१६. शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) सुदृढ गर्ने

**विद्यालय शिक्षा**

**<u>राष्ट्रिय उद्देश्य</u>**

विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्य निम्नानुसार हुने छन् :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

२. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

३. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

५. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

६. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

८. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने

१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपालको इतिहास, भूगोलको ज्ञान भएको नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने

११. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

१२. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

**रूपान्तरणका क्षेत्र र उपलब्धि**

यस सोचपत्रमा उल्लिखित विद्यालय शिक्षाका उद्देश्य पूरा गर्न देहायका रूपान्तरणका क्षेत्र पहिचान गरिएका छन् ।यस्ता रूपान्तरणका क्षेत्रअन्तर्गत आगामी ५, १० र १५ वर्षमा हासिल गर्ने अपेक्षा देहाय बमोजिम रहेका छन् ।

| क्षेत्र | ५ वर्ष | १० वर्ष | १५ वर्ष |
|---|---|---|---|
| विद्यालय | १. सबै शिक्षण संस्थामा न्यूनतम मापदण्ड पूरा,<br>२. निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन<br>३. पाठ्यक्रम कार्यान्वयनमा स्वायत्त<br>४. समावेशी शैक्षिक वातावरण<br>५. सार्वजनिक विद्यालयको सुदृढीकरण | १. आदर्श शैक्षिक वातावरणको निर्माण २.सार्वजनिक शिक्षामा आकर्षण र विश्वास<br>३. शान्ति क्षेत्रको रूपमा विकास<br>४. शैक्षिक गुणस्तर सुनिश्चित | सबै विद्यालय- समान स्तरः विद्यालय शिक्षामा अन्तर्राष्ट्रिय गुणस्तर |
| बालबालिका | १. स्वस्थ, सक्रिय, सक्षम र अनुशासित<br>२. अधिकार र कर्तव्यप्रति सचेत<br>३. मौलिक मूल्य, मान्यता, दर्शन, पहिचानप्रति परिचित<br>४. तार्कित,अनुशासित नैतिक | १. पाठ्यक्रमबमोजिमको सिकाइ उपलब्धि एवम् जीवनोपयोगी सिप प्राप्त र उपयोग<br>२. सिर्जनात्मक क्षमताको विकास<br>३. समालोचनात्मक, परिश्रमी, स्वावलम्बी<br>४. चारित्रिक र नागरिक गुणको विकास | १. सिद्धान्त र व्यवहार मिलाउन अभ्यस्त<br>२. विश्लेषणात्मक, स्वउत्प्रेरित, आत्मविश्वासी, खोजमूलक<br>३. सदाचारयुक्त<br>४. उच्च सिकाइ उपलब्धि |
| शिक्षक | विद्यार्थीको सिकाइप्रति जवाफदेही; प्रविधिको उपयोग गर्न सक्षम; प्रविधि मैत्री; शैक्षणिक ज्ञान, सिप र तौरतरिकामा परिवर्तन भई कक्षाकोठामा प्रतिविम्वित गर्न सक्षम, प्रत्येक वर्ष | सिकाइमा नविन प्रविधिको खोजी, विकास र प्रयोग गर्न सक्षम; खोजमूलक, अन्तरक्रियात्मक र नवप्रवर्तनात्मक क्रियाकलाप सञ्चालन; मेधावी जनशक्तिको शिक्षण सेवामा आकर्षण वृद्धि, | पहिलो रोजाइको पेसा; रोलमोडल, स्वतस्फूर्त रूपमा क्षमता विकासमा सहभागी |

| क्षेत्र | ५ वर्ष | १० वर्ष | १५ वर्ष |
|---|---|---|---|
| | क्षमता विकासमा सहभागी/अवसर | विद्यालय तहमा क्षमता विकासको अवसर | |
| सिकाइको अवस्था | सिकाइ उपलब्धिमा २० प्रतिशत सुधार | सिकाइ उपलब्धिमा ४० प्रतिशत सुधार | अन्तर्राष्ट्रिय स्तरको उपलब्धि |

**सुधारका कार्य**

नेपालमा कक्षा एकदेखि कक्षा १२ सम्मको विद्यालय शिक्षाको संरचना सञ्चालनमा रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्मको नौ वर्ष अवधिको शिक्षालाई आधारभूत शिक्षा र कक्षा नौदेखि कक्षा बाह्रसम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा मानिएको छ । यसै खण्डको ४.२ मा उल्लेख भएका विद्यालय शिक्षाका समस्या तथा चुनौतीको समाधान एवम् ४.३ मा राखिएको विद्यालय शिक्षाको उद्देश्य हासिल गर्नका लागि निम्नानुसारका सुधारका कार्य सञ्चालन गरिने छः

**विद्यालयीय सुविधाको सुनिश्चितता**

विद्यालय शिक्षाको सुधारका लागि विद्यालयीय सुविधाको सुनिश्चितता गर्न सञ्चालन गरिने कार्य निम्नानुसार रहेका छन् :

१. विद्यालयको मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने

२. विद्यार्थी निरन्तरता र तह पूरा गर्ने दर सुधार गर्ने

३. निर्धारित मापदण्डबमोजिम घुम्ती विद्यालय, बहुकक्षा शिक्षण विद्यालय, नमुना विद्यालय, विशेष विद्यालय, केन्द्रीय विद्यालय सञ्चालन गर्ने

४. प्रत्येक बालबालिकाका लागि आधा घण्टाको दुरीमा विद्यालयीय सुविधा सुनिश्चित गर्ने

५. विद्यालय शिक्षाको विद्यालयगत एवम् स्थानीयगत रूपमा वर्गीकृत सूचना सङ्कलन, प्रशोधन, प्रकाशन गर्ने स्वचालित प्रणाली सञ्चालन हुने

६. पाँच वर्षभित्र विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भित्र्याउने

७. भूगोल र सामाजिक बनोटका आधारमा जिआइएस प्रणालीको अवलम्बन गरी विद्यालय नक्साङ्कन गर्ने

८. नक्साङ्कनको आधारमा विद्यालयको समायोजन तथा पुनर्वितरण गर्ने

९. सुविधासम्पन्न ठूला विद्यालय स्थापना, विकास र सञ्चालनमा जोड दिने

१०. विद्यालयको सेवा क्षेत्र निर्धारण गर्ने । सेवा क्षेत्र भित्रका बालबालिकाको स्तरीय निःशुल्क आधारभूत शिक्षाको सुनिश्चित गर्ने दायित्व स्थानीय तहको हुने कानुनी व्यवस्था गर्ने

११. प्रत्येक स्थानीय तहमा कम्तीमा एकओटा नमुना विद्यालय बनाउने

१२. लक्षित समूहका लागि आवासीय विद्यालय सञ्चालन गर्ने

१३. परम्परागत विद्यालय (गुरूकुल, गुम्बा, मदरसा) को मूलप्रवाहीकरण गर्ने

१४. अपाङ्गताअनुकूल संस्थागत संरचना र सिकाइ सामग्रीको प्रबन्ध गर्ने

१५. आवश्यकताका आधारमा आवासीय तथा विशेष विद्यालय स्थापना र सञ्चालन गर्ने

१६. प्रत्येक पालिकास्तर, प्रदेशस्तर र राष्ट्रिय स्तरमा क्रमशः प्रविधिमैत्री नमुना विद्यालय स्थापना गर्ने

१७. कक्षा १-८ र कक्षा ९-१२ का छुट्टाछुट्टै विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याउने

१८. मुलुकभरका विद्यालयमा भौतिक एवम् शैक्षिक पूर्वाधार मापदण्डको आधारमा समान बनाउने

१९. हरित विद्यालयको अवधारणालाई कार्यान्वयन गर्ने

**आदर्श शैक्षिक वातावरणको निर्माण**

आदर्श शैक्षिक वातावरण निर्माण गर्न सञ्चालन गरिने कार्य निम्नानुसार रहेका छन् :

१. सुरक्षित र सिकाइमैत्री विद्यालय वातावरणको मापदण्ड बनाई कार्यान्वयन गर्ने

२. स्वच्छ खानेपानी, सफा कक्षा कोठा र आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने

३. हरित विद्यालयको मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने

४. शिक्षक एवम् विद्यार्थीमैत्री शैक्षिक एवम् भौतिक पूर्वाधार निर्माण गर्ने

५. खेलकुद मैदान र खेल सामग्रीको व्यवस्था गर्ने

६. छात्र तथा छात्राका लागि आराम कक्ष (Rest Room) सहितको अलग अलग शौचालय प्रबन्ध गर्ने

७. विद्यालय भवनको रङ मापदण्ड (कलर कोड) लागु गर्ने

८. विद्यालय घेरावार गरी सुरक्षित बनाउने

९. भर्चुअल सिकाइका लागि उपयुक्त भौतिक एवम् प्राविधिक व्यवस्थापन गर्ने

१०. पोषणयुक्त र स्वस्थकर दिवा खाजाको प्रबन्ध गर्ने

११. विद्यालय तहमा हुने सबै प्रकारका भय, विभेद र दुर्व्यवहारको अन्त्य गर्ने

१२. विद्यालय शान्ति क्षेत्रको अवधारणालाई कार्ययोजना बनाई कार्यान्वयन गर्ने

१३. बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री कक्षाकोठा व्यवस्थापन, मनोवैज्ञानिक व्यवस्थापन एवम् शैक्षणिक व्यवस्थापन गर्ने

१४. शैक्षिक सामग्री र बाल सन्दर्भ सामग्री व्यवस्था गर्ने

१५. हरेक विद्यालयमा बुक कर्नर एवम् पुस्तकालय बनाउने

१६. कक्षाकोठामा सूचना प्रविधिका सामग्री जडान गर्ने

१७. माध्यमिक तहमा प्रयोगशाला तथा पुस्तकालय अनिवार्य रूपमा स्थापना गरी विद्यार्थीको सहज पहुँच स्थापित गर्ने

१८. विद्यालयमा विद्युत् तथा वैकल्पिक ऊर्जाको व्यवस्था गर्ने

१९. आपत्कालीन एवम् सङ्कटपूर्ण अवस्थामा समेत सकाइ निरन्तर हुने गरी बहुप्रकारका विपत्प्रति संवेदनशील बनाउन क्षमता विकास तालिमको व्यवस्था गर्ने

२०. विद्यालयमा विपत न्यूनीकरण गर्न स्वयम्सेवक परिचालन गर्ने व्यवस्था गर्ने

२१. प्रविधियुक्त (डिजिटल) विद्यालय विकास मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने

२२. अतिरिक्त तथा सहक्रियाकलापको मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने

२३. विद्यार्थीको व्यक्तिगत विविधता झल्किने गरी वैयक्तिक घटना-अभिलेख (पोर्टफोलियो) तयार गर्ने

२४. बालबालिकाको उमेर तथा शारीरिक विकासको अवस्थाअनुसारको फर्निचर तथा पूर्वाधार बनाउने

२५. सक्षम, बालबालिकामैत्री, प्रशिक्षित, योग्य, उत्तरदायी एवम् स्वयम् उत्प्रेरित पर्याप्त शिक्षकको व्यवस्था गर्ने

२६. व्यवस्थापन समितिका पदाधिकारीलाई तालिम दिने

२७. अभिभावक शिक्षा दिने

**शिक्षक व्यवस्थापन र विकास**

विद्यालय शिक्षाको सुधारका लागि शिक्षक व्यवस्थापन र विकास गर्न सञ्चालन गरिने कार्य निम्नानुसार रहेका छन् :

१. मापदण्डबमोजिम शिक्षक दरबन्दी थप, मिलान तथा पुनर्वितरण गर्ने

२. शिक्षक दरबन्दी मिलान तथा शिक्षक सरुवा शैक्षिक सत्रको अन्तिम र सुरु महिनामा मात्र गर्ने

३. समयमै शिक्षक विज्ञापन एवम् सिफारिस हुने गरी वार्षिक पदपूर्ति क्यालेन्डर तयार गरी कार्यान्वयन गर्ने । प्रत्येक शैक्षिक सत्रको सुरुमा नवप्रवेशी शिक्षकलाई कक्षाकोठामा शिक्षणका लागि योग्य हुने गरी सेवा प्रवेश तालिम सम्पन्न गर्ने

४. सबै शिक्षकलाई सेवा प्रवेश, सेवाकालीन तथा पुनर्ताजगी तालिमको प्रबन्ध गर्ने

५. अनलाइन तथा अफलाइन दुवै मोडमा तालिम सञ्चालन गर्ने

६. दक्ष शिक्षकद्वारा भर्चुअल शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने

७. तालिमलाई कक्षाकोठामा आधारित बनाउने

८. दक्ष प्रशिक्षकबाट तालिम प्रदान गराउने

९. मागमा आधारित तालिम सञ्चालन गरिने

१०. तालिमको आवश्यकता पहिचानलाई वस्तुनिष्ठ बनाइने

११. शिक्षकले तालिममा सिकेका ज्ञान तथा सिपलाई कक्षाकोठामा प्रतिबिम्बित गराउने वातावरण सिर्जना गर्न अनुगमन तथा स्थलगत सहायता प्रणाली कार्यान्वयनमा ल्याउने

१२. स्थानीय तहमा विषयगत शिक्षकको समूह बनाई नियमित बैठक, अन्तर्क्रिया गर्ने

१३. प्रधानाध्यापकलाई शिक्षकका कार्यको अनुगमन गर्ने जिम्मेवारी दिने

१४. प्रधानाध्यापकलाई शिक्षकका कार्यको सुपरिवेक्षण गर्न सक्ने बनाउने

१५. शिक्षक सेवा आयोगको वैकल्पिक तथा अस्थायी शिक्षक सूचीबाट अस्थायी शिक्षक पदपूर्ति गर्ने कानुनी व्यवस्था गर्ने

१६. दुर्गम स्थानका विद्यालयमा शिक्षकले निश्चित अवधि अनिवार्य सेवा गर्नुपर्ने कानुनी व्यवस्था गर्ने

१७. दुर्गम स्थानका लागि थप सुविधा उपलब्ध गराउने

१८. शिक्षक सरुवा तथा पदस्थापन योग्यता, क्षमता र औचित्यको आधारमा गर्न मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने

१९. विद्यालय रहेको भूगोल, उपलब्ध सेवा, सुविधा र अवसरको आधारमा विद्यालयलाई सुगम र दुर्गम स्थानका विद्यालयको रूपमा वर्गीकरण गर्ने

२०. शिक्षकले दुर्गम क्षेत्रमा सेवा गरेबापत बढुवामा पाउने भौगोलिक अङ्क सुगम स्थानको भन्दा प्रतिवर्ष कम्तीमा पच्चिस प्रतिशत बढी हुने कानुनी व्यवस्था गर्ने

२१. प्रत्येक वर्ष उत्कृष्ट शिक्षक, उत्कृष्ट विषय शिक्षक, उत्कृष्ट प्रधानाध्यापक, उत्कृष्ट वर्ष शिक्षक घोषणा गर्ने

२२. विद्यालय तथा विद्यार्थीको शैक्षिक उपलब्धिको आधारमा प्रत्येक वर्ष शिक्षकलाई पदक, विभूषण, प्रमाणपत्र आदिबाट पुरस्कृत गर्ने

२३. शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरवलोकन गरी कार्यान्वयनमा ल्याउने

२४. मेधावी विद्यार्थीलाई शिक्षण पेसामा प्रवेश गराउन कानुनी प्रबन्ध गर्ने । मौद्रिक तथा गैरमौद्रिक उत्प्रेरक तत्त्वलाई व्यवस्थित गर्ने

२५. शिक्षकलाई मासिक रूपमा तलब भत्ता भुक्तानी गर्ने

२६. शिक्षकको न्यूनतम सेवा, शर्त, सुविधा तथा आचारसंहिता तय गरी कार्यान्वयन गर्ने

२७. शिक्षकलाई पेसाप्रति समर्पित, संवेदनशील, जिम्मेवार, जवाफदेही र उत्तरदायी बनाउने

२८. विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षण गर्ने शिक्षकका लागि छुट्टै अध्यापन अनुमति पत्र र सघन तालिमको व्यवस्था गर्ने

२९. शिक्षकको तहगत शैक्षिक योग्यता वृद्धि गर्न, सूचना प्रविधिमा सक्षमता हासिल गर्न, सिकाइ विधि, प्रविधि तथा व्यवस्थापनमा नवप्रवर्तन सिर्जना गर्नका लागि विशेष कार्यक्रमको कार्यान्वयन गरी सबै शिक्षकले अनिवार्य रूपमा सक्षमता अभिवृद्धि गर्नुपर्ने कानुनी व्यवस्था गर्ने

३०. निर्धारित सक्षमता अभिवृद्धि हासिल गर्न नसक्ने तथा नचाहने शिक्षकलाई अवकाशको प्याकेज ल्याई सेवाबाट अलग गर्ने कानुनी व्यवस्था गरी कार्यान्वयन गर्ने

३१. नवप्रवेशी शिक्षकहरूका लागि अनुभवी दक्ष शिक्षकबाट मेन्टरिङको व्यवस्था गरी कार्यान्वयन गर्ने

३२. शिक्षकलाई समयानुकूल प्रविधि सम्बन्धी तालिम दिने

३३. शिक्षकलाई कार्यमूलक अनुसन्धान गर्न लगाउने

३४. माध्यमिक तहको विद्यालयमा छुट्टै प्रधानाध्यापक पदको सिर्जना गर्ने

३५. प्रधानाध्यापकलाई प्राज्ञिक र प्रशासनिक रूपमा अधिकारसम्पन्न एवम् स्वायत्त बनाउने

३६. विद्यालय विकास अवधारणा पत्रको आधारमा कार्य सम्झौता गरी प्रधानाध्यापक नियुक्ति गर्ने

३७. कार्य सम्झौताका आधारमा कार्य सम्पादन गर्न प्रधानाध्यापकलाई स्वायत्तता दिने

३८. प्रधानाध्यापक हुनलाई निश्चित अवधिको व्यवस्थापकीय तथा नेतृत्व विकाससम्बन्धी तालिम अनिवार्य गर्ने

३९. शिक्षक सक्षमता प्रारूपलाई अद्यावधिक गर्ने

४०. संघीयता अनुकुल हुनेगरी शैक्षिक तालिम केन्द्रहरूको सङ्ख्यामा विस्तार गर्ने

४१. कक्षा शिक्षण, विषय शिक्षण, बहुकक्षा शिक्षण, बहुकक्षा-बहुस्तर शिक्षण जस्ता विषयमा तालिम दिई क्षमता विकास गर्ने

४२. शिक्षक तालिम शैक्षिक सत्रको सुरु वा विद्यालय विदा भएको बेलामा सञ्चालन गर्ने । विद्यालय सञ्चालन भएको समयमा शिक्षक तालिम सञ्चालन गर्दा सट्टा शिक्षकको प्रबन्ध गरिने

४३. विश्वविद्यालयको सहकार्यमा शिक्षक पूर्वसेवाकालीन तालिमको पाठ्यक्रम परिमार्जन गर्ने । शिक्षण अभ्यासलाई व्यावहारिक र सान्दर्भिक बनाउने

४४. शिक्षकलाई व्यवहार कुशल सिपसम्बन्धी तालिम प्रदान गर्ने

४५. प्राकृतिक प्रकोपपछिको व्यवस्थापन, सङ्कटमा सिकाइ व्यवस्थापन तथा विविधता व्यवस्थापन तालिम प्रदान गर्ने

४६. अतिरिक्त क्रियाकलाप कला सङ्गीत सिप सामाजिक सिप आदि विकासका मापदण्ड बनाई कार्यान्वयन गर्ने

४७. सबै विद्यालयमा न्यूनतम शैक्षिक वातावरण बनाउने

**पाठ्यक्रम तथा पाठ्यपुस्तक**

विद्यालय शिक्षाको सुधारका लागि गुणस्तरीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको व्यवस्थापन गर्न सञ्चालन गरिने कार्य निम्नानुसार रहेका छन् :

१. पाठ्यक्रम हरेक वर्ष अद्यावधिक एवम् परिमार्जन गर्ने पद्धति अवलम्बन गर्ने

२. पाठ्यक्रमको ढाँचाको आधारमा शिक्षक स्वयम्लाई विद्यालयमा पाठ्यपुस्तक विकास गर्न सक्ने बनाउने

३. पाठ्यपुस्तक अद्यावधिक र स्तरीय बनाउने

४. पाठ्यपुस्तक अद्यावधिक, परिमार्जन र विकास गर्ने क्रममा विश्वविद्यालयको प्राविधिक सहयोग लिने

५. नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्नुपूर्व शिक्षकको क्षमता विकास अनिवार्य गर्ने

६. विद्यालय तहको सबै पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउने

७. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि स्थानीय तहमा क्षमता विकास गर्ने

८. पाठ्यपुस्तकको बहुवर्षे प्रयोगमा जोड दिने

९. प्रारम्भिक कक्षामा कक्षाकोठामा पुस्तक राख्ने र प्रयोग गर्ने वातावरण बनाउने

१०. अभ्यासपुस्तिका विकास गरी कार्यान्वयनमा ल्याउने

११. विज्ञहरूबाट तयार गरी मूल्याङ्कनका लागि पाठ्यक्रम विकास केन्द्रमा पेस गरिने सामग्री मूल्याङ्कनमा कोडिङ प्रणाली लागु गरी स्वच्छता कायम गर्ने

१२. लेखक तथा प्रकाशकको पहिचान नखुल्ने गरी विज्ञ एवम् दक्ष मूल्याङ्कनकर्ताबाट मात्र मूल्याङ्कन गराउने परिपाटीको विकास गर्ने

१३. बहुपाठ्यपुस्तक कार्यान्वयनमा ल्याउने

१४. विद्यालयस्तरको पाठ्यपुस्तकलाई स्तरयुक्त, रङ्गीन र निःशुल्क बनाउने

१५. पाठ्यपुस्तकको छपाई गुणस्तरीय बनाइने

१६. सबै सेट पाठ्यपुस्तक विद्यार्थीको हातमा पुऱ्याउने

१७. विद्यालयमा पाठ्यक्रम, पाठ्यपुस्तक एवम् शिक्षक निर्देशिका राख्ने र प्रयोग गर्ने

१८. प्रत्येक शिक्षकले आफूले अध्यापन गर्ने कक्षा र विषयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाको वार्षिक रूपमा विश्लेषण गर्ने व्यवस्था गरी ती सामग्रीमा भएका कमीकमजोरीहरू, सुधार गर्नुपर्ने विषय, थप गर्नुपर्ने विषय समावेश गरी विस्तृत प्रतिवेदन तयार गर्ने

१७.१ प्रतिवेदन सम्बन्धित स्थानीय तहमा समेत पेस गर्ने

१७.२ स्थानीय तहले समग्र प्रतिवेदन तयार गरी पाठ्यक्रम विकास केन्द्रमा पठाउने व्यवस्था कार्यान्वयन गर्ने

१७.३ प्रतिवेदनबापत शिक्षकले कार्यसम्पादन मूल्याङ्कनमा अङ्क पाउने व्यवस्था गर्ने

१९. आपत्कालीन तथा सङ्कटकालीन सिकाइ व्यवस्थापनका लागि पाठ्यक्रम विकास गर्दा अनिवार्य रूपमा हासिल गर्नैपर्ने सधैंका लागि आवश्यक शैक्षिक सक्षमता, माथिल्लो कक्षाका लागि आवश्यक सक्षमता र पछि हासिल गर्दा पनि हुने सक्षमता समेत खुल्ने गरी निर्माण गर्ने

२०. पाठ्यक्रम ढाँचाका आधारमा शिक्षकलाई पाठ्यक्रममा आधारित भई पाठयोजना बनाउने र प्रयोग गर्न सक्ने बनाउने

**शैक्षिक सामग्री**

विद्यालय शिक्षाको सुधारका लागि गुणस्तरीय सिकाइका लागि शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न सञ्चालन गरिने कार्यहरू निम्नानुसार रहेका छन् :

१. कक्षागत र तहगत रूपमा शैक्षिक सामग्रीको मापदण्ड बनाउने

२. मापदण्डको सूची तयार गर्ने र सोबमोजिम विद्यालयमा व्यवस्थापन गर्ने

३. पाठ्यक्रममा आधारित शैक्षिक सामग्रीको निर्माणमा शिक्षकलाई सहभागी गराउने

४. शैक्षणिक सामग्री शिक्षकबाट निर्माण र प्रयोग गर्ने

५. सामग्री विकास शिक्षक, विद्यार्थी तथा अभिभावकको सहभागितामा गर्ने

६. शैक्षिक सामग्री निर्माण र प्रयोगमा शिक्षकको क्षमता गर्ने

७. बहुभाषिक शैक्षिक सामग्री विकास गर्ने

८. सामग्रीहरूलाई प्रविधियुक्त (डिजिटाइज) बनाइ गरी प्रयोगमा ल्याउने

९. सबै तहमा प्रविधियुक्त (डिजीटल) शैक्षिक सामग्रीको व्यवस्था सुनिश्चित गर्ने

